सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१५ फागुन २०८०, मंगलबार (27 Feb 2024, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३०९ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

उपनिर्वाचन कार्यतालिका

२४ चैतमा उम्मेदवारी

निर्वाचन आयोगले उपनिर्वाचनका लागि २४ चैतमा उम्मेदवारको मनोनयन दर्ता हुने निर्वाचन कार्यतालिका सार्वजनिक गरेको छ। आयोगले रिक्त रहेको इलाम २ र बझाङ प्रदेश सभा '१'मा १५ वैशाखमा उपनिर्वाचन गर्ने गरी आइतबार मिति घोषणा गरेको थियो। कार्यतालिकाअनुसार १६ फागुनदेखि मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गरी २२ चैतमा अन्तिम मतदाता नामावली प्रकाशन गरिने आयोगले जनाएको छ। उपनिर्वाचनमा भाग लिन चाहने दलले २४-३० फागुनसम्म दर्ता गरिसक्नुपर्नेछ। २२ चैतमा मुख्य निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना हुनेछ। २७ चैतमा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी निर्वाचन चिह्न वितरण गरिनेछ। २८ चैतदेखि १२ वैशाखसम्म प्रचारप्रसारको अवधि राखिएको छ।

१४ किलो सुन तस्करीमा मुछिएका जीवन गुरुङको 'कनेक्सन' ६०.७१६ किलो तस्करीका नाइकेसँग

(विस्तृत पृष्ठ ३)

खरिद नियमावली १३औँपटक संशोधन

म्याद सकिएका सबै ठेक्कालाई समय थप

रवि सिंह, अध्यक्ष
निर्माण व्यवसायी महासंघ



सरकारको यो निर्णय स्वागतयोग्य छ। म्याद थप्न बनाइएको मोडलसमेत वैज्ञानिक छ। अब सरकारले काम गर्ने वातावरण पनि बनाउनुपर्छ।

(विस्तृत पृष्ठ ९)

बदलियो बजेट निर्माणको शैली र प्राथमिकता

तीन महिनापूर्व नै विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेर सरकारले बजेट निर्माणको प्रक्रिया बदलेको छ, जलविद्युत्लाई प्राथमिकतामा राखेर आगामी आर्थिक वर्षको बजेट ल्याउने तयारी

पवन तिमिल्सिना/नयाँ पत्रिका

सरकारले बजेट निर्माणको प्रक्रिया र आगामी आर्थिक वर्षको प्राथमिकता बदलेको छ। तीन महिनापूर्व नै विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेर बजेट निर्माणको परम्परा पनि तोडेको छ। आर्थिक वर्ष ०८१/८२ का लागि जलविद्युत् विकासलाई पहिलो प्राथमिकतामा राख्दै सरकारले सोमबार प्रतिनिधिसभामा बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेको छ।

अर्थमन्त्री डा. प्रकाशशरण महतले पेस गरेको बजेटको प्राथमिकतामा आन्तरिक र बाह्य लगानी प्रवर्द्धन गरी जलविद्युत् उत्पादन वृद्धि गरिने उल्लेख छ। 'जलविद्युत्को आन्तरिक खपतमा वृद्धि गरी मुलुकमा हरित अर्थतन्त्रको विकास गर्न जोड दिइनेछ। जलविद्युत्लाई अर्थतन्त्रको महत्त्वपूर्ण मेरुदण्डको रूपमा विकास गरी आन्तरिक आवश्यकता पूर्तिका साथै निर्यातमा जोड दिइनेछ,' मन्त्री महतले भने।

■ नयाँ आयोजना नथप्ने संकेत

जलविद्युत्मा आन्तरिक र बाह्य लगानी प्रवर्द्धन गरी उत्पादन वृद्धि गरिने प्राथमिकतामा उल्लेख छ। 'जलविद्युत्को आन्तरिक खपतमा वृद्धि गरी मुलुकमा हरित अर्थतन्त्रको विकास गर्न जोड दिइनेछ। जलविद्युत्लाई अर्थतन्त्रको महत्त्वपूर्ण मेरुदण्डको रूपमा विकास गरी आन्तरिक आवश्यकता पूर्तिका साथै निर्यातमा जोड दिइनेछ,' आगामी बजेटका प्राथमिकता प्रस्तुत गर्दै अर्थमन्त्री महतले भने। यसबाट सरकारले आगामी आर्थिक वर्षमा बजेटको ठूलो हिस्सा जलविद्युत् क्षेत्रमा खन्याउन खोजेको संकेत दिएको छ। निर्माणाधीन विद्युत् आयोजनाहरू र प्रसारणलाइनको लागत मूल्य

» पृष्ठ ११ मा क्रमशः



देशभित्रै उत्पादन र रोजगारीका अवसर बढाउन निजी क्षेत्रको लगानीलाई सहज वातावरण बनाउने तथा सार्वजनिक खर्चको प्रभावकारिता वृद्धि गर्नेतर्फ बजेट उन्मुख हुनेछ। आन्तरिक मागमा वृद्धि गर्ने गरी सार्वजनिक खर्च परिचालन गरिनेछ। सीमान्तकृत वर्ग र पछाडि परेको क्षेत्रका लागि लक्षित कार्यक्रम सञ्चालन गरी उत्पादन र रोजगारीमा पहुँच पुऱ्याइनेछ। अर्थतन्त्रका बाह्य र आन्तरिक सूचकांकहरूलाई प्रभावित पार्ने वित्त र मौद्रिक नीतिहरूलाई एकैलयमा सबल र सुदृढ बनाई समष्टिगत आर्थिक स्थायित्व कायम गरिनेछ। सरकारको आम्दानी र खर्चबीच सन्तुलन कायम गरी सार्वजनिक वित्तलाई सुदृढ र दबाबमुक्त बनाउनेतर्फ बजेट उन्मुख हुनेछ। आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गरी व्यापार घाटा क्रमशः घटाउँदै लगिनेछ।

■ यस्ता छन् बजेटका सिद्धान्त

- ऊर्जा, कृषि, पर्यटन तथा सूचना प्रविधिलगायत आर्थिक वृद्धिमा उच्च योगदान दिने क्षेत्रका लागि आवश्यक सार्वजनिक पूर्वाधार निर्माण गर्ने
- निजी क्षेत्रको लगानीलाई सहज वातावरण बनाउने तथा सार्वजनिक खर्चको प्रभावकारिता वृद्धि गर्नेतर्फ बजेट उन्मुख हुने
- आन्तरिक मागमा वृद्धि गर्ने गरी सार्वजनिक खर्च परिचालन गरिने सरकारको प्रतिबद्धता
- सीमान्तकृत वर्ग र पछाडि परेको क्षेत्रका लागि लक्षित कार्यक्रम सञ्चालन गरी उत्पादन र रोजगारीमा पहुँच पुऱ्याइने
- पूर्वतयारी भएका आयोजनाको मात्र निर्माण कार्य अघि बढाउने र प्राथमिकता प्राप्त आयोजनामा स्रोतको अभाव हुन नदिने
- वैदेशिक अनुदान तथा सहुलियतपूर्ण ऋणलाई राष्ट्रिय प्राथमिकता र प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गर्ने
- राज्यबाट प्रदान गरिने सबै प्रकारका अनुदान र सुविधाहरूमा दोहोरोपना हटाई क्रमशः लक्षित वर्ग केन्द्रित हुने व्यवस्था मिलाउने
- उत्पादन, उत्पादकत्व र आर्थिक वृद्धिमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका स्थापित गर्ने
- लगानी सम्मेलनमार्फत स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई लगानी बढाउन अनुकूल वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, कानुनी तथा संस्थागत सुधार गर्ने
- सरकारले प्रदान गर्ने सबै प्रकारका अनुदान, आयोजना तथा कार्यक्रममा हुने दोहोरोपना हटाउन प्रदेश र स्थानीय तहसँग आवश्यक समन्वय गरिने
- जलवायु परिवर्तनका सवालहरूलाई क्षेत्रगत नीति र कार्यक्रममा आन्तरिकीकरण गर्ने
- हरित अर्थतन्त्रको विकास र प्रवर्द्धनका लागि नीतिगत, कानुनी र संस्थागत प्रबन्ध गर्ने

■ बजेटका प्राथमिकता

- ग्रिन हाइड्रोजनको विकास र लगानीको सम्भाव्यता अध्ययन गर्ने
- कृषि उपजमा आत्मनिर्भरता हासिल गर्न अन्न, फलफूल, तरकारी, दुध, अन्डा र मासुको उत्पादन, भण्डारण, प्रशोधन र वितरण प्रणालीमा सुधार गर्ने
- पोखरा र भैरहवा विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन देखिएका अड्चनहरूलाई हटाउने
- निजगढ विमानस्थलको लगानी टुंग्याई निर्माण प्रक्रिया अगाडि बढाइने
- देशमा उद्योग स्थापना र सञ्चालनमा वित्तीय पहुँच सहज बनाउने
- क्रिकेटलाई बजेटमै प्राथमिकतामा राखेर लगानी बढाउने
- सहकारी क्षेत्रको नियमन गर्न आवश्यक कानुनी र संस्थागत व्यवस्था गर्ने तथा लघुवित्त र सहकारीमा बचतकर्ताको लगानी सुरक्षाको व्यवस्था मिलाउने
- विदेशस्थित नेपाली नियोगहरूलाई वैदेशिक लगानी वृद्धि, पर्यटन तथा व्यापार प्रवर्द्धनमा परिचालन गरिने

परम्परा तोडियो, तीन महिनाअगावै सार्वजनिक

सरकारले गत वर्षमा नियमित रूपमा संसद्मा पेस गर्ने समयभन्दा तीन महिनाअगावै बजेटको सिद्धान्त तथा प्राथमिकता सार्वजनिक गरेको हो। चालू आर्थिक वर्षको नीति तथा कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिने क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आगामी वर्षदेखि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता एवं बजेट तथा कार्यक्रमबारे छलफल गर्न सदनलाई यथेष्ट समय उपलब्ध गराउने प्रतिबद्धता जनाएका थिए।

आगामी आर्थिक वर्षको बजेटमा सदनको अपनत्व सुनिश्चित गर्न बजेटको कार्यतालिकामा परिवर्तन गर्ने चालू आर्थिक वर्षको बजेटमा उल्लेख गरिएको थियो। तीन महिनाअगावै बजेटको सिद्धान्त तथा प्राथमिकता सार्वजनिक हुँदा सदन र सरोकारवालाबीच आउने बजेटको विषयमा छलफल गर्न पर्याप्त समय रहने पूर्वसचिव गोपीनाथ मैनालीले बताए। 'यसबाट वेलैमा आगामी बजेटको विषयमा छलफल गर्ने समय पर्याप्त हुने भयो। नत्र हतारमा बजेट ल्याएर पछि कार्यान्वयनमै समस्या आउने र संसद्को अपनत्व नरहने जोखिम थियो,' उनले भने।



गोपीनाथ मैनाली

२१ फागुनदेखि बजेटका सिद्धान्त र प्राथमिकतामाथि छलफल

आर्थिक वर्ष ०८१/८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि २१ फागुनदेखि छलफल हुने भएको छ। सभामुख देवराज घिमिरेले ०८१/८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) छलफल २१, २२, २३, ३० फागुन तथा १, २ र ४ चैतको मिति तोकेका छन्। छलफलमा दलीय प्रतिनिधित्वका आधारमा भाग लिन सम्बन्धित संसदीय दलका पदाधिकारीहरूले आ-आफ्ना दलका वक्ता सदस्यहरूको नाम बैठक बस्नु एक घन्टाअघि नै संसद् सचिवालयमा टिपाउन सोमबारको बैठकमा सूचित गरेका छन्।



देवराज घिमिरे

दुग्ध किसानको बक्यौता तुरुन्तै भुक्तानी गराउन प्रधानमन्त्रीको निर्देशन

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले दुग्ध विकास संस्थानले दुध खरिद गरेबापत किसानलाई दिनुपर्ने भुक्तानी तुरुन्त दिलाउन निर्देशन दिएका छन्। अर्थमन्त्री डा. प्रकाशशरण महत, कृषिमन्त्री डा. बेदुराम भुसाल र मुख्यसचिव डा. वैकुण्ठ अर्याललाई सिंहदरबारस्थित कार्यालयमा बोलाएर उनले किसानको दुधको बक्यौता तुरुन्तै भुक्तानी गराउन निर्देशन दिएका हुन्।



किसानले महिनौँसम्म दुधको भुक्तानी नपाउनुको कारण के हो ? यसलाई गम्भीरतापूर्वक लिनुस्। निजी क्षेत्रबाट किसानलाई भुक्तानी दिनुपर्ने रकमका लागि तत्काल सहजीकरण गर्नुस्।

प्रधानमन्त्रीले निजी क्षेत्रबाट किसानले पाउनुपर्ने भुक्तानीसमेत तुरुन्त असुली गर्न र भुक्तानी नदिए कारबाहीको प्रक्रिया अगाडि बढाउनसमेत निर्देशन दिएका छन्।

'दुग्ध किसानले महिनौँसम्म भुक्तानी नपाएको विषयमा प्रधानमन्त्रीले गम्भीर चासो राख्नुभयो, किसानको समस्याप्रति गम्भीर हुन कृषिमन्त्रीलाई निर्देशन दिनुभएको छ,' मुख्यमन्त्री अर्यालले भने।

प्रधानमन्त्री प्रचण्डले निजी क्षेत्रबाट किसानलाई भुक्तानी दिनुपर्ने रकमका लागि तत्काल सहजीकरण गर्न निर्देशन दिएको उनको सचिवालयले जनाएको

» पृष्ठ ११ मा क्रमशः

संसद्कै सुरक्षामा गम्भीर कमजोरी

प्रहरीघेरा तोडेर संसद्परिसर छिरे लघुवित्तपीडित, घटनाको अध्ययन गर्न छानबिन समिति



निषेधित क्षेत्रमा पर्ने अतिसंवेदनशील नयाँ बानेश्वरस्थित संसद्परिसरभित्रै लघुवित्त तथा वित्तीय संस्थापीडितहरूको प्रवेश। ऋणको सावाँब्याज मिनाहाको माग गर्दै राजधानीकेन्द्रित आन्दोलनमा रहेका उनीहरू सोमबार दिउँसो २ बजेतिर अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको दुई नम्बर गेटस्थित प्रहरीको सुरक्षाघेरा तोडेर प्रवेश गरेका हुन्। सुरक्षा निकायले उपलब्ध गराएको विवरणअनुसार ४८ महिला र एक पुरुष अनधिकृत रूपमा प्रवेश गरेको संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले बताए।

कहाँ चुक्यो प्रहरी ?

कमलराज भट्ट/नयाँ पत्रिका
तस्बिर : **अमुल थापा**

विभिन्न जिल्लाबाट आएका लघुवित्त तथा सहकारीपीडितहरू संगठित भएर एक सातायता उपत्यकामा आन्दोलन गर्दै आएका छन्। उनीहरूको बसाइ भने गौशालानजिकैको सिफल चौरमा छ, जहाँ सादा पोसाकमा प्रहरीहरू निगरानीमा खटाइएका छन्।

आन्दोलनकारीहरू सोमबार दिउँसो छरिएर एक्लाएक्लै विभिन्न क्षेत्रमा लागे। कोही पशुपति घुम्न त कोही सहर घुम्न। फिल्डमा खटिएका प्रहरीले माथिल्लो निकायलाई जानकारी गरायो- आन्दोलनकारीहरू घुम्न निस्किएका छन्, आज बाहिर आन्दोलन छैन। तर, त्यो प्रहरीलाई झुक्याउने उनीहरूको रणनीति थियो, जसमा उनीहरू सफल भए।

एक्लाएक्लै बानेश्वरको पानीट्यांकी क्षेत्रमा उनीहरू जम्मा भए। संसद् भवनछेउमा जम्मा हुने र गेटभित्र प्रवेश गर्ने योजना थियो। सोही योजनाअनुसार शान्तिपूर्वक गेटसम्म पुगेका उनीहरू गेटमा रहेका प्रहरीलाई धकेलेर भित्र छिरेका हुन्। प्रहरीको सूचना संयन्त्र भुत्ते हुँदा गम्भीर सुरक्षा चुक हुन पुगेको उपत्यका प्रहरी कार्यालयका एक अधिकारी बताउँछन्। जब कि सो क्षेत्रमा राष्ट्रिय अनुसन्धान विभाग, नेपाली सेना तथा प्रहरीबाट सादा पोसाकमा समेत

» पृष्ठ ११ मा क्रमशः



अस्ताए भजनशिरोमणि


जिब्रो गुमाउँदा पनि गुन्जिरहे, जीवन गुमाए पनि गुन्जिरहनेछन्

पवन बराइली/नयाँ पत्रिका

जिब्रो गुमाए पनि नेपाली संगीत दुनियाँमा गुन्जिरहे। अब त जीवन नै गुम्यो र पनि नेपाली संगीत रहेसम्म सम्मानसाथ गुन्जिरहनेछन्। ०३० देखि ०४५ सम्म केवल १५ वर्षको अवधिमा गाएका अजर गीत/भजनले नै भजनशिरोमणि भक्तराज आचार्यलाई गीत-संगीतमा अमर बनाए, बनाइरहनेछन्।

०४९ मा जिब्रोमा देखिएको खटिरा एक वर्षपछि क्यान्सर पुष्टि भयो। उपचारका क्रममा जिब्रो नै काट्नुपऱ्यो। त्यसपछि गाउन नसकेका उनले तीन दशकपछि सोमबार ८२ वर्षको उमेरमा संसार छाडेका छन्। स्वास्थ्यमा जटिलता देखिएपछि सोमबार दिउँसो ललितपुरको मेडिसिटी अस्पताल लैजाँदै गर्दा बाटैमा उनको निधन भएको हो। आचार्यको शवलाई अन्तिम श्रद्धाञ्जलीका लागि मंगलबार ११ बजे नेपाल संगीत तथा नाट्य प्रतिष्ठानमा राखिने संगीतकार वसन्त सापकोटाले जानकारी दिए। त्यहाँबाट शवयात्रा गरेर पशुपति आर्यघाटमा अन्त्येष्टि गरिने कार्यक्रम छ।

आचार्यको 'जीवन भनुँ त घात छ', 'मुटु जलिरहेछ', यो मन गलिरहेछ', 'जति चोट दिन्छौ देऊ मायालु',



'सबै बेहोसी नसा पिएर', 'हजार आँखा हेर्ने मेरी मायालुलाई', 'भुल्ने सकिनँ त्यो क्षण मिलनको', 'आँसुजस्तो हो जीवन', 'हजार सपनाहरूको माया लागेर आउँछ'लगायत गीतहरू कालजयी छन्।

नेपाली सुगम संगीतको चर्चा हुन्जेलसम्म भक्तराज आचार्यविनाको इतिहास पूरा नहुने गीतकार दिनेश अधिकारी बताउँछन्। 'भक्तराज दाइ नेपाली सुगम संगीतको गौरवपूर्ण धरोहर हो। उहाँ नरहे पनि उहाँका सांगीतिक सिर्जना नेपाली संगीत रहेसम्म बाँचिरहन्छन्। उहाँका पालामा थुप्रै प्रतिस्पर्धी थिए। एकदमै राम्रा गायक/गायिका थिए। तर, आफूलाई अलग ढंगबाट परिचित बनाउन सक्ने क्षमता भएका कारण उहाँ भक्तराज आचार्य बन्नुभयो। त्यसैले नेपाली सुगम संगीतको चर्चा हुन्जेलसम्म भक्तराज आचार्यविनाको इतिहास हुँदैन,' उनले भने।

क्यान्सरले जिब्रो काट्नुपरेपछि आचार्यले गीत गाउन नसकेको अधिकारीले बताए। 'त्यो दुर्घटनापछि उहाँको गायन-यात्रा करिबकरिब सकियो। एउटा गायकको जिब्रो काटिनु, त्योभन्दा ठूलो विडम्बना अरू केही हुन सक्दैन,' उनी सम्झिन्छन्, 'त्यो दुर्घटनापछि उहाँको घरमा भेट्न जान्थौं। तर, अमिलो

» पृष्ठ ११ मा क्रमशः

■ बालकुमारी घटना

प्रतिवेदन अध्ययन गर्ने जिम्मा दुई मन्त्रीलाई

नयाँ पत्रिका

दुई महिनाअघि ललितपुरको बालकुमारीमा प्रहरीको गोलीबाट दुई युवकको मृत्यु भएको घटनाको छानबिन प्रतिवेदनमाथि अध्ययन गरेर कार्यान्वयनको सिफारिस गर्न सरकारले दुई मन्त्रीलाई जिम्मेवारी दिएको छ। सोमबार मन्त्रिपरिषद्को बैठकले ऊर्जामन्त्री शक्ति बस्नेत र कानुनमन्त्री धनराज गुरुङलाई प्रतिवेदन अध्ययन गरी सुझाव कार्यान्वयनका लागि सिफारिस गर्न जिम्मेवारी दिइएको हो। २० फागुनभित्र प्रतिवेदन अध्ययन गरी सिफारिस गर्न दुई मन्त्रीलाई जिम्मेवारी दिने निर्णय भएको सञ्चारमन्त्री रेखा शर्माले बताइन्।

पूर्वन्यायाधीश शेखर पौडेल नेतृत्वको छानबिन आयोगले दिएको प्रतिवेदन मन्त्रिपरिषद्बाट थप अध्ययन हुन लागेको हो।

» पृष्ठ ११ मा क्रमशः



■ पूर्वन्यायाधीश शेखर पौडेल नेतृत्वको छानबिन आयोगले दिएको प्रतिवेदन २० फागुनभित्र अध्ययन गरी कार्यान्वयनका लागि सिफारिस गर्न सोमबार मन्त्रिपरिषद्को बैठकले ऊर्जामन्त्री शक्ति बस्नेत र कानुनमन्त्री धनराज गुरुङलाई जिम्मेवारी दिएको छ

गन्तव्य बचत तथा ऋण सहकारी संस्था लि., ताल्छिखेल ललितपुरका ऋणी किरण खडका तथा व्यक्तिगत जमानतकर्ताहरुलाई सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/११/१५

यस संस्थाको तपसीलका ऋणीले यस संस्थाबाट लिएको ऋणको संस्थासँग गरेको सम्झौता बमोजिम संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई बाँकी राखेकाले संस्थाबाट बारम्बार मौखिक तथा लिखित तरताकेता गर्दा समेत नबुझाई कर्जा सम्बन्धि शर्त बन्देजहरु उल्लङ्घन गरेको हु'दा सम्पूर्ण बाँकी कर्जा चुक्ता भुक्तान गर्न यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएका मितिले ३५ (पैंतीस) दिन भित्र संस्थामा सम्पर्क राखी सम्झौता बमोजिम संस्थालाई तिर्न बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्न गराउन हुन ऋणी तथा जमानी दिनु हुने लगायत सबै सम्बद्ध व्यक्तिहरुलाई सूचित गरिन्छ। यस सूचना समेतको वेवास्ता गरी उल्लेखित समयावधि भित्र सम्पूर्ण बाँकी कर्जा लगायत सहकारी संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर चुक्ता भुक्तान नगरेमा कर्जाको सुरक्षणको लागि संस्थामा धितो रहेको चल/अचल सम्पत्ति सहकारी ऐन तथा सहकारी नियमावलिको प्रचलित ऐन कानून बमोजिम संस्थाले आफ्नो कब्जामा लिई वा नलिई लिलाम बिक्री गरि वा नेगोशेसन लगायत अन्य जुनसुकै तरिकाबाट बिक्री गरी संस्थाको लेना बाँकी सम्पूर्ण रकम असुल उपर गरिने छ र सो लिलाम बिक्रीबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी, जमानी दिनेको घर घरानाको अन्य चल/अचल सम्पत्तिबाट कानून बमोजिम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्नुपर्ने ऋणी, जमानतकर्ताहरु तथा अन्य सम्बद्ध सबै पक्षलाई कालो सूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं।

तपशिल

क्र.सं.	ऋणीको नाम, थर र ठेगाना	फोटो	धितो सुरक्षणको विवरण
१	**नाम : श्री किरण खड्का** बुबाको नाम : इन्द्र बहादुर खडका बाजेको नाम : राम बहादुर खडका श्रीमतीको नाम : मुना विष्ट स्थायी ठेगाना : ललितपुर जिल्ला गोदामचौर वडा नं. ८ हालको ठेगाना : गोदावरी नगर पालिका/वडा नं.१ ल पु ना प्र प नं. ६४३०९ जारी मितिः २०५०।०८।२५ ल पु		गोदामचौर ८ ग कि नं. २८१ क्षेत्रफल ०-३-३-१
	व्यक्तिगत जमानतकर्ताहरु:		
	१. नाम : सुनिल महर्जन बुबाको नाम : कृष्ण महर्जन बाजेको नाम : श्री शिलाल महर्जन स्थायीठेगाना : ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ३ हालको ठेगाना : ऐ जिल्ला ऐ म.न.पा. वडा नं.३ बस्ने वर्ष ३८ ना प्र प नं.: १३१०३ जारी मितिः २०५९।०७।०५ ललितपुर		**२. नाम : मुना विष्ट** बाबुको नाम : सुकदेव विष्ट श्रीमानको नाम : किरण खड्का स्थायी ठेगाना : ललितपुर जिल्ला विशंखु गा.वि.स. वडा नं.२ हालको ठेगाना : ऐ जिल्ला गोदावरी न.पा. वडा नं.१ बस्ने वर्ष ३६ ना प्र प नं. : २८३०२८ जारी मितिः २०६३।११।०१ ललितपुर 

गन्तव्य बचत तथा ऋण सहकारी संस्था लि.
ताल्छिखेल, ललितपुर, फोन ०१-५१५२०४६

कुमारी बैंक लिमिटेड शाखा कार्यालय बागबजार, काठमाण्डौमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/११/१५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन. सी.सी. बैंक लि.) शाखा कार्यालय बागबजार, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० फागुन ३० गते बुधबार**का दिन शाखा कार्यालय बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरण	धितो सुरक्षणको विवरण
उद्योग, वाणिज्य तथा आपूर्ती मंत्रालय मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय विभाग/कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौमा कम्पनी ऐन अन्तर्गत मिति २०६४/०६/१६ मा प्रा.लि.नं./प्रा.फा.नं./सा.फा.नं. ४८५३२/०६४/०६५ दर्ता कायम भई करदता सेवा कार्यालय काठमाण्डौबाट मिति २०६४/०७/१५ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं.३०२७४७८८७ को प्रमाणपत्र प्राप्त काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १ स्थित रजिष्टर्ड कार्यालय रहेको **रोविन एक्सपोर्ट ईम्पोर्ट मार्केटिङ प्रा.लि.** **सञ्चालक - खगेन्द्र सिटौला**	१. **खगेन्द्र सिटौला**को नाममा मालपोत कार्यालय सुनसरी मोरङमा दर्ता कायम रहेको दर्ता कायम रहेको मोरङ जिल्ला तिनकिस्तेवारी गा.पा/न.पा. वडा नं. २/क स्थित कित्ता नं. १७३१, १७३०, १७२६ र १७१८, को क्षेत्रफल क्रमश ०-३-८.५, ०-०-१८, ०-०-२ र ०-०-१.५ (बि.क.धु.क) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
व्यक्तिगत जमानीकर्ताहरुको विवरण	
१. **खगेन्द्र सिटौला** ना.प्र.नं.- १६५४/२३८५ जारी मिति - २०३७/०१/३१, जि.प्र.का. काठमाण्डौ बाबु - धर्मानन्द सिटौला बाजे - बेदाचार सिटौला पत्नी - ईन्दिरा सूवेदी सिटौला स्थायी ठेगाना- मोरङ जिल्ला विराटनगर म.न.पा/उप.न.पा. वडा नं. १५ हालको ठेगाना- काठमाण्डौ जिल्ला का.म.न.पा. वडा न. १	२. **ईन्दिरा सुवेदी सिटौला** ना.प्र.नं.- २३८४/२१४०/२३७४ जारी मिति - २०४४/१२/२०, जि.प्र.का.काठमाण्डौ बाबु - प्रेम प्रसाद सूवेदी बाजे - मोहन प्रसाद सूवेदी पति - खगेन्द्र सिटौला स्थायी ठेगाना- मोरङ जिल्ला बेलबारी वडा नं. ३ हालको ठेगाना- काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० फागुन २९ गते** भित्र बैंकको शाखा कार्यालय बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० फागुन ३० गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० फागुन ३० गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय बागबजार, काठमाण्डौं फोन नं. ०१-४२४६९९१

Global IME Bank Limited

Invitation for Bids for Supply of Web Application Firewall (WAF) to Global IME Bank Limited

Date of Publication : 27 February, 2024

Global IME Bank Limited invites sealed bids from eligible bidders for the **Supply of Web Application Firewall (WAF)**.

1. **Eligibility Criteria for the Bidders**
   a. The Bidder must be a firm/company/organization registered under applicable Act in Nepal.
   b. The Bidder must be registered in Inland Revenue Department office and have deposited the income tax of 3 years.
   c. Bidder should have at least 3 Application security specialist certified technical resources for the deployment and support of the product.
   d. The bidder should be an authorized partner of proposed WAF.
   e. Bidder should have deployed the product at least in one commercial bank in Nepal for the proposed solution.
   f. Bidder should provide implementation scope of work plan along with post implementation SLA support plan.
   g. The bidder shall support to configure, implement the WAF in bank environment and also perform testing on the WAF instance after successful configuration and deployment. They must provide a User Acceptance Test documentation on the WAF's security, performance, functionality.
2. A complete set of Bidding Documents can be purchased from Global IME Bank Limited, General Service Department, Kamaladi Kathmandu by eligible Bidders upon payment of a non-refundable fee of NPR 10,000.00 [NPR Ten Thousand Only] till 10 March, 2024 within office hour. Cash should be deposited in Account No.: 003700524005 (Other Income-Misc.)
3. Sealed bids must be submitted to Global IME Bank Limited, General Service Department, Kamaladi Kathmandu by hand/courier on or before 4:30 P.M on 12 March, 2024. Bids received after this deadline will not be accepted.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 13 March, 2024 at Global IME Bank Limited, Corporate office.
5. Bids must be valid for a period of 90 Days from the date of bid opening and must be accompanied by a bid bond or cash deposit voucher amounting to a minimum of 5% of the Bid amount.
6. If the last date of purchasing and /or submission falls on a public holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Eligible Bidders may obtain further information from Global IME Bank Limited, General Service Department, Kamaladi, Kathmandu.
8. The Bank reserves the right to reject any or all bids without assigning any reasons whatsoever.

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

Registered/Corporate Office
Tel: 01-4228671/4226247
Global Connect: 01-5970600
[ICRANP-IR] A Rated

नबिल बैंक लिमिटेड, अनामनगर शाखा, काठमाडौंको, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/११/१५)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१ **ऋणीको नाम र ठेगानाको विवरण**

चन्द्र बहादुर क्षेत्रीकी छोरी, सुक बहादुर बरामकी बुहारी, विर बहादुर बरामकी श्रीमती, बारा जिल्ला जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ९ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२ बस्ने, ना.प्र.नं. १५६४२/७४२ (जारी मितिः २०६१/११/०६, स्थान बारा) ठेगाना भएकी **श्रीमती जोती बराम (क्षेत्री)।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. मसिना बहादुर बरामको नाति, सुक बहादुर बरामको छोरा, गोर्खा जिल्ला पन्दङ्ग गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२ बस्ने, ना.प्र.नं. ३६८०५ (जारी मितिः २०४९/०१/०५, स्थान गोर्खा) भएको **विर बहादुर बराम।**
२. मसिना बहादुर बरामको नाति, सुक बहादुर बरामको छोरा, गोर्खा जिल्ला पन्दङ्ग गा.वि.स. वडा नं. २ बस्ने, ना.प्र.नं. ८२५७९ (जारी मितिः २०५८/०९/०५, स्थान गोरखा) भएको **टेक बहादुर बराम।**
३. बम बहादुर खड्काको नाति, कृष्ण बहादुर खड्का क्षेत्रीको छोरा, धनुषा जिल्ला वेगदावर गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२ बस्ने, ना.प्र.नं. १७१०९७/२२२ (जारी मितिः २०६६/०३/१४, स्थान धनुषा) भएको **राजेश खड्का।**

२ **ऋणीको नाम र ठेगानाको विवरण**

सुके लामाकी नातिनी, जगत बहादुर लामाकी छोरी, मकवानपुर जिल्ला हेटौडा न.पा. वडा नं. ०२ स्थायी घर भई हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. २४ बस्ने, ना.प्र.नं. १७७४ (जारी मितिः २०५९/०१/१४, स्थान बारा) ठेगाना भएकी **श्रीमती रमा कुमारी लामा।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. सुके लामाको नाति, जगत बहादुर लामाको छोरा, मकवानपुर जिल्ला दामन गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. २४ बस्ने, ना.प्र.नं. ४०/०९४ जारी मितिः २०५२/१०/१९, स्थान मकवानपुर) भएको **राजु लामा।**
२. पारी कान्छा कार्कीकी छोरी, सुके लामाकी बुहारी, जगत बहादुर लामाकी श्रीमती, मकवानपुर जिल्ला दामन गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. २४ बस्ने, ना.प्र.नं. ३१८८ (जारी मितिः २०४२/११/०५, स्थान मकवानपुर) ठेगाना भएकी **श्रीमती मैया लामा।**

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

ललितानिवासको जग्गा खाली गर्ने महानगरको सूचना तत्काल कार्यान्वयन नगर्न आदेश



काठमाडौं/ बालुवाटारस्थित ललितानिवासको जग्गा खाली गर्न काठमाडौं महानगरले जारी गरेको सूचना तत्काल कार्यान्वयन नगर्न उच्च अदालत पाटनले अन्तरिम आदेश दिएको छ। महानगरको सूचनाविरुद्ध परेका रिटमाथि सुनवाइ गर्दै आइतबार र सोमबार आदेश जारी भएको हो।

विशेष अदालतले सरकारी जग्गा व्यक्तिका नाममा कायम भएको ठहरसहित ३ फागुनमा जग्गा जफतको फैसला सुनाएको थियो। यसपछि काठमाडौं महानगरपालिका-४ मा पर्ने उक्त जग्गा खाली गर्न महानगरले ९ फागुनमा सूचना निकालेको थियो। यही सूचनाविरुद्ध उच्चमा आधा दर्जन रिट परेका थिए। आइतबार पाटनका न्यायाधीश प्रकाश खरेलले महानगर विपक्षी रहेको चारवटा रिटमा अन्तरिम आदेश जारी हुने निर्णय सुनाएको थियो। १० फागुनमा निषेधाज्ञाको आदेश माग्दै दर्ता भएका ती चारवटै रिटमाथि कारण देखाऊ आदेशसमेत जारी भएको अदालतले जनाएको छ। सानुछोरी बज्राचार्यसमेत ४, सरिता मानन्धर श्रेष्ठसमेत ३, रेणुका बज्राचार्यसमेत चार र नूतन श्रेष्ठसमेत तीनले रिट दर्ता गराएका थिए। यसैगरी, सोमबार न्यायाधीश पुरुषोत्तमप्रसाद ढकालको इजलासले पनि महानगरको सूचनाविरुद्ध अन्तरिम र कारण देखाऊ आदेश जारी गरेको छ। गैरआवासीय नेपाली संघका तर्फबाट १३ फागुनमा दायर रिटमाथि यस्तो अदेश भएको हो। यद्यपि, दुवै आदेशको लिखितप्रति भने सार्वजनिक भइसकेको छैन।

जारी सूचनामा महानगरले स्थानीय तहको सम्पत्ति संरक्षणसम्बन्धी व्यवस्था रहेकाले सात दिनभित्र खाली गर्न भनेको थियो। तोकिएको समयभित्र नहटेमा कानुनबमोजिम हटाउने भनी चेतावनीसमेत दिइएको थियो।

■ फैसलाको पूर्णपाठ नआउँदै महानगरले जारी गरेको थियो सूचना

यसअघि विशेष अदालतबाट ललितानिवास जग्गासम्बन्धी फैसलाको पूर्णपाठ नआउँदै काठमाडौं महानगरपालिकाले जग्गा खाली गर्न सूचना जारी गरेकोमा कानुनविद्ले कानुनसम्मत भएको बताएका थिए। विशेषले गत ३ फागुनमा ललितानिवाससम्बन्धी मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त, पूर्वसचिवहरूसहित ६० जनालाई दोषी ठहर गर्दै फैसला सुनाएको थियो। फैसलाको पूर्णपाठ नआउँदै महानगरले ९ फागुनमा सार्वजनिक सूचना जारी गर्दै ललितानिवास क्षेत्रमा रहेका व्यक्तिदेखि संघ-संस्थासम्मलाई साता दिनभित्र खाली गर्न भनेको थियो। विशेषबाट यो फैसलाको पूर्णपाठ आएपछि प्रतिवादीले सर्वोच्च अदालतमा पुनरावेदन दिन सक्छन्। तर, त्यो बाटो खुला नहुँदै र पूर्णपाठ नआउँदै महानगरले जबर्जस्ती जग्गा खाली गराउन खोज्नु कानुन र अदालतको आदेशविपरीत रहेको कानुनविद्को भनाइ थियो। पूर्वन्यायाधीश बलराम केसीले महानगरपालिकाले अहिले नै सूचना जारी गर्नु जायज नभएको बताएका थिए। 'महानगरको सूचना अलि हतारमा भयो, कम्तीमा पूर्णपाठ, अपिलको प्रक्रियासम्म पर्खिनुपर्थ्यो,' उनले भने, 'ज-जसलाई सजाय भएको छ, उनीहरूले कानुनअनुसार पनि म्याद पाउँछन्, तर केन्द्र सरकारकै अंग स्थानीय सरकारले हतारमा सूचना जारी गर्नु जायज होइन।'

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले जग्गाको केन्द्र सरकार मुख्य हकदार रहेको जग्गा संरक्षण गर्छु भनेर महानगरले सूचना जारी गर्नु कानुनसम्मत नभएको बताए।

वीर अस्पतालमा विनाप्रतिस्पर्धा औषधि खरिद

काठमाडौं/ वीर अस्पतालले फार्मेसीका लागि आवश्यक औषधि खरिदविना प्रतिस्पर्धा गरेको पाइएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोमबार गरेको अनुगमनका क्रममा त्यस्तो पाइएको मन्त्रालयका वरिष्ठ जनस्वास्थ्य अधिकृत रविकान्त मिश्रले जानकारी दिए।

अस्पताल प्रशासनले भने तीनवटा फार्मेसीका लागि औषधि प्रक्रिया पूरा गरेरै खरिद गरेको दाबी गरे पनि अनुगमनका क्रममा भने ०७८ देखि पुरानै सम्झौताअनुसार खरिद भइरहेको पाइएको उनको भनाइ छ। अनुगमन टोली सदस्यसमेत रहेका वरिष्ठ जनस्वास्थ्य अधिकृत मिश्रले भने, '०७८ देखि हालसम्म बोलपत्र आह्वान नगरी औषधि खरिद गरिरहेको अनुगमनका क्रममा देखिएको छ।' उनले अनुगमनका क्रममा अत्यावश्यक औषधि फार्मेसीमा नभएको, अनावश्यक औषधि स्टोरमा राखेको, म्याद सकिएको औषधि फिर्ता नगरी धेरै मात्रामा राखेको, फार्मेसीको स्टोरमा पालना गर्नुपर्ने न्यूनतम मापदण्ड पनि पालना नगरेको पाइएको जानकारी दिए।

वीर अस्पतालका निर्देशक सन्तोष पौडेलले फार्मेसीको नेतृत्व यसबीच तीनपटक परिवर्तन भएकाले बोलपत्र आह्वानमा समस्या देखिएको बताए। उनले केही औषधि खरिदका लागि भने बोलपत्र आह्वान भइसकेको जानकारी दिए। 'बिमाबाट आउनुपर्ने रकम ६ महिनासम्म पनि नआउँदा आपूर्तिमा समस्या भएको हो। अन्यत्रबाट सोझै खरिद गरी ल्याउन सकिन्न,' उनले भने, 'आपूर्तिकर्तासँग अत्यावश्यक औषधि खरिदका लागि पटक-पटक छलफल गर्दा पनि भुक्तानी नभएकाले आपूर्ति रोकिएको छ।' निर्देशक पौडेलले प्राविधिक जनशक्ति अभावले अस्पतालद्वारा सञ्चालित तीनवटा फार्मेसी चौबिस घण्टा सञ्चालन गर्न नसकिएको पनि बताए। उनले एउटा काउन्टरलाई २४ घण्टा सञ्चालन गरे पनि दुईवटा काउन्टर भने बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म मात्र सञ्चालन भइरहेको जानकारी दिए। रासस

वी.पी. स्मृति सामुदायिक सहकारी अस्पताल लि., बसुन्धरा, काठमाण्डौ

सोह्रौं बार्षिक साधारण सभा सम्बन्धी जरूरी सूचना

यस संस्थाको सोह्रौं वार्षिक साधारण सभा २०८० फागुन १९ गते शनिवार हुने तय भएकोमा विशेष कारणवश उक्त साधारण सभा आगामी चैत १७ गते शनिवार सन्चालन हुने भनि यस संस्थाको सन्चालक समितिको २०८० फागुन १२ गते बसेको बैठकले निर्णय गरेकोले सम्पूर्ण शेयर सदस्यहरुमा जानकारी गराउदै सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ।

स्थान : होटेल अमुप्रस्था, गल्फुटार, हेपाली हाईट
सम्पर्क नं : ९८५११९५१७३ (सभास्थल), ९८५१०३१४४३, ०१४९७००५१/५२ (अस्पताल)
समय : विहान ८:३० वजे देखि।

सभामा पेश हुने विषयहरु :

- आ.व. ०७९/०८० को वार्षिक प्रतिवेदन, लेखा सुपरिवेक्षण समिति र लेखा परीक्षकको प्रतिवेदन।
- आ.व. ०८०/०८१ को बजेट सहित कार्यक्रम तथा लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक।
- विनियमावली संशोधन।

प्रा.डा. मोदनाथ मरहट्ठा, महासचिव
डा. सुधारप्रसाद अधिकारी, अध्यक्ष

चैत ३ मा समाजवादी मोर्चाको अन्तर्क्रिया

काठमाडौं/ समाजवादी मोर्चाले ३ चैतमा काठमाडौंमा बृहत् अन्तर्क्रिया गर्ने निर्णय गरेको छ। बुद्धनगरमा सोमबार बसेको चार दलीय मोर्चाको सचिवालय बैठकले अन्तर्क्रियाको मिति तय गरेको हो।

चारवटै दलका शीर्ष नेताको उपस्थितिमा अन्तर्क्रिया गर्ने निर्णय भएको माओवादीका महासचिवसमेत रहेका मोर्चाका सचिवालय सदस्य देव गुरुङले जानकारी दिए। अन्तर्क्रियामा नेपाली विशेषताको समाजवादबारे मोर्चाका शीर्ष नेता र विषयविज्ञबीच विचार-विमर्श हुनेछ। 'शीर्ष नेताहरूको उपस्थितिमा अन्तर्क्रिया गर्ने निर्णय भएको छ' उनले भने, 'अन्तर्क्रियामा बौद्धिक वर्ग, नागरिक समाजलगायत सबै पक्षलाई बोलाउने निर्णय भएको छ।'

एकीकृत समाजवादीका प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले 'नेपाली विशेषताको समाजवाद' विषयमा अन्तर्क्रिया हुने जानकारी दिए। उनले भने 'वामपन्थी शक्तिहरू एक हुनुपर्छ भन्ने हाम्रो मूल नीति नै हो। मोर्चालाई बृहत बनाउने विषयमा गम्भीर ढंगले सोचिरहेका छौं।'

यसअघि गत शनिबार प्रधानमन्त्रीनिवास बालुवाटारमा संयोजक नेत्रविक्रम चन्दको अध्यक्षतामा बसेको मोर्चाको बैठकले अन्तर्क्रिया गर्ने निर्णय गरेको थियो। वामपन्थी शक्तिहरूलाई मोर्चामा आबद्ध गराउन आग्रह गर्ने, देशव्यापी भित्तेलेखन, ब्यानरलगायत प्रचार गर्ने, मुखपत्र प्रकाशित गर्नेलगायतका निर्णय भएको थियो। प्रदेशमा पनि अन्तर्क्रिया गर्ने तयारी छ। तर, मिति भय भइसकेको छैन। सचिवालयमा गुरुङसहित, एकीकृत समाजवादीका उपाध्यक्ष प्रमेश हमाल, जसपाका वरिष्ठ नेता राजेन्द्र श्रेष्ठ र नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा सदस्य छन्।

मोर्चाका संयोजक एवं नेकपा महासचिव नेत्रविक्रम चन्द विप्लवले निर्णय कार्यान्वयनमा लाग्न पार्टी पंक्तिलाई निर्देशन दिएका छन्। काठमाडौंमा उपलब्ध केन्द्रीय सदस्यहरूको छलफलमा विप्लवले मोर्चाको कार्यक्रममा इमान्दारितापूर्वक लाग्न निर्देशन दिएका हुन्। उनले मोर्चामा भएका पछिल्ला निर्णयबारे जानकारी गराउँदै कार्यान्वयनमा जोड दिएका हुन्। समाजवादी मोर्चालाई कमजोर पार्न चलखेल भइरहेको भन्दै उनले सचेत रहनुपर्ने आवश्यकता औंल्याए। अन्य वामपन्थी शक्तिलाई मोर्चामा सहभागी गराउन प्रयत्न भइरहेको पनि उनले बताए।

नेपाली विशेषताको समाजवाद निर्माण गर्ने मोर्चाको लक्ष्य छ। विद्यमान राष्ट्रिय राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक समस्या र चुनौतीको सामना गर्दै देशलाई अग्रगामी निकास दिन समाजवादी शक्तिहरूलाई एकताबद्ध बनाउने उद्देश्य मोर्चाको छ। संविधानको रक्षा, कार्यान्वयन, समयसापेक्ष संशोधन, परिमार्जन, शान्ति प्रक्रियाका बाँकी कामको पूर्णता, संघीय शासन प्रणालीमा आधारित समतामूलक, न्यायपूर्ण, विभेदरहित समाजवादी गणतन्त्रात्मक व्यवस्था स्थापना गर्न साझा मुद्दा, लक्ष्य र उद्देश्य प्राप्तिका लागि समर्पित हुने प्रतिबद्धता मोर्चाको छ।

१४ किलो सुन तस्करीमा मुछिएका गुरुङको 'कनेक्सन' ६०.७१६ किलो तस्करीका नाइकेसँग

टेकराज थामी/नयाँ पत्रिका

त्रिभुनव अन्तर्राष्ट्रिय विमानस्थलबाट भएको १४ किलो सुन तस्करीमा मुछिएका जीवनकुमार गुरुङको 'कनेक्सन' ६०.७१६ किलो सुन तस्करमा मुख्य नाइके चिनियाँ नागरिक वाङ डाओजिनसँग रहेको खुलेको छ। गुरुङ तत्कालीन उपराष्ट्रपति नन्दबहादुर पुन 'पासाङ'का सल्लाहकार थिए।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले गुरुङलाई सोमबार बिहान सामाखुसीस्थित उनको घरअगाडिबाट पक्राउ गरेको हो। थप अनुसन्धानका लागि उनलाई सिआइबीले विमानस्थलस्थित भन्सार कार्यालयमा पेस गरेको छ। उनीविरुद्ध अनुसन्धान भइरहेका भन्सार कार्यालयका निर्देशक मनिराम पौडेलले बताए। उनले भने, '१४ किलो सुन तस्करी घटनामा संलग्नमध्ये जीवनकुमार गुरुङ फरार थिए। उनलाई सिआइबीले पक्राउ गरेर हामीकहाँ बुझाएको छ। उनीविरुद्ध अनुसन्धान भइरहेको छ। उनको विगतमा भएका सुन तस्करीका नाइके डाओजिनसँग पनि सम्बन्ध रहेको देखिएको छ।'

१४ किलो सुन तस्करीमा गुरुङले भारतीय नागरिक अंकित अग्रवालको प्रतिनिधि भएर काम गर्दै आएका थिए। अग्रवाल समूहले विमानस्थलबाट एक वर्षमा एक सय ३८ किलो सुन तस्करी गरेका थिए। सोही मध्येको १४ किलो सुन विमानस्थलबाट गत २१ मंसिरमा बरामद भएको थियो।

अग्रवालका नेपाल प्रतिनिधि गुरुङको डाओजिनसँग पनि उत्तिकै राम्रो सम्बन्ध थियो। डाओजिन समूहले विमानस्थलबाट मात्रै ३६२.७७८ किलो सुन तस्कर गरेको थियो। जसमध्येको ६०.७१६ किलो सुन गत २ साउनमा विमानस्थलबाट बरामद भएको थियो। डाओजिन समूहले दोलखाका दिलीप भुजेलको नाममा दर्ता भएको कम्पनी रेडी ट्रेडको नाममा मात्रै दुई महिनाको बीचमा ३६२.७७८ किलो सुन नेपाल भित्रिएका थिए।

विमानस्थलस्थित भन्सार कार्यालयका डाओजिन सुन तस्करी गर्ने उद्देश्यले वर्षौंअघिदेखि नेपाल आउजाउ गरिरहन्थे। नेपाल रहँदा डाओजिनलाई गाडी उपलब्ध गराउने काम गुरुङले गर्थे। गुरुङले उनलाई आफ्नै गाडी पनि दिने गर्थे। उनको घरमा पनि डाओजिनको आउजाउ हुन्थ्यो। त्यसबाहेक होटेल व्यवस्थापनदेखि शक्तिकेन्द्रसँग सम्पर्क गराइदिने कामसमेत उनले गराइदिन्थे। उपराष्ट्रपति पुनको सल्लाहकार हुँदा उनले डाओजिनलाई शक्तिकेन्द्रसम्म पुऱ्याइदिने काम गर्दै आएका थिए।

विमानस्थलस्थित भन्सार कार्यालयका निर्देशक पौडेलले भने, 'गुरुङले डाओजिनलाई नेपालमा रहँदा गाडी उपलब्ध गराउने काम गराउने रहेछन्। त्यसबाहेक व्यवस्थापनको अन्य गतिविधि पनि गुरुङमार्फतबाटै हुने गरेको देखिन्छ। घटना सम्बन्धमा अनुसन्धान भइरहेको छ। घटनाले संगठित रूप लिए थप अनुसन्धानका लागि हामी सिआइबीलाई बुझाउनेछौं।'



जीवनकुमार गुरुङ

विमानस्थलस्थित भन्सार कार्यालयका निर्देशक मनिराम पौडेल भन्छन्–

१४ किलो सुन तस्करी घटनामा संलग्नमध्ये जीवनकुमार गुरुङ फरार थिए। उनलाई सिआइबीले पक्राउ गरेर बुझाएको छ। उनको सम्बन्ध विगतमा भएका सुन तस्करीका नाइके चिनियाँ नागरिक डाओजिनसँग समेत रहेको देखिएको छ। उनले डाओजिनलाई नेपालमा रहँदा गाडी उपलब्ध गराउने काम गराउने रहेछन्। त्यसबाहेक व्यवस्थापनको अन्य गतिविधि पनि उनीमार्फत हुने गरेको देखिन्छ।

■ सुन तस्करीको कारोबार हुन्डी र क्रिप्टोमार्फत

घटनाको अनुसन्धान भन्सार कार्यालयले गरेको थियो। १३ दिनको अनुसन्धानपछि उनीहरूले पटक-पटक गरी विमानस्थलबाट एक अर्ब ४० करोड ५५ लाख रुपैयाँबराबरको एक सय ३८ किलो सुन तस्करी गरेको खुलेको थियो। उनीहरूले सबै आर्थिक कारोबार हुन्डी र क्रिप्टोमार्फत गरेका थिए। घटनामा हुन्डी कारोबारी बिमल पोद्दारसमेत संलग्न रहेको खुलेको थियो। घटनाले जटिल मोड लिएपछि बाँकी अनुसन्धान सिआइबीलाई गर्न दिइएको थियो। सिआइबीले अहिले घटनामा जोडिएका विना गुरुङ, डिबी गुरुङ, बिमल पोद्दारलगायतका प्रतिवादीको खोजी गरिरहेको जनाएको छ।

■ मुख्य नाइके डाओजिन भने अझै फरार

चीनको सिचुवान प्रान्तका डाओजिन अहिले फरार छन्। उक्त घटनामा पक्राउ २९ प्रतिवादीविरुद्धको मुद्दा अदालतमा विचाराधीन छ। भन्सार कार्यालयका अनुसार गुरुङको संलग्नता विमानस्थलबाट इसिगरेट(भेप)मा लुकाई गरिएको साढे नौ किलो सुन तस्करीमा रहेको देखिएको छ। १० पुस ०७९ मा फ्लाई दुबईको जहाज हुँदै अन्तर्राष्ट्रिय विमानस्थल झरेका चिनियाँ नागरिक ली हानसोङ इसिगरेट(विद्युतीय चुरोट)सहित पक्राउ परेका थिए। अनुसन्धानपछि इसिगरेटभित्र सुन रहेको खुलेको थियो।

भन्सारका निर्देशक पौडेलले भने, 'भेपभित्र लुकाई तस्कर गरिएको सुन प्रकरणमा पनि गुरुङको संलग्नता देखिन्छ। घटनामा संलग्न रहेका अभियुक्तसँग उनको राम्रै उठबस रहेको जस्तो अनुसन्धानबाट खुलेको छ।'

गुरुङ डिल्लीबजारस्थित प्लाटिनम कलेजका कार्यकारी अध्यक्ष हुन्। १४ किलो सुन तस्करी घटना अनुसन्धान गर्न गठित समितिले तयार परेको प्रतिवेदनमा गुरुङको नाम र उनको भूमिका उल्लेख्य छ। प्रतिवेदनअनुसार विमानस्थलबाट तस्करी भई आएको सुन उनले डिबी भनिने दानबहादुर गुरुङ र मीन घलेमार्फत बुझ्थे। र, उक्त सुन भारतीय नागरिक अंकित अग्रवाललाई लगेर बुझाउँथे। भन्सार कार्यालयले उनको सिडिआर(कल डिटेल रिपोर्ट) अध्ययन गरिरहेको छ।

गत २१ मंसिरमा विमानस्थलस्थित भन्सार कार्यालय र नेपाल प्रहरीको संयुक्त टोलीले १४ किलो सुनसहित चन्द्रबहादुर घलेलाई पक्राउ गरेको थियो। उनकै बयानका आधारमा प्रहरीले तस्करका मुख्य व्यवस्थापक मीनबहादुर घलेलाई प्रहरीले धुम्बाराहीबाट पक्राउ गरेको थियो। त्यसपछि घटनामा संलग्न कृष्णकुमार श्रेष्ठ, शेरबहादुर बस्नेत, लोकबहादुर तामाङ, राधाकृष्ण श्रेष्ठ, रमेश देउला र अनिल श्रेष्ठ पक्राउ परेका थिए।

ग्यारेजमा भएको विस्फोटमा परी दुईको मृत्यु, चारजना घाइते



विस्फोटस्थलको निरीक्षण गर्दै सुरक्षाकर्मी।

बारामा **इन्दीप कोइराला**

निजगढ नगरपालिका-७ स्थित गाडी मर्मत गर्ने ग्यारेज (कारखाना) मा सोमबार भएको विस्फोटमा परी ग्यारेज सञ्चालक ४५ वर्षीय रेशम मगर र भारत घर भएका ३५ वर्षीय राकेश जैसवालको मृत्यु भएको छ। विस्फोटमा घाइते भएका ६ जनामध्ये दुईजनाको उपचारको क्रममा मृत्यु भएको हो।

निजगढ नगरपालिका-९ का कवाडी सञ्चालक राज जैसवालले 'प्रोजोक्टाइल'जस्तै देखिने वस्तुमा भएको तामा निकाल्न ल्याएको र सो क्रममा उक्त वस्तु विस्फोट भएको प्रहरीको भनाइ छ। जैसवालले सुरुमा कवाडीमै तामा निकाल्न प्रयास गरे पनि नसकेपछि ग्यारेजको लेथमा ल्याएका थिए।

लेथले काट्ने प्रयास गर्दा उक्त वस्तु विस्फोट भएको हो। प्रोजोक्टाइल मिसाइलमा प्रयोग हुन्छ। यो नेपालमा नपाइने प्रहरीले जनाएको छ। सो वस्तुमा इन्डीयन फिल्ड गन १०५ एमएममा प्रयोग हुनेजस्तो देखिएको प्रहरीको भनाइ छ। विस्फोटपछि कवाडी सञ्चालक जैसवाल र उनकी श्रीमती सुसिलादेवी जैसवाल एम्बुलेन्समार्फत भारततर्फ जादै गर्दा प्रहरीले पक्राउ गरेको छ।

घाइतेमध्ये तीनजनाको अवस्था गम्भीर रहेको छ। उनीहरूको शरीरको भाग क्षत्विक्षत् भएको छ भने पूर्णरूपमा जलेको प्रत्यक्षदर्शीले बताएका छन्। घाइते हुनेमा भारत घर भएका २० वर्षीय अर्विन साह, ठेगाना नखुलेका २० वर्षीय रितु रजत, पर्सा वीरगन्ज घर भएका ३४ वर्षीय फिरोद देवान र निजगढ नगरपालिका- ५ का ४५ वर्षीय सूर्यबहादुर थापा रहेका छन्। घाइतेमध्ये देवान र थापाको अवस्था सामान्य छ।

विस्फोट भएको उक्त वस्तु हेर्दा बमजस्तै देखिन्छ यो प्रोजोक्टाइल हो वा अन्य विस्फोटक भन्ने परीक्षणपछि मात्र बताउन मिल्ने बाराका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सुरेश काफ्लेले बताए। उनले भने, 'लेथमा फलाम काट्ने क्रममा विस्फोट भएको भन्ने प्रारम्भिक जानकारी आएको र घटनाबारे थप अनुसन्धान भइरहेको छ।'

विस्फोटक वस्तु निकै शक्तिशाली रहेको प्रमुख जिल्ला अधिकारी शशीधर घिमिरेले बताए। उनले भने, 'खुला स्थान विस्फोट भएकाले कम क्षति भएको देखिन्छ, बन्द स्थान वा भवनमा भएको भए निकै ठूलो क्षति हुने देखिन्छ।'

विस्फोटबाट कारखानानजिकका घरहरूमा समेत क्षति पुगेको छ। घटनाको अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय निजगढ र जिल्ला प्रहरी कार्यालयबाट प्रहरी टोली खटिएको छ। प्रहरीले उक्त क्षेत्रलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको प्रवक्ता दधिराम न्यौपानेले जानकारी दिए।

संक्षेप

घोराही-तुलसीपुर सडकमा टाइमकार्ड लागू

दाङ/ दाङको घोराही-तुलसीपुर सडकखण्डमा सोमबारदेखि टाइमकार्ड लागू भएको छ। तीव्र गतिमा सवारी चलाउँदा दुर्घटना बढिरहेको भन्दै टाइमकार्ड लागू गरिएको हो। प्रमुख जिल्ला अधिकारी रामबन्धु सुवेदीका अनुसार अब घोराही-तुलसीपुरमा सवारीसाधन ७० मिनेटमा आवत-जावत गर्नुपर्छ। घोराही-तुलसीपुर २३ किलोमिटर छ। जसमा घोराही तुलसीपुर सडकखण्डको घोराही-नारायणपुर ३० मिनेट र नारायणपुर-तुलसीपुर ४० मिनेट समय निर्धारण भएको छ। प्रतिकिलोमिटर औसत तीन मिनेट समय निर्धारण गरेर टाइमकार्ड लागू गरिएको हो। निःशुल्क रूपमा चालकलाई टाइमकार्ड दिने र हराएमा ५० रूपैयाँ छपाइ शुल्क लिने दाङका ट्राफिक प्रहरी कार्यालयका प्रमुख किरणप्रकाश मल्लले जानकारी दिए।

घाइते अवस्थामा उद्धार गरिएको बाघ मऱ्यो

बारा/ पर्साको ठोरी गाउँपालिका- ५ सुवर्णपुरबाट घाइते अवस्थामा उद्धार गरिएको वयस्क पाटेबाघ मरेको छ। उद्धारपछि पर्सा राष्ट्रिय निकुञ्जले खोरमा राखेर रेखदेख गर्दै आएको थियो। यही क्रममा सोमबार बिहान मृत्यु भएको हो। बाघलाई आइतबार राति निकुञ्जका कर्मचारीले खाना दिएका थिए। तर, सोमबार बिहान खाना दिने समयमा बाघ मृत अवस्थामा भेटिएको निकुञ्जले जनाएको छ। यसअघि समेत निकुञ्जको खोरमा रहेको तीनवटा पाटेबाघमध्ये एक बघिनीको मरेको थियो। करिब १० वर्ष उमेरको बाघ अर्को भाले बाघसँग जुध्दा घाइते भएको निकुञ्जका सूचना अधिकारी सन्तोष भगतले जानकारी दिए। उनका अनुसार घाइते बाघलाई भेटेरीनरी अस्पताल तथा विज्ञचिकित्सकको सहयोगमा उपचार भइरहेको थियो।

जनप्रतिनिधिले नै लगाए पर्सा गाउँपालिकामा ताला

सलाही/ जनप्रतिनिधिहरू (वडाध्यक्ष)बीचको विवादले सर्लाहीको पर्सा गाउँपालिका कार्यालय दुई सातादेखि ठप्प छ। उनीहरूले १ फागुनमा कार्यालयमा तालाबन्दी गरेका हुन्। गाउँपालिकामा भइरहेका गतिविधिबारे सूचना माग्दा नदिएपछि तालाबन्दी गरेको पर्सा गाउँपालिका- २, का वडाध्यक्ष राकेश रामले बताए। आर्थिक वर्ष ०७९/८० मा सम्पन्न भएका योजनाको आर्थिक विवरण तथा आयव्यय माग गर्दा नदिएको, विभिन्न शिर्षकमा खर्च भएका हिसाब पारदर्शी नभएको, पालिकाका कर्मचारीले जिम्मेवारीअनुसार काम नगरेर दुःख दिएको उनले आरोप लगाए। वडाध्यक्षहरूले गत आर्थिक वर्ष ०७९/८० को फाँटवारी, जिन्सी प्रतिवेदन, राजस्व दाखिला प्रतिवेदनलगायत विवरण उपलब्ध गराउनुपर्ने माग गरेका छन्।

अमेरिकी उपसहायक विदेशमन्त्री अफरिन नेपाल भ्रमणमा

काठमाडौं/ नेपाल, श्रीलंका, बंगलादेश, भुटान र माल्दिभ्सका लागि दक्षिण तथा मध्य एसियाली मामिला ब्युरो हेर्ने अमेरिकी उपसहायक विदेशमन्त्री अफरिन अख्तर नेपाल आइपुगेकी छन्। उनी सोमवार नेपाल आइपुगेकी हुन्।

अख्तरले सोमबार परराष्ट्र सचिब सेवा लम्सालसँग परराष्ट्र मन्त्रालयमा भेटवार्ता गरेकी छिन्। 'भ्रमणका क्रममा अख्तरले नेपाली सरकारी अधिकारी, नागरिक समाजका प्रतिनिधि र अमेरिकन चेम्बर्स अफ कमर्स नेपालको सदस्यहरूसँग भेटघाट गरि संयुक्त राज्य अमेरिका र नेपालबीचको द्विपक्षीय सम्बन्धले कसरी नेपालमा शिक्षा र स्वास्थ्य, मानवअधिकार, लोकतन्त्रको विकास र नेपालको पारस्परिक आर्थिक समृद्धिलाई अगाडि बढाउन सक्छ भन्ने विषयमा छलफल गर्नुहुनेछ,' नेपालस्थित अमेरिकी राजदूतावासले भनेको छ।

यस्तै, अमेरिकी सेनाको इन्डो प्यासिफिक कमान्डका कमान्डर एडमिरल जोन सी एक्विलिनो भने सोमबार नै तीनदिने नेपाल भ्रमण सकेर फर्केका छन्। जोनले उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का, प्रधानसेनापति प्रभुराम शर्मालगायतसँग भेटवार्ता गरेका थिए। उनी पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा सञ्चालन भइरहेको बहुराष्ट्रिय अभ्यास शान्ति प्रयास-४ को अवलोकनका पनि गएका थिए।

■ नेविसंघमा कांग्रेसको गुटको छाया

विस्तारको सात महिनामा पहिलो केन्द्रीय समिति बस्दै, समानान्तर बैठकको तयारीमा इतर समूह

नयाँ पत्रिका

कांग्रेस भ्रातृ संस्था नेवि संघमा केन्द्रीय समिति विस्तारको सात महिनामा आजका लागि तय केन्द्रीय समिति बैठक पार्टी गुटको छाया देखिँदा विवादित बनेको छ। केन्द्रीय समिति बैठक बहिष्कार गरेर शेखर-गगन समूह (संस्थापन इतर) निकटले समानान्तर बैठकको गर्ने घोषणा गरेपछि नेवि संघमा स्पष्ट दुई गुट देखापरेको हो।

अध्यक्ष दुजाङ शेर्पाका अनुसार पहिलो बैठक प्रज्ञा प्रतिष्ठानमा बस्दै छ। बैठकमा असारमा महाधिवेशन गर्ने कार्यतालिकासहितको प्रस्ताव लाने तयारी छ। इतर निकटले भने अध्यक्ष शेर्पाले बैठकबारे छलफल नगरेको र विधानविपरीत गतिविधि गरेको आरोप लगाउँदै बहिष्कार गरी समानान्तर बैठक गर्ने भएको छ। केन्द्रीय सदस्य भुवन भट्टका अनुसार विवाद समाधान गरेर महाधिवेशन गर्नुपर्नेमा फरक विचार समूहलाई बेवास्ता गर्दै अगाडि बढेकाले विरोधस्वरूप समानान्तर बैठक राख्न लागेको बताए। केन्द्रीय समिति बैठक भनिएको छ, तर फरक विचार समूहसँग छलफल नै गरिएको छैन। त्यसको विरोधमा हामी छुट्टै बैठक राख्दै छौं। विधान पालनाका लागि दबाब दिने र महाधिवेशनउन्मुख गराउने निर्णय गरेर अगाडि बढ्ने हाम्रो तयारी हो,' केन्द्रीय सदस्य भट्टले भने।

अध्यक्ष शेर्पाले जिल्ला सभापतिबारे निर्णय गर्दा सम्बन्धित जिल्ला सभापतिको सिफारिसलाई नमानेर गुटगत पूर्वाग्रह राखेर एकलौटी निर्णय गरेको इतरको आरोप छ। इतर पक्षले काठमाडौं, धादिङ, सुनसरी, दोलखा, मकवानपुर, वारा, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)लगायतका जिल्लामा सभापतिको सिफारिसविपरीत अध्यक्ष मनोनीत गरेको आरोप लगाएका छन्। ०७३ पछि नियमित अधिवेशन रोकिएको नेवि संघमा गत २२ साउनमा सात सय दश केन्द्रीय सदस्य घोषणा गरिएको थियो। तर, विस्तारको लामो समयसम्म पनि केन्द्रीय समिति बस्न नसक्दा अलमलको अवस्था रहँदै आएको थियो। केन्द्रीय समिति विस्तारमा कांग्रेसको शेखर-गगन समूहले लगातार असन्तुष्टि र विरोध गरेको थियो। समिति विस्तारलगायतका विषयमा असन्तुष्ट बन्दै आएको इतर निकटले सामानन्तर गतिविधि गर्दै आएको थियो। यसक्रममा सात केन्द्रीय सदस्यले राजीनामासमेत दिएका थिए। यसबीचमा पार्टी केन्द्रीय कार्यालयको रोहबरमा विवादलाई साम्य बनाइएको थियो।

०७३ मा सम्पन्न महाधिवेशनको साढे दुई वर्षपछि तत्कालीन अध्यक्ष नैनसिंह महरले राजीनामा दिएका थिए। १६ माघ ०७६ मा राजीव ढुंगानाको संयोजकत्वमा तदर्थ समिति बनाइएको थियो। तर, महाधिवेशन हुनसकेको थिएन। कांग्रेसको महाधिवेशनबाट ढुंगाना केन्द्रीय सदस्य बनेपछि ९ चैत ०७८ मा सभापति शेरबहादुर देउवाले दुजाङ शेर्पालाई तदर्थ समिति अध्यक्ष बनाएका थिए। त्यसयता पटक-पटक तदर्थ समितिको म्याद थप गरिएको थियो। तर, महाधिवेशन अनिश्चित बन्दै आएको थियो। महासमिति बैठकमा अध्यक्ष शेर्पाले १५ चैतबाट महाधिवेशनको प्रक्रिया सुरु गर्ने र ११ असार ०८१ मा केन्द्रीय महाधिवेशन गर्ने गरी प्रस्ताव पेस गरेका थिए।



विधिको शासन व्यवहारमा उतार्नुपर्छ : प्रधानन्यायाधीश श्रेष्ठ

मकवानपुर / प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले न्यायपालिकाले नागरिकको हक अधिकार संरक्षणसँगै विधिको शासनलाई व्यवहारमा उतार्नुपर्ने बताएका छन् । हेटौंडामा सोमबार मकवानपुर जिल्ला अदालतको नवनिर्मित भवनको उद्घाटनपछि प्रधानन्यायाधीश श्रेष्ठले न्यायपालिकालाई नागरिकका हक अधिकारको संरक्षण र प्रत्याभूति तथा संघीयतामा आधारित लोकतान्त्रिक शासन व्यवस्था र विधिको शासनलाई व्यवहारमा रुपान्तरण गर्ने दायित्व रहेको बताएका हुन् । उनले संविधानले परिकल्पना गरेको स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको मान्यतालाई अक्षुण्ण राख्दै संविधानले प्रदान गरेको भूमिका र जिम्मेवारी पूरा गर्नेतर्फ सबै न्यायक्षेत्रका व्यक्ति क्रियाशील हुनुपर्नेमा जोड दिए ।

गुल्मीमा नागरिकताको प्रतिलिपि निकाल्ने बढे



● हरिप्रसाद गैरे
सहायक प्रजिअ, गुल्मी

घटना वा परिघटनाले नागरिकता हराउने, जल्ने, भिज्ने वा कानुनी रूपमा बदल्नुपर्ने स्वाभाविक हो । नागरिकले नागरिकताको सुरक्षामा ख्याल नगरेकाले मूल नागरिकता हराउने वा नष्ट हुने र प्रतिलिपि लिनुपर्ने अवस्था आएको देखिन्छ ।

गुल्मीमा **टोपलाल अर्याल**

गुल्मीदरबार गाउँपालिका -१ की शीलधरा बोटेले नागरिकता प्लास्टिकमा टाँसिएर काम नलाग्ने भएपछि शुक्रबार प्रतिलिपि निकालिन् । उनले ०७६ कात्तिकमा नागरिकता लिएकी थिइन् । ०६५ मा नागरिकता बनाएकी छत्रकोट गाउँपालिका- ३ की लक्ष्मी अर्यालको नागरिकता एकाएक हरायो । खोजतलास गर्दा नभेटेपछि उनले पनि प्रतिलिपी निकालिन् । गुल्मी दरबार गाउँपालिका- १ का मनबहादुर बोटेले कपडा धुँदा नागरिकता पनि धाइयो भन्दै प्रतिलिपि लिए । उनले ०७४ मा नागरिकता बनाएका थिए । इस्मा गाउँपालिका- ६ अमरपुरका अर्जुन खत्री क्षेत्रीको नागरिकता पानीमा भिजेर नष्ट भयो । ०७९ कात्तिकमा नागरिकता निकालेका उनी केही महिनापछि नै प्रतिलिपि लिन बाध्य भए ।

यी केही त्यस्ता उदाहरण हुन्, जसले पछिल्लो समय गुल्मीमा प्रतिलिपि नागरिकता लिनेहरूको संख्या बढेको देखाउँछ । तथ्यांकले पनि अहिले जिल्ला प्रशासन कार्यालयबाट नयाँ नागरिकताभन्दा प्रतिलिपि धेरै वितरण हुन थालेको देखाएको छ । कार्यालयले ११ फागुनमा सार्वजनिक गरेको विवरणअनुसार एक सय तीनजनाले नयाँ नागरिकता लिँदा सोही अवधिमा एक सय ४९ जनाले प्रतिलिपि नागरिकता लिएका छन् । ४ फागुनको विवरण अनुसार एक सय २७ नयाँ र एक सय चार प्रतिलिपि जारी गरिएको छ । त्यसअघि २६ माघमा एक सय १९ ले नयाँ नागरिकता लिँदा ९८ जनाले प्रतिलिपि पाएका थिए ।

साउनदेखि पुससम्मको अवस्था हेर्दा चार हजार सात सय एकजनालाई नयाँ नागरिकता वितरण गर्दा दुई हजार आठ सय तीनजनालाई नागरिकताको प्रतिलिपि वितरण भएको पाइएको छ । आर्थिक वर्ष ०७९/८० मा दस हजार तीन सय ८२ नयाँ र ६ हजार चार सय ५१ प्रतिलिपि जारी भएका छन् । त्यस्तै, आर्थिक वर्ष ०७८/७९ मा १५ हजार ६ सय १७ नयाँ र ६ हजार तीन सय ३८ प्रतिलिपि वितरण गरिएको छ ।



जिल्ला प्रशासन कार्यालयमा नागरिकता र राहदानी लिनेहरूको घुइँचो ।

■ नागरिकताको सुरक्षामा लापरबाही

जिल्ला प्रशासन कार्यालय गुल्मीका सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेका अनुसार धेरैले हराएको भन्दै प्रतिलिपि लिने गरेका छन् । आगलागीमा परेको, पानीमा भिजेर नष्ट भएको तथा नागरिकतामा पतिको नाम थर कायम गर्न भन्दै प्रतिलिपि लिनेहरूको संख्या पनि ठूलो छ । सहायक प्रजिअ गैरेले नागरिकतालाई नागरिकले कम महत्व दिएका कारण मूल नागरिकता हराउने वा नष्ट हुने तथा प्रतिलिपि लिनुपर्ने अवस्था आएको बताए । 'घटना वा परिघटनाले नागरिकता हराउने, जल्ने, भिज्ने वा कानुनी रूपमा बदल्नुपर्ने स्वाभाविक हो । तर, सबैभन्दा ठूलो प्रमाण नागरिकताको सुरक्षा आवश्यक छ,' उनले भने, 'यसमा नागरिक स्वयं नै गम्भीर बन्नुपर्दछ ।' नेपाली नागरिक १६ वर्ष उमेर पूरा भएपछि नागरिकता लिनका लागि योग्य मानिन्छन् । विशेष अवस्थामा बाहेक नागरिकता स्वतः र सजिलै प्राप्त गरिने भएकाले पनि यसको सुरक्षामा लापरबाही भएको हुन सक्ने उनको भनाइ छ । गैरेले भने, 'नागरिकता राज्यसँग नागरिकको कानूनी सम्बन्ध स्थापित गरेर अधिकारको रक्षा गर्ने दस्तावेज हो । यो राज्य र नागरिकबीचको सम्बन्ध सेतुको रूपमा रहेको हुन्छ । नागरिकता राजनीतिक समुदायको सदस्यता हो । नागरिक वैयक्तिक पहिचान हो राज्य र व्यक्तिको सम्बन्ध सूचकको अवस्था हो । नागरिकताको प्रतिलिपि पटक-पटक लिने कुरा कानुनी रूपमा राम्रो मानिँदैन । तर, रोक्न पनि मिल्दैन ।'

■ राहदानी बनाउने दोब्बर बढे

गुल्मीमा साढे दुई वर्षको तथ्यांक हेर्दा बर्सैनि दोब्बरले राहदानी बनाउने गरेको पाइएको छ । जिल्ला प्रशासन कार्यालय गुल्मीको तथ्यांकअनुसार आर्थिक वर्ष ०७८/०७९ मा सात हजार चार सय नौजनाले राहदानी लिएका थिए । आर्थिक वर्ष ०७९/८० मा संख्या बढेर दोब्बर, अर्थात् १५ हजार ८७ जना पुगेको जिल्ला प्रशासन कार्यालय गुल्मीका नायब सुब्बा प्रेम खनालले जानकारी दिए । आर्थिक वर्ष ०७९/८० मा १५ हजार ८६ जनाले राहदानी बनाउँदा दश हजार तीन सय ८२ ले नागरिकता बनाए । यो वर्ष नागरिकताभन्दा राहदानी चार हजार सात सय २० बढी वितरण भएको थियो । आर्थिक वर्ष ०८०/८१ को ६ महिना अर्थात साउनदेखि पुससम्म ६ हजार आठ सय ३३ जनाले राहदानी बनाएका छन् भने चार हजार सात सयजनाले नागरिकता लिएका छन् । पछिल्लो ६ महिनामा पनि नागरिकताभन्दा दुई हजार एक सय ३२ राहदानी सिफारिस भएको देखिन्छ ।

■ साढे १४ करोड राजस्व संकलन

जिल्ला प्रशासन कार्यालय गुल्मीबाट साढे दुई वर्षमा १४ करोड ४७ लाख ७२ हजार पाँच सय रुपैयाँ राजस्व संकलन भएको छ । आव ०७८/७९ मा तीन करोड ७१ लख ६५ हजार पाँच सय, आव ०७९/८० मा सात करोड ३१ लाख ९० हजार र आव ०८०/८१ को ६ महिनामा तीन करोड ४४ लाख १७ हजार रुपैयाँ राजस्व संकलन भएको जिल्ला प्रशासन कार्यालय गुल्मीका नायब सुब्बा प्रेम खनालले जानकारी दिए ।

■ घाटको जग्गा व्यक्तिको नाममा दर्ता प्रकरण

जग्गा फिर्ता गराउने प्रशासनको प्रयास रोक्न अदालतको अन्तरिम आदेश

भैरहवामा / रुपन्देहीको सिद्धार्थनगर नगरपालिका-१० स्थित घागरा खोलाछेउको शवदहनस्थलको जग्गा हडप्ने अर्घाखाँचीको साबिक मैदान गाविस- ५ का फर्शुराम घिमिरेलाई पत्राउ नगर्न र मालपोतको निर्णय कार्यान्वयन नगराउन उच्च अदालत बुटवलले आदेश दिएको छ ।

जिल्ला प्रशासन कार्यालय रुपन्देहीले उक्त जग्गा सार्वजनिक भएकाले बदर गरी सार्वजनिक कायम गर्ने गरी गरेको निर्णयविरुद्ध घिमिरेले उच्च अदालतमा रिट दायर गरेका थिए । न्यायाधीश राजेश्वर तिवारीको इजलासले विपक्षीका नाममा पत्राउ गर्ने र जग्गा सार्वजनिक गर्ने कार्य नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी गरेको हो । अदालतले दुवै पक्षलाई साथमा राखी छलफल गराउन पनि आदेश दिएको छ ।

निवेदकले पेस गरेको जग्गाधनी पुर्जाको प्रतिलिपीबाट जग्गाको धनी निवेदक नै देखिएकाले दुवै पक्षको छलफल नभएसम्म विपक्षी जिल्ला प्रशासन कार्यालय रुपन्देहीबाट विपक्षी मालपोत कार्यालय भैरहवा र मालपोत कार्यालय बुटवलको नाउँमा २५ माघ ०८० मा जारी गरिएको पत्र कार्यान्वयन नगर्नू, नगराउनु भनी अदालतले आदेश दिएको हो । यस्तै, निवेदकलाई कानुनबमोजिमको बाहेक पत्राउ नगर्नु नगराउनु भनिएको छ ।

चरेससहित पाँच पक्राउ

कपिलवस्तु / प्रहरीले लागुऔषध चरेससहित कृष्णनगर नाकाबाट पाँचजनालाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय कृष्णनगरका प्रहरी निरीक्षक लक्ष्मण ओलीको कमान्डमा खटिएको प्रहरी टोलीले २४ किलो पाँच सय ६० ग्राम चरेससहित पाँचजनालाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा खनियाबास- ५ धादिङका ५९ वर्षीय सेती तामाङ, ६६ वर्षीय रेगदोन तामाङ, ५२ वर्षीय साङ जोङ तामाङ, सिद्धकुमाख- ४ सल्यानका ४० वर्षीय थलबहादुर रोका र भुमे- २ रुकुम पूर्वका ३७ वर्षीया भावना बुढा रहेको प्रहरीले जनाएको छ ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिँदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलामी प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय महोत्तरीमा प्रा.फ.र.नं ३४६६/३५/०७३/०७४ अन्तर्गत मिति २०७३/०६/१७ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं २ स्थित **साह ट्रेडर्स** **प्रोप्राईटर तथा जमानतकर्ता: जितेन्द्र साह सोनार** स्थायी ठेगाना:महोत्तरी जिल्ला, किसाननगर गा.वि.स. वडा नं. ४ हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. २ बाबु : अनरजित साह सोनार बाजे : रघुनाथ साह सोनार	१) राम गुलाम साह सोनारको नाती, रघुनाथ साह सोनारको छोरा, महोत्तरी जिल्ला, किसाननगर गा.प. वडा नं. ४ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं २ बस्ने अनरजित साह सोनारको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीको लगातमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. वहादुरगंज गा.वि.स. वडा नं. ३ ख (हाल बर्दिवास न.पा. वडा नं. १४) स्थित कित्ता नं. १२०२ को क्षेत्रफल ०-१-१० (बिगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) साह ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) आशादेवी साह सोनार स्थायी ठेगाना: महोत्तरी जिल्ला, किसाननगर गा.वि.स. वडा नं. ४ हालको ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. ११ बाबु : फकिरा साह सोनार ससुरा : रघुनाथ साह सोनार पति : अनरजित साह सोनार	**२) अनरजित साह सोनार** स्थायी ठेगाना : महोत्तरी जिल्ला, किसाननगर गा.प. वडा नं. ४ हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं २ बाबु : रघुनाथ साह सोनार बाजे : राम गुलाम साह सोनार	**३) विकेश साह सोनार** स्थायी ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ७ हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. २ बाबु : अनरजित साह सोनार बाजे : रघुनाथ साह सोनार

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
२)	१)नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंजमा प्रा.फ.र.नं.: २७७४५/०६७/६८, स्थानीय व्यापार अन्तर्गत मिति २०६७/०५/०२ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ६, स्थित **खुश्बु बुक्स एण्ड रिचार्ज कर्नर** **प्रोप्राईटर तथा जमानीकर्ता: अमरुल्लाह अंसारी** स्थायी ठेगाना : पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ५ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बाबु : मन्जुर मिया अंसारी बाजे : महमदीन मिया	**२) अमरुल्लाह अंसारी** स्थायी ठेगाना : पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ५ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बाबु : मन्जुर मिया अंसारी बाजे : महमदीन मिया

जमानीकर्ताहरुको विवरण

१) मंजुर मिया अन्सारी स्थायी ठेगाना : पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ५ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बाबु : महमदीन मिया बाजे : कितवली अन्सारी	**२) सैफुल्लाह अंसारी** स्थायी ठेगाना : पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ५ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बाबु : मंजुर मिया अंसारी बाजे : महमदीन मिया	**३) कमरुल्लाह अंसारी** स्थायी ठेगाना : पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ५ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बाबु : मंजुर मिया अंसारी बाजे : महमदीन मिया
४) आसमा आरा स्थायी ठेगाना : पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ५ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बाबु : फते आलम अंसारी ससुरा : मंजुर मिया अंसारी पति : अमरुल्लाह अंसारी	**५) जमिला खातुन** स्थायी ठेगाना : पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ५ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बाबु : अमिन मिया अंसारी ससुरा : महमदीन मिया पति : मंजुर मिया अंसारी	

धितोको विवरण

१) कितवली मियाको नाती, महमदीन मिया अन्सारीको छोरा, पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बस्ने मन्जुर मिया अन्सारीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगातमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.पु. गा.वि.स. वडा नं. ८ (हाल वीरगंज म.न.पा. वडा नं. २६) स्थित कित्ता नं. ३६७ र ३७० को क्षेत्रफल क्रमश: ०-१-३ र ०-१९-१४ (बिगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) खुश्बु बुक्स एण्ड रिचार्ज कर्नरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
३)	१) प्रदेश सरकार, गण्डकी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, गण्डकी प्रदेश, बागलुङमा उद्योग दर्ता नं. ३४९४/०७७/०७८ अन्तर्गत मिति: २०७७/११/१६ मा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएका बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ३, स्थित **सनम वर्कसप** **प्रोप्राईटर तथा जमानीकर्ता: कबिन्द्र बोहोरा** ठेगाना : बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ३ बाबु : लोक बहादुर सार्की बाजे : दलविर	**१) सनम नेपाली बोहोरा** ठेगाना : बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ३ बाबु : पदम बहादुर सार्की ससुरा : लोक बहादुर सार्की पति : कबिन्द्र बोहोरा **२) चाम कुमारी सार्की** ठेगाना : बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ३ बाबु : डासे नेपाली ससुरा : दलविर पति : लोक बहादुर सार्की

धितोको विवरण

१) डासे नेपालीको छोरी, दलविरकी बुहारी, लोक बहादुर सार्कीकी पत्नि बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ३ बस्ने चाम कुमारी सार्कीको नाममा मालपोत कार्यालय बागलुङको लगातमा दर्ता कायम रहेको बागलुङ जिल्ला, कालीका गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १०४९ को क्षेत्रफल ०-३-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) सनम वर्कसपको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण	जमानीकर्ताको विवरण
२) सनम नेपाली बोहोरा ठेगाना : बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ३ बाबु : पदम बहादुर सार्की ससुरा : लोक बहादुर सार्की पति : कबिन्द्र बोहोरा	**कबिन्द्र बोहोरा** ठेगाना : बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. ३ बाबु : लोक बहादुर सार्की बाजे : दलविर

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सुम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफै ले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

NIBL MUTUAL FUND
एनआईबिएल म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित
एनआईबिएल ग्रोथ फण्ड
(नेपाल धितोपत्र बोर्डबाट २०७९/०८/१८ मा योजना संचालन अनुमति प्राप्त)

२०८० माघ मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

		२०८० माघ मसान्त रकम (रु.)	२०८० पुस मसान्त रकम (रु.)
	धितोपत्रमा लगानी		
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	सूचीकृत शेयर	७७४,२५०,०४९	७५३,७१५,५५६
२	बैंक मुद्दती निक्षेप	१९८,०००,०००	१६८,०००,०००
३	ऋणपत्र /बन्ड	७३,३०४,०००	७३,३०४,०००
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर/अन्य सूचीकृत नभएको	१३७,५३०,०००	१४७,५९५,०००
	जम्मा	१,१८३,०८४,०४९	१,१४२,६१४,५५६
	चालु सम्पत्ति		
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	बैंक मौज्दात	१६४,२९१,७३०	१८८,०२९,४६४
२	अन्य सम्पत्ति	२३,७६५,४७०	५५,४९४,९२७
	जम्मा	१८८,०५७,२००	२४३,५२४,३९१
	चालु दायित्व		
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	अन्य दायित्व	१०,००४,७७३	३६१,०५५
	जम्मा	१०,००४,७७३	३६१,०५५
	खुद सम्पत्ति (ग्रस)	१,३६१,१३६,४७६	१,३८५,७७७,८९२
	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	१,८३८,४६७	५,४७३,६३७
	कोष सुपरिवेक्षक शुल्क	१२९,७७४	३८६,३७४
	खुद सम्पत्ति	१,३५९,१६८,२३५	१,३७९,९१७,८८१
	जम्मा इकाई	१३२,०००,०००	१३२,०००,०००
	प्रति इकाई खुद मूल्य	१०.३०	१०.४५

आय व्यय विवरण

क्र.सं.	विवरण	२०८० माघ मसान्त रकम (रु)	२०८० पुस मसान्त रकम (रु)
१	प्राप्त भइ सकेको आम्दानी	५७,३७३,६४८	५२,५०५,४५५
२	प्राप्त भइ नसकेको आम्दानी	(३५,५१४,९६०)	(११,९१४,७४०)
	जम्मा आम्दानी	२१,८५८,६८८	४०,५९०,७१५
१	प्रकाशन, सूचिकरण तथा अन्य खर्च	२,२४१,८११	२४३,१७२
२	योजना लेखापरीक्षण शुल्क	६५,३२३	५६,३४५
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	११,२२५,६५८	११,२२५,६५८
४	कोष सुपरिवेक्षक शुल्क	७९२,३९९	७९२,३९९
	जम्मा खर्च	१४,३३५,१९१	१२,३१७,५७४
	कुल आय / (व्यय)	७,५२३,४९७	२८,२७३,१४१

नोटः - सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति वमोजिम योजनाको लगानी मूल्यांकन गरिएको छ।
- योजनाको २०८० माघ मसान्त सम्मको सूचिकृत तथा सूचीकृत नभएका सेयर, डिबेन्चर तथा मुद्दती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु. १,१५२,११५,४८९ रहेको छ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

	धितोपत्र	संख्या	मुल्यांकन रकम
	बाणिज्य बैंक समूह		
१	प्रभु बैंक लिमिटेड	७०,८५३	१०,९७५,१३०
२	नेपाल बैंक लिमिटेड	५१,८८५	११,९०२,४१९
३	सिद्धार्थ बैंक लिमिटेड	४६,३७०	१०,७८१,०२५
४	प्राइम कमर्सियल बैंक लिमिटेड	११५,५६०	२३,४००,९००
५	एनएमबि बैंक लिमिटेड	९२,८६८	१७,७३७,७८८
६	एनआईसि एसिया बैंक लिमिटेड	६८,५१७	३०,८३९,५०२
७	हिमालयन बैंक लिमिटेड	२०,६१०	४,११९,९३९
८	कुमारी बैंक लिमिटेड	५०,५८६	७,५३७,३१४
९	नबिल बैंक लिमिटेड	१७,७६४	८,४७३,४२८
१०	सानिमा बैंक लिमिटेड	२१,३३८	५,३३४,५००
११	लक्ष्मी सनराईज बैंक लिमिटेड	४६,७५७	७,७८५,०४१
१२	कुमारी बैंक लिमिटेड (संस्थापक सेयर)	२५,०००	२,६५०,०००
१३	एभरेष्ट बैंक लिमिटेड	५,५१८	२,८९६,९५०
	विकास बैंक समूह		
१	गरिमा विकास बैंक लिमिटेड	४९,३२३	१८,९४०,०३२
२	शाइन रेसन्ज्रा डेभलप्मेन्ट बैंक लिमिटेड	३७,२३३	१४,५२०,८७०
३	लुम्बिनी विकास बैंक लिमिटेड	५३,

१५ मार्चमा योद्धा

सिद्धार्थ मल्होत्रा स्टारर फिल्म योद्धा १५ मार्चमा रिलिज हुँदै छ । यस फिल्मलाई सागर आम्ब्रे र पुस्कर ओझाले निर्देशन गरेका हुन् । राशि खन्ना र दिशा पटानीको पनि यसमा अभिनय छ । धर्मा प्रडक्सनको ब्यानरमा यो फिल्म निर्माण गरिएको हो ।





भुलभुलैया ३ मा माधुरी

कार्तिक आर्यन स्टारर फिल्म भुलभुलैया ३ मा माधुरी दीक्षित पनि देखिने भएकी छिन् । अनिश बज्मीको निर्देशनमा बन्ने फिल्ममा विद्या बालन, तृप्ति डिमरी, नसिरुद्दिन शाहलगायत कलाकारको अभिनय रहनेछ । यो फिल्मलाई नोभेम्बरमा रिलिज गर्ने निर्माण पक्षको तयारी छ ।

बच्चालाई आरामदायी कपडा

फेसन टिप्स



नवीन लुइँटेल
फेसन डिजाइनर
सेन्ट्रल फेसन हब



■ **आरामदायी कपडा :** बच्चालाई धेरै टाइट कपडा लगाइदिन हुँदैन । सरल र आरामदायी कपडा छान्नुपर्छ । किनकि, उनीहरू उफ्रने, दौडने र नाच्ने गरिरहन्छन् । जुत्ता पनि टाइट हुनुहुँदैन । यसले उनीहरूलाई हिँड्दा दुखाइ हुन सक्छ ।

■ **रंग :** रातो, हरियो र निलोलगायत रंगका पहिरनले बच्चालाई आकर्षक लुक्स दिन्छ । उनीहरूलाई सक्रिय रहन पनि यस्ता रङले ऊर्जा दिन्छ । साना बालबालिकाले आफ्नो कपडा छिट्टै फोहोर गर्छन् । त्यसैले उज्यालो रङका कपडा कम प्रयोग गर्नुस् । गाढा रङका कपडामा फोहोर वा दाग धेरै देखिँदैन । तपाईंले आफ्ना बच्चालाई कार्टुन, फूल, पशुपक्षीको चित्र भएको कपडा लगाइदिँदा अझ राम्रो हुन्छ । त्यो चित्र देख्दा उनीहरू रमाइलो मान्छन् । बच्चाहरू फेन्सी कपडा लगाउन रुचाउँछन् । कटन, लिनेनजस्ता नेचुरल फ्याब्रिक उनीहरूका लागि राम्रो हुन्छ ।

■ **छनोट :** बच्चाहरूको छनोटलाई पनि ध्यान दिनुपर्ने हुन्छ । कुन अवसरका लागि कपडा किनिँदै छ भन्ने पनि अर्थपूर्ण हुन्छ । पार्टी तथा समारोहमा छोरीका लागि विभिन्न डिजाइनका फ्रक, लेहेंगा, गाउन, स्कर्ट, फूलबुट्टा भरिएका विभिन्न स्टाइलका पाइन्ट तथा जामा किनिदिन सकिन्छ । त्यस्तै, छोराका लागि थ्री-पिस सुट, ढाका वा दौरा-सुरुवाल, जिन्स तथा टिसर्ट पाइन्छन् ।

मड थेरापी यसरी गर्न सकिन्छ

पूर्वीय दर्शनको आयुर्वेदमा पनि माटोको प्रयोग गरी प्राकृतिक उपचारात्मक विधिबारे उल्लेख छ

हेल्थ टिप्स



डिबी सुनुवार
प्राकृतिक चिकित्सक
होलिस्टिक हेल्थ



संक्रमणबाट बच्न सकिन्छ

माटोमा नाइट्रोजन, फस्फोरस, पोटासियम, क्याल्सियम, म्याग्नेसियम, सल्फर, आइरन, बोरन, कप्परजस्ता तत्त्व पाइन्छन् । माटोमा हुने यस्ता तत्त्वले पहिलो कुरा त छालामा संक्रमण हुन दिँदैनन् । अर्कोतर्फ छालामा संक्रमण भएको अवस्थामा पनि त्यस्ता संक्रमणलाई नियन्त्रण गर्न सहयोग गर्छ । तर, माटो भने शुद्ध र चिम्टियाइलो (लिसाइलो) नै हुन आवश्यक छ । यस्तो माटोबाट संक्रमण हुने सम्भावना कम हुन्छ ।

■ माटोले कसरी काम गर्दछ ?

ओसिलो, हिलो माटोको ओसले छालालाई आराम दिन्छ र प्वालहरू खुल्छन् । यसले विकारहरूलाई शरीरबाट बाहिर निकाल्न सहयोग गर्छ । साथै, माटोबाट पोषक तत्त्वहरू शरीरमा सोसिन्छन् । हिलो सुक्दा छाला कडा हुन्छ र रगतको सञ्चार बढ्दै जान्छ । रक्तसञ्चार बढेकाले सम्पूर्ण शरीरमा पोषण प्रवाह गर्दछ ।

■ जनावर र मान्छेको उपचार

माटो चिकित्साको महत्त्व भएकै छ । त्यसैले त झन्डै आधा शताब्दीअघि आधुनिक चिकित्सा विधिशास्त्रको अध्ययन गर्ने पाठ्यक्रममा पनि 'माटो चिकित्सा'लाई समेटियो । हामीले देखेका हुन सक्छौं गाउँघरमा गाई-गोठ तथा भैंसी-गाँगालाई खुरमा कीटाणु लागेको अवस्थामा खुर डुब्ने गरी हिलोमा राखिन्छ । यसरी खुरमा कीटाणु लाग्ने रोगलाई खोरेत भनिन्छ । माटोमा हुने तत्त्वका कारण खुरमा लागेको कीटाणु मर्नुका साथै घाउ पनि कम हुन्छ ।

■ शुद्ध माटो लेपन

माटो चिकित्सा विधिले उपचार गर्नका लागि जमिनलाई बाहिरी सतहबाट तीनदेखि पाँच फिट गहिराइ हुने गरी खनेर माटो निकालिन्छ । पाँच फिट गहिराइभन्दा तलको कुनै रासायनिक तथा अम्लीय तत्त्व नमिसिएको माटोलाई सुकाएर धुलो बनाइन्छ ।

धुलो बनाइसकेपछि माटो चालेर ढुंगा तथा बालुवाको भाग छुट्याएर मसिनो मैदाजस्तो धुलो तयार गरिन्छ । यस्तो मसिनो धुलो तयार गरिसकेपछि उपचारको आवश्यकताअनुसार प्रयोग गर्न सकिन्छ । व्यक्तिको शारीरिक समस्याको उपचारको प्रकृतिअनुसार धुलो माटोलाई विभिन्न आकार-प्रकारमा तयार गरिन्छ ।

कुनै माटो पानी मिसाएर राम्रोसँग माडी रोटी आकारको बनाइन्छ, कुनै पोखरीमा हाली लेदो बनाइन्छ । कतिपय अवस्थामा भने भाँडोमा माटो पानीमा फिटेर हल्का लेदो बनाई शरीरमा लेपन गरिन्छ । पाचन प्रक्रियाको गडबडीका कारण हुने ग्यास्ट्रिक, पेट पोल्ने, खाना नपच्ने, अल्सरजस्ता पेटसम्बन्धी समस्याका लागि माटोको प्रयोग गरिन्छ ।

यो उपचार विधि अपनाउँदा व्यक्तिलाई उत्तानो पारेर सुताइन्छ । त्यसपछि पातलो कपडामा माटो राखी फिँजाएर रोटीजस्तै बनाइन्छ । यसरी रोटीजस्तै बनाएको माटो कपडासहित पेटमाथि राखिन्छ । माटो राखिसकेपछि माथिबाट शरीर ढाक्ने गरी कम्मल वा बाक्लो कपडा ओढिन्छ । बाहिरी वातावरणमा हुने विभिन्न किसिमका संक्रमणबाट बच्चका लागि यसरी कपडा ओढ्नु उचित हुन्छ ।

करिब २०-२५ मिनेट पेटमाथि माटो राखिन्छ । यसरी माटोबाट उपचार गर्दा पेटमा प्राकृतिक रूपमा शीतलता प्रदान गरी पाचन प्रक्रिया सहज बनाउन मद्दत पुग्छ । त्यति मात्रै होइन, छाती, ढाड, कम्मर, काँधलगायत शरीरका अंगमा हुने समस्याका लागि यो विधि अपनाउन सकिन्छ ।

■ छाला स्वस्थ

छाला चिलाउने, लुतो आउने, विभिन्न किसिमका घाउ-खटिरा हुने तथा सुन्दरताका लागि पनि माटोको प्रयोग गर्न सकिन्छ । छालाको समस्याको उपचारका लागि प्रभावित भागमा भिजाइएको माटोको लेपन लगाइन्छ । ब्रसले लेदो माटोको लेप लगाइन्छ । माटोको लेपन लगाइसकेपछि करिब १५ मिनेट शरीरमा लगाएको माटो सुक्न दिनुपर्छ ।

सुकिसकेपछि मनतातो पानीले नुहाउनुपर्छ । तातो पानीले नुहाउनाले शरीर त सफा हुन्छ नै संक्रमित भएको छालासमेत ठीक हुन्छ । यसरी छालामा माटोको लेपन लगाउँदा छालामा भएका कीटाणु मर्छन् । त्यति मात्रै होइन, माटोमा हुने तत्त्वका कारण छालाको रोग प्रतिरोधात्मक क्षमतामा वृद्धि हुन्छ ।

माटोको प्रयोगले छालाको दुर्गन्ध, काखी गन्हाउने, खुट्टा गनाउनेजस्ता समस्याबाट बच्न सकिन्छ । हाडजोर्नी, बाथ, युरिकएसिडजस्ता समस्याका लागि पनि यो विधि अपनाउन सकिन्छ ।

कोठा स्वच्छ राख्न...



- नियमित रूपमा भुइँ सफा गर्नुस् । फोहोर हटाउनुस् । बेडसिट चेन्ज गर्नुस् । नियमित सफाइले कोठा चिटिक्क मात्रै होइन, सुगन्धित पनि हुन्छ ।
- कडाखाले केमिकलयुक्त प्रडक्टको साटो प्राकृतिक क्लिनिङ प्रडक्ट प्रयोग गर्नु राम्रो हुन्छ । कोठालाई भिनेगर, बेकिङ सोडा, कागतीको रसलगायतको प्रयोगले सफा गरेर वातावरणमैत्री राख्न सकिन्छ ।
- तपाईंको कोठा घाम लाग्ने ठाउँमा भयो भने राम्रो हुन्छ । प्राकृतिक प्रकाशले ब्याक्टेरिया हटाएर तपाईंको कोठालाई ताजा राख्न सहयोग गर्छ ।
- झ्याल र ढोका खुला राख्दा ताजा हावा आउँछ । किरा, फट्यांग्रा वा लामखुट्टेलाई घरभित्र छिर्ने नदिनका लागि झ्यालमा जाली राख्नु राम्रो हुन्छ । इन्डोर प्लान्ट्सले पर्याप्त अक्सिजन सञ्चार गराएर कोठालाई स्वच्छ राख्छ । ताजा फूलहरू राखेर कोठा सजाउन पनि सकिन्छ ।

मोबाइल कति चार्ज गर्ने ?



- मोबाइल धेरैबेर चार्ज नगर्नुहोस् । सामान्यतया तीन घन्टा मोबाइल चार्ज गर्दा हुन्छ ।
- पावर बैंकबाट मोबाइल चार्ज गर्दा ब्याट्री छोटो समयमै ड्यामेज हुने सम्भावना रहन्छ ।
- जहिले पनि चार्जका लागि मोबाइल खरिद गर्दा लिएको चार्जर वा उही कम्पनीको चार्जर प्रयोग गर्नुपर्छ । जथाभावी चार्जर प्रयोग गर्दा ब्याट्री चाँडै खराब हुन्छ ।
- प्रायः मोबाइल कम्पनीले खरिद गरेको एक वर्षसम्म ब्याट्री र चार्जरको वारेन्टी दिएका हुन्छन् । तर, मोबाइललाई पानीबाट जोगाउन जरुरी हुन्छ । पानीबाट नजोगिँदा ब्याट्री मात्र होइन, मोबाइल नै बिग्रने डर हुन्छ ।

NEPAL RED CROSS SOCIETY

TENDER NOTICE

First Notice Published Date: 25 February 2024
Second Notice Published Date: 27 February 2024

The Nepal Red Cross Society invites sealed tenders from manufacturers/reputed firms/suppliers for the supply and delivery of **Cement, Iron Bar, Gabion Box, Pipes, Fittings and other Construction Materials.**

Tender documents with quantity and detail specification of all materials to be supplied can be purchased from Nepal Red Cross Society, National Headquarters, Kalimati, Kathmandu during office hours in working days from **25 February 2024 to 25 March 2024** against payment of Rs. 3,000/- (non-refundable).

The bidders should submit their sealed tenders during working days between office hours **on or before 25 March 2024** and must be marked " **Cement, Iron Bar, Gabion Box, Pipes, Fittings and other Construction Materials".**

The bidder(s) must deposit 2.5 %(two and a half percent) including VAT 13% of the total bid amount as Earnest Money in the form of Bank Voucher against cash deposited in account No. 17-0002089-33 of Nepal Red Cross Society or bank guarantee with the validity of at least 90 days at the submission of bids. The successful bidder(s) will have to deposit 10% (ten percent) of the order value including VAT as Performance Security at the time of signing the agreement.

The sealed tender received will be opened on **26 March 2024,** at NRCS, National Headquarters, Kalimati, Kathmandu at **12:15 P.M.** Any discount, increase or decrease in price will not be accepted after opening of sealed tender.

The bidders should deliver the items to the Tilagufa Municipality of Kalikot district. So, kindly request all the bidders to submit the rates including delivery charges. No delivery charges will be paid by NRCS.

NEPAL RED CROSS SOCIETY
National Head Quarters
Red Cross Marga, Kalimati,
Kathmandu, Nepal
Phone: 01-5370650

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय जनकपुर
जनकपुरधाम धनुषा

आयकर ऐन, २०५८ को दफा १०१(६) को सूचना तथा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २५(१) बमोजिम प्रारम्भिक कर निर्धारण आदेशको जवाफ पेश गर्ने बारेको सूचना

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता रहेको तपसिल बमोजिमका करदाताहरुको तपसिलमा उल्लेख भएका आ.व.हरुको कारोवारको छानविन तथा अनुसन्धान गर्नु पर्ने भएकोले आयकर तथा मू.अ.कर विवरणमा उल्लेखित कारोवारलाई पुष्टि गर्ने खरिद तथा बिक्री खाता, खरिद तथा बिक्री विजक र बैंक विवरण (Bank Statement) सहितका प्रमाण तथा कागजातहरु लिई तपाई सञ्चालक/प्रोप्राईटर स्वयम् वा आधिकारिक प्रतिनिधी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निवेदन सहित उपस्थित हुन भनी आयकर ऐन, २०५८ को दफा ८३ को उपदफा १ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २३ को उपदफा २ बमोजिमको सूचना मिति २०८०/१०/०५ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा तोकिएको म्यादभित्र कार्यालयमा उपस्थित भई आवश्यक विवरण तथा कागजातहरु पेश नगरेकोले कार्यालयमा प्राप्त तथ्याकंहरुको आधारमा यस कार्यालयको स्वीकृत कर परीक्षण प्रतिवेदनको बमोजिम आयकरतर्फ उल्लेखित आ.व.हरुको लागि आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिमको संशोधित कर निर्धारणको सूचना र मू.अ.करतर्फ मू.अ.कर ऐन, २०५२ को दफा २०(१) तथा मू.अ.कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम प्रारम्भिक कर निर्धारण आदेश जारी गरिएकोले तपाई स्वयम् वा अधिकारप्राप्त प्रतिनिधी उपस्थित भई उक्त संशोधित कर निर्धारणको सुचना तथा प्रारम्भिक कर निर्धारण आदेश बुझिलिई सो सूचना वा आदेश बमोजिम कर निर्धारण हुनु नपर्ने वा परिवर्तन गर्नु पर्ने कुनै आधार, कारण र प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस कार्यालयमा पेश गर्नु हुन अन्यथा संशोधित कर निर्धारणको सूचना तथा प्रारम्भिक कर निर्धारण आदेशमा उल्लेख भए अनुसारकै रकमको आयकरतर्फ आयकर ऐन, २०५८ को दफा १०२ बमोजिमको संशोधित कर निर्धारण आदेश तथा मू.अ.करतर्फ मू.अ.कर नियमावली, २०५३ को नियम २९(३) बमोजिमको अन्तिम कर निर्धारण आदेश जारी भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

सि.नं.	स्थायी लेखा नं.	करदाताको नाम	आय वर्ष	ठेगाना
१	६०१४११९६४	माँ जानकी ट्रेडर्स	२०७१।०७२, ०७३।०७४, २०७४।०७५	जनकपुर उ.म.न.पा-९, धनुषा ।
२	६०७६५०३९	आर.के.सप्लायर्स	२०७५।०७६	मलंगवा-२, सर्लाही ।
३	६०८८०४७२५	दुर्गा भवानी सप्लायर्स	२०७५।०७६	मलंगवा-४, सर्लाही ।
४	३०४५३८६७८	मिलन फार्मेशी	२०७४।०७५	मलंगवा-३, सर्लाही ।
५	६०६०९०७१७	कुन्दन कन्स्ट्रक्सन	२०७४।०७५	जलेश्वर-५, महोत्तरी ।
६	६०९११७५८१	लक्ष्मी सप्लायर्स एण्ड कन्स्ट्रक्सन	२०७५।०७६	मलङ्गवा- १०, सर्लाही ।
७	६०१००३६५३	कार्की बिजुली पसल	२०७४।०७५	हरिवन-११, सर्लाही ।
८	३०१७४९९५४	रमण जनरल प्रा.लि.	२०७४।०७५	मुजेलिया-१४, जनकपुर, धनुषा ।
९	६०७५१९८४०	मोहन आल्मुनियम उद्योग	२०७५।०७६	बर्दीवास-१४, महोत्तरी ।
१०	३०४९६४९९२	साक्षी ट्रेडर्स	२०७१।०७२	जनकपुर उ.म.न.पा-१, मिल्स एरिया, धनुषा ।

Doramba Shailung Rural Municipality
Office of the Municipal Executive
Tokarpur, Ramechhap
Bagmati Province

Invitation for Bids

First date of publication: 15th Falgun, 2080 (27 feburary, 2024)

The Doramba Shailung Rural Municipality, Tokarpur Ramechhap invites electronic bids from eligible bidders as below.For Further Information visit PPMO's website www.bolpatra.gov.np/egp or visit www.dorambamun.gov.np. The Summary of Contract is tabulated below.
Under National Competitive Bidding-Single stage Single Envelope Bidding Procedures:

S. N	Contract No.	Description of Work	Minimum Bid Security Amount NRS	Bid Document Fee(Non refundable) NRS	Bid validity/ Bid security validity Period	Estimated cost (exclusive VAT) NRS
1	DSRM/Works/ NCB/080/81-15	Karangmarang khola muhan hudai hagsum gumba Water supply Scheme	60000	3000	90 days/120 days	21,26,500.59

Information to deposit the cost of bid document: Global IME Bank, Doramba , Ramechhap
For Bid Doc Fee: Ac no: R904010000008 (Ga.1.1 Aantarik Rajaswo Khata Doramba)
For Bid Security : Ac no: R904010000004 (Ga.3 Dharauti Khata Doramba)
Last Date of purchasing bid and submission of Bids : on or before 12:00 hour noon on 28th March, 2024
Date of Opening Bids : 14:00 hours on 28th March, 2024
Note: If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.

कार्बन फार्मिङ : जलवायुमैत्री कृषि प्रणालीमा लाभ

कार्बन खेतीबाट कृषकको कृषि उत्पादनसँगै अतिरिक्त आम्दानी बढ्छ भने अर्कातिर वायुमण्डलको कार्बन घटेर जलवायु समस्या समाधान गर्न सहयोग पुग्छ



● लोकबन्धु घिमिरे

अग्रलेख


वायुमण्डलमा बढिरहेको हरितगृह ग्यासका कारण पृथ्वीको तापमान बढिरहेको छ। हरितगृह ग्यासमध्ये विशेषगरी मानवसिर्जित कार्बनडाइअक्साइड नै तापमान बढाउन जिम्मेवार रहेको र यो हाल ४१० पिपिएम स्तरमा थुप्रिएकाले यतिवेला कार्बन न्यूनीकरणका उपाय अवलम्बन गरी यो स्तर घटाउनैपर्ने दबाब वैश्विक अर्थ प्रणालीमा परेको छ।

पेरिस जलवायु अभिसन्धि-२०१५ ले वायुमण्डलमा उत्सर्जित हुने कार्बनको मात्रा घटाई सन् २०५० भित्र 'नेट जिरो (शून्य उत्सर्जन)' प्राप्त गर्ने र यो शताब्दीमा १.५ डिग्रीभन्दा बढी वृद्धि नहुने गरी तापमान स्थिरीकरण गर्ने लक्ष्यसमेत लिएको देखिन्छ। यस अभिसन्धिले कार्बन न्यूनीकरणका दुइटा विधि सुझाएको छ। पहिलो, कार्बन ऊत्सर्जन कम गर्ने (एभोइडिङ/रिडक्सन) उपायका लागि उद्योगधन्दा, कृषिकार्य, खनिज जलन आदिबाट सुरु बिन्दुमै उत्पन्न हुने कार्बनलाई वायुमण्डलमा निस्कन नदिन खनिज ऊर्जाको सट्टा हरित ऊर्जालाई बढावा दिने रउद्योगहरूमा न्यून कार्बन उत्सर्जन प्रविधिको अधिकतम प्रयोग गर्ने उपाय हुन्छन् भने दोस्रोमा वायुमण्डलमा गइसकेको कार्बनलाई धेरैभन्दा धेरै सोसेर फिर्ता गरिराख्ने कार्बन अवशोषणका (रिमुभल/सेक्युट्रेसन) जस्ता उपायलाई तीव्र बनाउनुपर्ने भनिएको छ।

युनेप जलवायु प्रतिवेदन-२०२३ अनुसार गत वर्ष कुल मानव उत्सर्जित कार्बनको परिमाण ४०.२ अर्ब टन थियो, जसमा कृषि र वन क्षेत्रबाट २२ प्रतिशत, उद्योगबाट ३२ प्रतिशत, खनिज ऊर्जा जलनबाट २४ प्रतिशत, यातायातबाट १५ प्रतिशत र अन्यबाट साथ प्रतिशत उत्सर्जन भएको देखिएको छ। जलवायु समस्या हल गर्न यतिखेर हामीले कार्बन खेती (कार्बन फार्मिङ) बारे निकै सुनिरहेका छौं। कृषि वैज्ञानिकले कार्बन न्यूनीकरण (मिटिगेसन) को दोस्रो उपाय अर्थात् कार्बन रिमुभललाई प्रभावकारी बनाउन कार्बन खेती गर्न सकिन्छ र यो खेती प्रणाली जलवायु परिवर्तनसँग जुध्न निकै उपयोगी हुन्छ भनेर सबै मुलुकलाई कार्बन खेतीको प्रोत्साहन हुने नीतिगत व्यवस्था गरी कृषकलाई अतिरिक्त जलवायु लाभ प्रदान गर्न सुझाइरहेका छन्। युरोपले त 'न्यू ग्रिन डिल' नीति कार्यान्वयनमै ल्यायो भने अमेरिका, चीन, भारतजस्ता ठूला कार्बन उत्सर्जक मुलुकले कृषि र वन क्षेत्रबाट वायुमण्डलमा जाने २२ प्रतिशत कार्बन न्यूनीकरण गर्न यही प्रणालीलाई अगाडि लगेको पाइन्छ। यसबाट वन क्षेत्र व्यवस्थापनसँगै कृषिजन्य प्रणालीबाट सिर्जित कार्बन क्रेडिट बिक्री गरी कृषकको पर्यावरणीय योगदानबापत अतिरिक्त मौद्रिक भुक्तानी (इकोलोजिकल को-बेनिफिट) पाइरहेका छन्, जसलाई हरित वित्तीय उत्प्रेरणाको नमुना मानिन्छ।

कसरी गरिन्छ कार्बन खेती ? : सरल भाषामा भन्दा उत्सर्जन भई वायुमण्डलमा गइसकेको कार्बनलाई घटाउन वन क्षेत्रमा गरिने वन व्यवस्थापनका अभ्यास र कृषियोग्य जमिनमा गरिने खेतीपाती तथा पशुपालनका विभिन्न अभ्यासमार्फत लामो समयसम्म हावामा रहेको कार्बनलाई खिचेर जमिनमा भण्डारण गरिराख्ने प्रक्रिया नै कार्बन फार्मिङ हो। वन क्षेत्रमा 'रेड'र 'रेड प्लस' अवधारणा सक्रिय वन व्यवस्थापन क्रियाकलापअन्तर्गत कार्बन पुल व्यवस्थापन हुन्छ भने कार्बन फार्मिङकै नाममा बढीजसो अपनाइएको यो अभ्यास कृषि क्षेत्रमा गरिन्छ। यसअन्तर्गत कृषि जमिनमा रोपिने बोटबिरुवा, रुखपात र काण्ड तथा जरामा कार्बनको मात्रा बढाउनुका साथै माटोको उर्वरापन (प्रांगारिक एवं मलिलोपन) मा समेत अभिवृद्धि गरी थप कार्बन अड्याउने (एडिसनल कार्बन स्टक होल्डिङ गर्ने) कार्य पर्छन्। यसले माटोको टेक्स्चर र स्ट्रक्चरमा गुणस्तरीयता ल्याउँदै सोभित्र रहने ब्याक्टेरिया, अल्गी, किरा र गँड्यौला (सोइल बायोटा) को सञ्चय मात्रा पनि बढाउँछ। यसमा एग्रो-इकोलाजिकल प्रक्रियालाई बढावा दिने परम्परागत र रैथाने कृषिकर्म पनि समावेश हुन्छन्। यसलाई सस्टेनेबल कृषि, रिजनेरेटिभ कृषि, अर्गानिक कृषि, जैविक कृषि, एग्रो-इकोलोजी, पर्माकल्चर प्रणालीलगायत नामले सम्बोधन गरिन्छ। यी सबै कृषि पद्धतिमा माटोभन्दा माथि हुने कार्बनलाई रुखबिरुवाको कार्बन सञ्चिति दर बढाई माटोभित्र अवशोषित हुने गरी कार्बन सञ्चय क्षमता थप गराइन्छ। फलस्वरूप कृषि जैविक/संरचनात्मक विविधता बढाउँदै थप कार्बन परिमाणलाई उल्लेख्य रूपमा माटोभित्रै स्टोर गर्न सकिन्छ। कार्बन क्रेडिट (प्रतियुनिट कार्बन मूल्य) बढ्न गई सोही क्रेडिटको मौद्रिक भुक्तानी कृषकले पाउने व्यवस्था मिलाइन्छ। यसैलाई जलवायुजन्य वित्तीय सहलाभ मानिन्छ। फलस्वरूप एकातिर यसबाट कृषकको कृषि उत्पादनका साथै अतिरिक्त आम्दानी बढ्छ भने अर्कातिर वायुमण्डलको कार्बन घटेर जलवायु समस्या समाधान गर्न सहयोग पुग्छ।

पेरिस अभिसन्धि-२०१५ ले जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा पर्ने नकारात्मक असरबाट उत्पन्न हुनसक्ने खाद्य असुरक्षा, उत्पादन जोखिम र भोकमरी सम्बोधन गर्न सबै पक्षराष्ट्रलाई आग्रह गरेको छ। साथै, कृषि क्षेत्रमा 'कार्बन सिंक'को दायरा र क्षमता बढाउन पनि अनुरोध गरेको छ। भर्खरै सम्पन्न कोप-२८ जलवायु सम्मेलनमा पनि दिगो कृषि उत्पादन पद्धति अपनाउनेबारे १३० देशले सहमति गरेका छन्, जसमा



खाद्य जोखिम र जलवायु परिवर्तनसँग जुध्न माटोको स्वस्थकर क्षमता बढाउने कार्बन फार्मिङजस्ता रूपान्तरणकारी परियोजना अवलम्बन गर्ने भनिएको छ। यतिवेला संसारमा कार्बन खेती अभ्यासका धेरै मोडल चलेका छन्। आइपिसिसीले ऊर्जा, कृषि-वन, यातायात, उद्योग र पूर्वाधार क्षेत्रमा ग्रिन क्रेडिट भनेर अहिलेसम्म १७० प्रकारका नमुना पहिचान गरेको छ, जसमध्ये कृषि क्षेत्रको कार्बन फार्मिङ उपक्षेत्रमा मात्रै १६ वटा ग्रिन क्रेडिटजन्य व्यावसायिक नमुना रहेका देखिन्छन्। तीमध्ये कृषि-वन बाली पद्धति, निजी वन खेती, माटो/भूसंरक्षणसहित भेटिभर खेती र बाँसखेती, सिल्भोपाश्चर, इपिएम, गँड्यौला र सोइल बायोटा खेती, जिरो टिलेज, धानखेतीमा बायोचार पद्धति, सोइल मल्चिङ, कम्पोस्टिङ र अर्गानिक खेती, मिथेन कम गर्ने पशुपालन, माछापालन र पोखरी निर्माण आदि प्रमुख रहेका छन्।

> तीन तहका सरकारले नेपाली कृषकलाई 'ग्रिन क्रेडिट'को लाभ पुऱ्याउन समन्वय र सहकार्यका माध्यमबाट एकीकृत राष्ट्रिय हरित नीति तर्जुमा गरी कार्बन खेतीबाट प्राप्त हुने अतिरिक्त मौद्रिक लाभ बाँडफाँटको कानुनी ढाँचा तयार गर्नुपर्छ

नेपालमा कार्बन खेतीको अवस्था : दीर्घकालीन नेट जिरो रणनीति-२०२१ अनुसार नेपालले कार्बन न्यूनीकरण गरी सन् २०४५ सम्ममा शून्य कार्बन लक्ष्यसहित कार्बन न्युट्रल, इन्क्लुसिभ एन्ड क्लाइमेट फ्युचर अर्थतन्त्र प्राप्त गर्ने प्रतिबद्धता लिएको छ। उक्त रणनीतिपत्रले नेपालले उत्सर्जन गर्ने सरदर वार्षिक २३ करोड ३० लाख टन कार्बन (सन्२०१९को आधारलाई मान्दा) लाई आधार मानी कार्बन वृद्धि प्रक्षेपणअनुसार नेपालमा सन् २०३० सम्ममा तीन करोड ४० लाख टन र सन् २०५० सम्ममा सात करोड ९० लाख टन कार्बन पैदा हुन सक्ने बताइएको देखिन्छ। यसलाई ऊर्जा उत्पादन क्षेत्र, उद्योग, कृषि एवं जमिन परिवर्तन, वनजंगल विनाश, फोहोर विसर्जन र ऊर्जाको व्यापार क्षेत्र गरी ६ वटा उत्सर्जन क्षेत्रमा वर्गीकरण गरेको छ। कृषि एवं जमिन परिवर्तनबाट हुने कार्बन उत्सर्जन भने हाल ८० लाख टन भएको र यो बढेर सन् २०५० मा एक करोड ७० लाख टन हुन सक्ने बताइएको छ। समग्रमा उक्त समयमा कृषिबाट कुल कार्बन/मिथेन उत्सर्जन दुई करोड ७८ लाख ६० हजार टन हुने देखिन्छ। कृषि क्षेत्रबाट हुने यस्तो मिथेन वा कार्बन उत्सर्जन खासगरी पुरानो खेती पद्धति, पशुपालन र खनजोत अभ्यास, धानखेती, कमसल मलखाद प्रयोग, माटोको खलबलाहटजस्ता क्रियाकलापबाट हुने भएकाले यसलाई सुधार गरी कम खनजोत वा 'नो टिलेज', अर्गानिक खेती, उत्थानशील कृषि र सुधारिएको पशुपालनजस्ता अभ्यासबाट घटाउने भनिएको छ। नेपालले यिनै कृषि अभ्यासबाट कृषकलाई जलवायु वित्तीय सहलाभ (कार्बन क्रेडिट) दिने योजना बनाउनु उचित हुन्छ। यसमा कार्बन स्तर घटाउने र माटोको कार्बन भण्डारण क्षमता बढाउने कार्ययोजना अघि लैजानु राम्रो हुन्छ। नेपालले कार्यान्वयनमा ल्याएको कृषि जैविक विविधता रणनीति (संशोधनसहित २०७१) मा जलवायु अनुकूलित कृषि, खाद्य सुरक्षा, कृषि बिमा र सन्तुलित इकोसिस्टमलाई टेवा पुऱ्याउनेसहितका उद्देश्य बोकेको छ। यसले कृषि क्षेत्रको जैविक विविधताको प्रबलीकरणसहित भूपरिधिस्तरको कृषि अभ्यासलाई पनि आत्मसात् गरेको देखिन्छ।

यसरी हेर्दा वन अभ्यासबाट हुने कार्बन व्यापारको सुरुवाती पाइलट कार्यक्रम भनी 'रेड कार्यान्वयन केन्द्र'ले तराई भूपरिधिस्तरमा दिगो वन व्यवस्थापन गरी जलवायु वित्तीय लाभ लिने योजना बनाएको पाइन्छ। यसमा वन कार्बन पार्टनरसिप फेसिलिटीअन्तर्गत आइबिआरडी बैंकसँग एमओयू पनि भएको छ। यस्मा प्रतियुनिट पाँच डलरका दरले ९० लाख इआर युनिटको कार्बन क्रेडिटको बिक्री खाका बनाइएको छ। पछि यसबाट नेपालका २२ हजार सामुदायिक वनले कार्बन व्यापारबाट लाभ लिन सक्ने राम्रो सम्भावना देखिन्छ। ठीक यसै बखत नेपालका कृषकले पनि कसरी लाभ लिन सक्लान् भन्ने प्रश्नमा परिचर्चा सुरु भएका छन्। अन्तर्राष्ट्रिय पत्रिका 'द थर्ड पोल'को जनवरी १२, २०२४ को अंकमा नेपालमा कार्बन कर लगाउन सकिने छनोटका विषयमा एउटा सानो आलेख प्रकाशन भएको देखिन्छ। सम्भावित कार्बन क्रेडिट योजनासँगसँगै नेपालका उद्योगलाई कार्बन कर (ट्रेड एन्ड क्याप) को नयाँ संयन्त्र लागू गर्ने बखत नेपालका किसान यस्तो नीतिगत व्यवस्थाले कसरी लाभकारी होलान् भन्नेमा ध्यान पुऱ्याउनुपर्ने हुन्छ। कृषिगणना २०७७ ले नेपालमा ४१ लाख घरधुरीले कृषि पेसा अपनाई २२ लाख १८ हजार ४१० हेक्टर जमिनमा खेती प्रणाली अवलम्बन गरेको देखाउँछ, जसको आधा जमिनमा सिँचाइ सुविधा पुगेको देखिन्न। मुख्य बालीमध्ये धान बाली मात्रै १२ लाख हेक्टरमा रहेको देखिन्छ, जुन कार्बन (मिथेन) उत्सर्जनको मुख्य क्षेत्र रहेको छ। तसर्थ, यसबाट कसरी कार्बन न्यूनीकरण गर्ने, सोबाट कार्बन क्रेडिट कसरी बढावा गर्ने र बढीभन्दा बढी हरित लाभको सिर्जना गर्ने हो भनी सोच्नुपर्छ।

कोर कार्बन प्रिन्सिपलअनुसार वैश्विक कार्बन अफसेट बजार (रेगुलेटेड वा भोलन्टरी मार्केट) संयन्त्रमा जाँदा कार्बन फार्मिङका योजनाबाट पालना गरिनुपर्ने निम्न दश परिसूचकलाई ध्यान दिई कार्बन क्रेडिट योजना बनाउन सके नेपाली कृषक पनि कार्बन व्यापार बजारबाट थप लाभदायी हुनेछन्। यसमा सम्बन्धित योजना आयोग तथा कृषि मन्त्रालयले ध्यान पुऱ्याउनुपर्छ। यसअन्तर्गत १) कार्बन एडिसनालिटी हुनुपर्ने, २) जलवायु न्यूनीकरण सिद्धान्त अवलम्बन भएको हुनुपर्ने, ३) कार्बनको दोहोरो गणना नहुनुपर्ने, ४) स्थायित्व (पर्मानेन्स) हुनुपर्ने, ५) कार्य सुसञ्चालित (गुड गभर्नेन्स) हुनुपर्ने, ६) कार्बन रजिस्ट्रर हुनुपर्ने, ७) तेस्रो पक्ष 'भेरिफिकेसन'भएको हुनुपर्ने, ८) दृढ परिमाणात्मक हुने र उत्सर्जन न्यूनता हुने, ९) दिगो विकास-२०३० को लक्ष्यलाई पछ्याउनुपर्ने, १०) नेट जिरोको लक्ष्यसँग पनि समायोजित हुनुपर्ने भनी योजनागत मापदण्ड र परिसूचक तोकिएको छ।

यसरी हेर्दा स्थानीय, प्रदेश र संघीय सरकारले नेपाली कृषकलाई ग्रिन क्रेडिटको लाभ पुऱ्याउने सन्दर्भमा आपसी समन्वय र सहकार्यका माध्यमबाट एकीकृत राष्ट्रिय हरित नीति तर्जुमा गरी कार्बन खेतीबाट प्राप्त हुने अतिरिक्त मौद्रिक लाभ बाँडफाँडको कानुनी ढाँचासमेत तयार गर्न सके कमसेकम विद्यमान जिडिपीको २-५ प्रतिशतसम्मको जलवायु सहलाभ लिन सकिन्छ। यसबाट गरिब र साना कृषकलाई कृषि उत्पादनको बढावाका सँगसँगै अतिरिक्त जलवायु आय सिर्जना गरी उनीहरूको जीविकोपार्जनस्तर उकास्न सहयोग पुऱ्याउन र एग्रो-इकोलजीको समुत्थान र कृषि जैविक विविधता प्रबलीकरणसहित जलवायु परिवर्तनसँग लड्न अभिप्रेरित गर्न सकिन्छ।

(लेखक वन तथा वातावरण विभागमा कार्यरत छन्)

---

३ प्रश्न

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति **प्रा. केदारभक्त माथेमा**लाई



चारवर्षे स्नातक तहलाई तीन वर्षमा झार्ने बहसलाई कसरी हेर्नुभएको छ ?

मैले यस विषयमा राम्ररी अध्ययन गर्न त पाएको छैन। तर, नयाँ भिसीसाबले यस विषयमा बोल्नुभएको हुनाले सायद उहाँले यसबारे केही सोचेरै बोल्नुभएको होला। विगतमा तीनवर्षे स्नातक तहलाई बाहिरका विश्वविद्यालयसित तालमेल मिलाउने उद्देश्यले चारवर्षे बनाइएको थियो। खासगरी यहाँको शिक्षालाई सबैतिर स्वीकार्य बनाउन निश्चित क्रेडिट आवर पूरा गरेको हुनुपर्छ। पहिले यहाँबाट स्नातक गरेर बाहिर पढ्न जाने विद्यार्थीले थप एक वर्ष अध्ययन गर्नुपर्थ्यो। सायद यस विषयमा विश्वविद्यालयले अध्ययन गरेर लेखाजोखा गरेको होला।

चारवर्षे स्नातकलाई तीनवर्षे बनाउँदाका फाइदा–बेफाइदा के–के छन् ?

तीनवर्षे बनाउँदा कम समय लाग्छ। गाउँगाउँबाट सहरमा डेरा गरी पढ्ने विद्यार्थीको एक वर्षको खर्च कम हुन्छ। उसले छिटो जागिरमा जान सक्छ। यो विद्यार्थी र अभिभावक दुवैका लागि फाइदाको विषय हो। तर, बाहिरको अवस्था पनि हामीले हेर्नुपर्छ। विशेषगरी सार्क मुलुकको अवस्था अध्ययन गर्नुपर्छ। बाहिरका विश्वविद्यालयसँगको समकक्षता नहुन सक्छ। यो पक्षबारे चाहिँ विश्वविद्यालय सजग हुनुपर्छ।

त्रिविमा शैक्षिक क्यालेन्डर लागू गर्न किन नसकिएको होला ?

म भिसी हुँदाको समयमा पनि यो समस्या थियो। शैक्षिक क्यालेन्डरको 'अपरेसन' सहज थिएन। पहिल्यैदेखि बाँकी रहेका विषयका परीक्षा गर्दागर्दै समय जान्छ। कतिपय विषयमा धेरै परीक्षार्थी हुने हुँदा उत्तरपुस्तिका परीक्षण गर्ने मान्छेसमेत नपाइने पनि हुन्छ। तर, जेजस्ता समस्या भए पनि यो लागू गर्न सकिन्छ र नयाँ भिसीसाबको पहल सकारात्मक छ।

प्रेरक प्रसंग

कसको मूल्य कति ?

फलाम कारखानामा आफ्ना पिता र कामदारको काम नियालिरहेका एक बालकले अचानक पितासित प्रश्न गरे- बाबा, यस संसारमा मानिसको मूल्य कति हुन्छ ? बालक छोराको गम्भीर प्रश्नले पिता छक्क परे। उनले भने- बाबु, मानिसको मूल्य बताउन कठिन छ। मानिस अनमोल छ। बालकले पुनः प्रश्न गरे- के सबै मानिस उत्तिकै अनमोल र महत्त्वपूर्ण छन् त ? पिताले भने- हो बाबु ! पिताको जवाफबाट बालक सायद सन्तुष्ट हुन सकेनन् र पुनः प्रश्न गरे- त्यसो हो भने यस संसारमा कोही गरिब त कोही धनी किन छन् ? कसैको सम्मान बढी त कसैको कम किन हुन्छ ? बालकको प्रश्न सुनेर पिता केहीबेर शान्त रहे र स्टोरबाट एउटा फलामको रड निकालेर ल्याए। रड देखाउँदै पिताले बालकलाई प्रश्न गरे- यसको मूल्य कति होला ? के तिमी बताउन सक्छौ ?



बालकले जवाफ दिए- सायद दुई सयजति पर्ला कि ? पिताले पुनः प्रश्न गरे- यदि मैले यस रडबाट ससाना किला बनाएर बेचें भने यसको मूल्य कति होला ? बालकले केहीबेर सोचेर जवाफ दिए- त्यतिखेर यसको मूल्य लगभग एक हजार पर्ला। पिताले पुनः प्रश्न गरे- यदि मैले यसबाट घडीमा प्रयोग हुने प्रशस्त स्प्रिङ बनाएर बेचें भने कति मूल्य पर्ला ? बालकले केहीबेर गणना गरेर उत्साहित हुँदै भने- त्यतिखेर यसको मूल्य झन् धेरै हुनेछ। पिताले सन्तुष्ट हुँदै भने- ठीक यसैगरी मानिसको मूल्य ऊ कस्तो छ भन्ने आधारमा नभई उसले आफूलाई के बनाउन सक्छ, त्यसमा निर्भर हुन्छ। पिताको जवाफबाट बालकले मानिसको मूल्य थाहा पाइसकेका थिए।

टिप्पणी nayapatrikaofficial @naya_patrika

न्याय प्रणालीको अनुहार

पाँच वर्षमा ११ न्यायाधीश बर्खास्त भएको समाचार पढ्ने जोकोहीले पनि यहाँको न्याय प्रणालीको सजिलै आकलन गर्न सक्छ। भ्रष्टाचार, शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र तथा विवादास्पद फैसला गरेकोजस्ता आरोप ती न्यायमूर्तिमाथि लागेको देखिन्छ। यस्तै-यस्तै आरोपको सेरोफेरोमा कारबाही अघि बढ्ने भएपछि यही अवधिमा आधा दर्जनभन्दा बढी न्यायमूर्तिले राजीनामा दिएर उन्मुक्ति पाएका पनि छन्। न्यायाधीशमाथि पर्न गएको उजुरीको अन्तिम किनारा नलाग्दाको अवधिमा कसैले राजीनामा दिँदैमा राजीनामा स्वीकृत भएर आरोप राफसाफ हुने हो भने न्यायाधीशमा एक प्रकारको अनैतिक बललले सर्घै नै प्रश्रय पाइरहने अवस्था आउन सक्छ र यो भन्नै भयावह हुन सक्ने देखिन्छ।

● **महेशप्रसाद ढुंगाना**, नयाँबानेश्वर, काठमाडौं
maheshdhungana810@gmail.com

दुर्गमका जनताका पीडा सुन

'चामल मात्रै होइन, नुनका लागि पनि लाइन' शीर्षकको समाचार पढ्दा मनै खिन्न भयो। सय रुपैयाँमा पाइने पाँच किलो नुन किन्न दुई हजारभन्दा बढी खर्च गर्न बाध्य हुनुपर्ने अवस्था आउनु भनेको राज्यको गम्भीर असफलता हो। देशका जनताले पैसा तिरेर पनि चामल, नुनजस्ता अत्यावश्यक उपभोग्य सामग्रीसमेत पाउन नसक्नुजति पीडा अर्को के नै होला र ? राज्यले यस्तो पीडा बुझेर तत्काल वडावडाबाटै यस्ता उपभोग्य सामग्री बिक्री गर्ने व्यवस्था मिलाओस्।

● **सम्झना ऐर**
कोहलपुर, बाँके

कहिलेसम्म श्रमिक निर्यात गरिरहने ?

'जापानमा श्रमिक पठाउने ढोका खुल्यो' शीर्षकको समाचार पढियो। समाचार पढ्दा खुसी हुने कि दुःखी, पत्तै भएन। जापानजस्तो विकसित देशमा जाने सपना धेरै नेपालीले बुनेका हुन्छन्। यस्तोमा जापानले वार्षिक २० हजार श्रमिक लिने र मासिक औसत तीन लाख पारिश्रमिक पाइने सुन्दा खुसी नै हुनुपर्ने हो। तर, यसरी युवा श्रम निर्यात गरिरहँदा गाउँघर रित्तिँदै गएका छन्। देश युवा जनशक्तिविहीन हुँदै गएकोतर्फ पनि ध्यान दिने कि ?

● **स्वरूप विक**
विदुर, नुवाकोट

उपकुलपतिले काम गरेर देखाऊन्

नेपालकै जेठो त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले भर्खरै नयाँ नेतृत्व अर्थात् उपकुलपति (भिसी)पाएको छ। छान्ने वेलामा जसरी छाने पनि यसपटक खुला प्रतिस्पर्धाको बाटोबाट कुलपति अर्थात् प्रधानमन्त्रीसमक्ष पेस भएका अन्तिम तीनमध्ये प्रा.डा. केशरजंग बराल नियुक्त भएका छन्। उनले आफ्नो कार्यकालभरि त्रिविलाई सुधारेर विद्यार्थी र अभिभावकको विश्वास जित्न सक्ने संस्था बनाउने दाबी गरेका छन्। उनले त्रिविलाई अब्बल शैक्षिक संस्था बनाउने प्रण गरेका छन्। उनको बोली कति सार्थक हुन्छ र त्रिविको मुहार कति फेरिन्छ, त्यो त भविष्यले नै बताउनेछ।

अहिले त्रिभुवन विश्वविद्यालयको मूल समस्या भनेको समयमै परीक्षा नहुनु हो। उसले न समयमै परीक्षा लिन्छ, न त समयमै परीक्षाफल नै प्रकाशित गर्छ। परीक्षाफल प्रकाशित भएपछि पनि एउटा ट्रान्स्क्रिप्ट लिन जाँदासमेत महिनौं धाउनुपर्ने अवस्था छ। विद्यार्थीलाई त्रिवि धाउँदाधाउँदा महिनौं बित्छ। राजनीतिक पहुँचमा भर्ती भएका त्रिविका कर्मचारीलाई कसैले बोल्न र भन्न केही पाउँदैन। विद्यार्थीलाई भोलि आउनु भन्नेबाहेक उनीहरूको अन्य कामै छैन। यसलाई चलायमान गर्न सक्ने उपकुलपति चाहिएको थियो। कम्तीमा नवनियुक्त उपकुलपतिले त्रिविको क्यालेन्डर तयार गरेर त्यसलाई कडाइसाथ कार्यान्वयन गरे र विद्यार्थीको समयमै परीक्षा सञ्चालन र समयमै परीक्षाफल प्रकाशित भयो भने त्यो नै नवनियुक्त उपकुलतपतिको सफलता ठहरिनेछ। हेर्रौं, उनको बोली र गराइमा कति समानता पाइन्छ। उनको कार्यकाल सफल बनोस् र त्रिविले नयाँ स्वरूप पाओस्।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

सेनेगाली लोकतन्त्रमाथि मडारिएको खतरा

दुई अर्बभन्दा बढीले मतदान गरेपछिको अवस्थामा सेनेगलमा लोकतन्त्र सुनिश्चित गर्नु विश्वका लागि एक शक्तिशाली सन्देश हुनेछ



देश/विदेश

● अदजी बुसो दिइङ

जटिल अफ्रिकी राजनीतिक परिदृश्यमा सेनेगललाई लामो समयदेखि चम्किलो लोकतन्त्रका रूपमा लिइन्थ्यो। अर्थात्, सेनेगलमा उदार मूल्य-मान्यतालाई स्वीकार गरिन्थ्यो र नागरिकको मतको सम्बोधन हुन्थ्यो। तर, हालैका केही घटनाले सेनेगलमाथि कालो बादल मडारिएको छ र मुलुक अनिश्चतता एवं अशान्तितर्फ गइरहेको छ। यही ३ फेब्रुअरीमा राष्ट्रपतीय चुनावी अभियान सुरु हुनुभन्दा केही घन्टाअघि राष्ट्रपति म्याकी सलले अचानक चुनाव सारे। यही २५ फेब्रुअरीमा हुनुपर्ने चुनाव १५ डिसेम्बर २०२४ मा हुने भनिएको छ। यसले सल सत्ता नौ महिना तन्किने र अराजकता बढ्ने देखिएको छ।

चुनावी ढिलाइलाई लिएर व्यापक जनप्रदर्शन भएको छ र मुलुकका २० मध्ये १५ विपक्षी उम्मेदवारले सललाई उनको सेवा अवधि सकिने समय २ अप्रिलअगावै चुनाव गराउन दबाब दिएका छन्। सेनेगलको सर्वोच्च अदालतले चुनाव सार्ने निर्णयलाई असंवैधानिक घोषणा गरेपछि राष्ट्रपति सल 'चाँडोभन्दा चाँडो चुनाव गराउने' वाचा गरिरहेका छन्। यो सबले के जनाउँछ ?

चुनावी ढिलाइलाई जायज ठहऱ्याउन सलले बढी समावेशी चुनावको आवश्यकता रहेको जनाएका थिए। वास्तवमा थुप्रै महत्त्वपूर्ण राजनीतिक व्यक्तिलाई संवैधानिक परिषद्ले मापदण्ड पूरा नगरेको भन्दै चुनाव लड्नबाट रोक लगाएको छ। यिनमा थुनामा रहेका चर्चित विपक्षी नेता औस्मान सोन्को र भ्रष्टाचार आरोपमा जेलजीवन बिताएका पूर्वमन्त्री एवं पूर्वराष्ट्रपति अब्दुलाए वेडका छोरा करिम वेड पनि छन्। अहिले वेड कतारमा छन्। वेडलाई अयोग्य ठहऱ्याउनुका पछाडि उनले फ्रान्स र सेनेगल दुवै देशको नागरिकता लिएको आरोप छ। र, सेनेगलको संविधानले दोहोरो राष्ट्रियता बोक्नेलाई राष्ट्रपति उम्मेदवारका लागि अयोग्य ठहऱ्याउँछ। सोन्कोलाई भने आपराधिक रेकर्डका कारण अयोग्य ठहऱ्याइएको छ। वेडले सेनेगलका प्रधानमन्त्री एवं सलले रुचाएका उत्तराधिकारी अमडु बालाई संवैधानिक परिषद्का दुई सदस्यलाई प्रभावित गरेर आफ्नो उम्मेदवारी रद्द गराएको र यसैका कारण चुनाव सारिएको आरोप लगाएका छन्। लगत्तै विभिन्न राजनीतिक विचार बोकेका दलका सांसदले १५ डिसेम्बरसम्ममा चुनाव गराउने ढिलाइलाई अनुमोदन गरेका थिए। तर, गाइ मारियस साम्नालगायत केही विपक्षी सदस्यले संसद्मा प्रस्तावित प्रस्तावलाई चुनौती दिए। यसरी चुनौती दिनेलाई प्रहरीले केही समयका लागि थुनेको थियो।

चुनाव सार्नुका पछाडि सलको वास्तविक उद्देश्य के हो, त्यो अझै स्पष्ट हुन सकेको छैन। केहीका अनुसार ढिलाइका पछाडि मत सर्वेक्षणमा अमडु बा कमजोर अवस्थामा देखिनु हो भनेका छन् भने केहीले सलको निर्णय प्रक्रियामा आएको व्यक्तिगत मामिला हो भनेका छन्। कतिपयले चाहिँ सल बालाई चुनावी सूचीबाट हटाएर विकल्प खोजिरहेका छन् पनि भनेका छन्। कारण जेसुकै भए पनि सेनेगललाई नजिकबाट ननियालिरहेकालाई हालैको राजनीतिक विकास एक धक्काजस्तो लाग्न सक्छ। जुलाई २०२३ मा सलले आफूले राष्ट्रपतिको तेस्रो कार्यकाल नचाहेको बताएका थिए र आफू अप्रिल २०२४ मा पद छोड्ने जनाएका थिए। स्मरण रहोस्, सेनेगलमा संविधानतः कुनै व्यक्ति तेस्रोपटक राष्ट्रपति हुन पाउँदैन। उनी इकोवास क्षेत्रमा लोकतान्त्रिक शासन व्यवस्था हुनुपर्छ भनेर आवाज मुखर गर्ने व्यक्ति हुन्। उनको यो पैरवी छिमेकी माली, बुर्किनाफासो र नाइजरमा भाएको कुपछि सतहमा आएको थियो।



तस्बिर : जन वेसल्स/एएफपी

तर, उनको कामले अर्कै यथार्थ झल्काउँछ। सन् २०१९ मा दोस्रो कार्यकालको सरुवातदेखि सेनेगलका नागरिकले उत्पीडनको सामना गरेका छन्, भ्रष्टाचार काण्ड सहेका छन् र जनताको प्रजातान्त्रिक अधिकार क्षय भएको छ। शान्तिपूर्ण विरोधले अत्यधिक र घातक बलको सामना गरेका छन्, मिडियामाथिको सेन्सरसिप र इन्टरनेट बन्द गरेर असहमतिलाई दबाइएको छ र पत्रकार, कार्यकर्ता एवं राजनीतिक विरोधीलाई जेल हालिएको छ। फ्रिडम हाउसले सेनेगललाई आंशिक रूपमा स्वतन्त्रको संज्ञा दिएको छ र यसलाई हाउसले अहिलेसम्म कायमै राखेको छ। अन्तर्राष्ट्रिय समुदाय धेरै हदसम्म मौन छ र सललाई उनको सरकारको कार्यका लागि जवाफदेही बनाउन असफल भएको छ।

तथापि अन्धकारबीच आशाको किरणका रूपमा सेनेगाली जनताको अदम्य साहस एवं जोसलाई देख्न सकिन्छ। देशका विभिन्न सहर र प्रवासबाट आमनागरिक स्वतन्त्र र निष्पक्ष निर्वाचनको आफ्नो अधिकारको माग गर्दै सडकमा उत्रिएका छन्। लोकतन्त्रका लागि विद्यालय र विश्वविद्यालय संघर्षको मैदान बनेका छन्।

तर, लोकतन्त्र जोगाउने जिम्मेवारी युवाको काँधमा मात्रै रहन सक्दैन। इकोवास र अफ्रिकी संघजस्ता क्षेत्रीय संगठनले लोकतन्त्र र मानवअधिकार रक्षा गर्ने आफ्नो जनादेशलाई समर्थन गर्ने महत्त्वपूर्ण जिम्मेवारी वहन गर्नुपर्छ। सलले हालै वाचा गरेझैं चुनाव सकेसम्म चाँडो सम्पन्न गराउन यी क्षेत्रीय संस्थाले बोल्नुपर्छ। तर, सेनेगल, पश्चिम अफ्रिका र अन्य मुलुकका मानिसले थप माग गर्नुपर्छ। बलियो निरीक्षण एवं सन्तुलनविना राष्ट्रपतिका हातमा शक्तिको केन्द्रीकरण हुँदा व्यवस्था जोखिममा पर्छ र लोकतन्त्रका आधारभूत सिद्धान्

अमेरिकी राष्ट्रपति बाइडेनको एक फोनले रोकिन सक्छ गाजाको बमबारी

अमेरिकाका कमान्डर-इन-चिफ बाइडेन शक्तिहीन छैनन्, विगतका राष्ट्रपतिको जस्तै इजरायलमाथि उनको प्रशस्त प्रभाव छ



● मेहदी हसन
लेखक हसन एमएसएनबिसी टिभीका पूर्वप्रस्तोता हुन्



सन् १९८२ मा तत्कालीन अमेरिकी राष्ट्रपति रेगनले इजरायली बमबारीबाट घाइते भएका एक लेबनानी बच्चाको तस्बिर देखेर द्रवित भई एक फोनमार्फत इजरायललाई बमबारी रोक्न लगाएका थिए । अहिले गाजामा चार महिनादेखि चलेको बमबारीमा १२ हजार तीन सयभन्दा बढी प्यालेस्टिनी बालबालिका मारिइसकेका छन् । तर, बाइडेनले किन रेगनको उदाहरण दोहोऱ्याइरहेका छैनन् ?

कल्पना गर्नुहोस्, इजरायली प्रधानमन्त्रीले अरब राष्ट्रमाथि हवाई आक्रमण घोषणा गरे । सर्वसाधारणको ठूलो हताहती भयो, हजारौँ मारिए । टिभीमा देखिएको यस नरसंहारको दृश्यबाट स्तब्ध भएर अमेरिकी राष्ट्रपतिले इजरायली प्रधानमन्त्रीलाई फोन गर्छन् । र, केही मिनेटमै बमबारी रोकिन्छ । यो असम्भव र बाल कल्पनाजस्तो लाग्ने दृश्य खासमा वास्तविक घटनाको सरल व्याख्या हो । सन् १९८२ को ग्रीष्ममा इजरायली सेनाले दक्षिणी लेबनानमा छोटो अवधिका लागि भन्दै सैन्य अभियान सुरु गऱ्यो । तत्कालीन रक्षामन्त्री एरियल सेरोनको नेतृत्वमा भएको अभियान लामो नाकाबन्दीमा परिणत भयो । त्यस क्रममा बेरुत र त्यहाँ शरण लिइरहेको 'प्यालेस्टाइन लिबरेसन अर्गनाइजेसन (पिएलओ)'का सदस्यमाथि पूर्णस्तरको आक्रमण भयो । जुन महिना र अगस्टको बीचमा इजरायली सेनाले पिएलओलाई समूल नष्ट गर्ने भन्दै लेबनानको राजधानीमा जाने खानेकुरा, पानी र ऊर्जा रोकिदिए । पिएलओका लडाकु बेरुत सहरमुनिका सुरुङका सञ्जालमा लुकेका थिए । (जुन अहिले गाजाको परिघटनासँग मिल्छ ।)

पछि 'ब्ल्याक थर्स्डे'को नामले चिनिएको सन् १९८२ को अगस्ट १२ मा इजरायली जेटले बेरुतमा लगातार ११ घन्टासम्म बमबारी गरे । १०० भन्दा बढी मानिस मारिए । त्यही दिन स्तब्ध अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनले तत्कालीन इजरायली प्रधानमन्त्री मेनाकेम बेगिनलाई 'आफ्नो आक्रोश व्यक्त गर्न' फोन गरे । फोनमा उनले 'अनावश्यक विनाश र रक्तपात'को निन्दा गरे । 'त्यहाँ जे भइरहेको छ, त्यो एक होलोकास्ट (यहुदीविरुद्ध नाजीले चलाएको आमनरसंहार जनाउन प्रयोग हुने शब्द) हो,' रेगनले फोनमा बेगिनसँग भने । हो, एक अमेरिकी नेताले इजरायली नेतासँग 'होलोकास्ट' शब्द प्रयोग गरेका थिए । जवाफमा बिगिनले व्यंग्य मिश्रित स्वरमा भने 'राष्ट्रपति होलोकास्ट के हो मलाई राम्ररी थाहा छ ।' फोन संवादमा रेगनले बेरुतमा 'तत्काल' युद्धविराम घोषणा गर्न भने । २० मिनेटपछि नै (हो यति छोटो समयमा) बिगिनले आफ्नो बम विस्फोट रोक्न सेरोनलाई आदेश दिएको राष्ट्रपति रेगनलाई जानकारी गराए । फोन राखेपछि रेगनले छक्क पर्दै आफ्ना एक सहयोगीसँग भनेका थिए, 'मसँग यस्तो शक्ति छ भन्ने मलाई नै थाहा थिएन ।'

अब त्यस घटनाको ४२ वर्षपछि अहिलेको समयमा आऊँ । गाजामाथि इजरायली आक्रमण भएको समय बेरुतमाथि नाकाबन्दी भएको भन्दा दोब्बर भइसक्यो । सन् १९८२ मा रेगनले एक घाइते लेबनानी बच्चाको तस्बिरबाट द्रवित भई बेगिनलाई फोन गरेको बताइन्छ । जबकि गाजामा चार महिना लामो बमबारीमा १२ हजार तीन सयभन्दा बढी प्यालेस्टिनी बालबालिका मारिइसकेका छन् । घाइते र अपांग बालबालिकाको संख्या दसौँ हजार पुगिसकेको छ । रेगनको समयमा युद्धको तस्बिर हेर्न साँझको समाचार पर्खिनुपर्थ्यो । अहिले हामीसँग इन्स्टाग्रामलगायत धेरै समाजिक सञ्जाल छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले उनीअघिका रेगनले जस्तै बेन्जामिन नेतान्याहुलाई एक फोन कल गरेर हालको नरसंहारको अन्त्य गर्न सक्थे । उनीसँग पनि रेगनले कल्पना नगरेको खालको 'शक्ति' छ । यसमा विमति जनाउनेहरूलाई विश्वास नगर्नुस् ।

केही मिडियाकर्मी भनिरहेछन्, 'अमेरिकाले इजरायलमाथिको आफ्नो प्रभावको सीमा थाहा पाइरहेछ ।' अमेरिकी कांग्रेसमा केहीले तर्क गर्दै छन्, 'अमेरिकी राष्ट्रपतिहरूसँग तिनले सोचेजस्तो इजरायलमाथि प्रभाव रहेछ ।' ह्वाइट हाउसका अधिकारीहरू 'मध्यपूर्वमा अमेरिकाको सबैभन्दा घनिष्ठ साझेदार मुलुकलाई मार्ग परिवर्तन गर्न प्रभाव पार्न असमर्थ' भएको निरीहता देखाइरहेका छन् । तर, यो सब कपटपूर्ण राजनीतिक चालबाजी हो । मिडिया आलोचक एडम जोनसनको भनाइ सापटी लिने हो भने सबै 'बनावटी निरीहता' हुन् । जोनसनका अनुसार बाइडेन नेतृत्वको ह्वाइट हाउसबाट गरिएका 'स्वार्थपूर्ण चुहावट'का शृंखलाअनुसार इजरायली कदमबाट अमेरिकी राष्ट्रपति क्रुद्ध छन् ।

सत्य यो हो कि विश्व इतिहासकै सबैभन्दा धनी देश अमेरिकाको 'कमान्डर-इन-चिफ' बाइडेन शक्तिहीन छैनन् । उनीसँग विगतका कमान्डर-इन-चिफजस्तै इजरायलमाथि प्रशस्त प्रभाव छ । यो कसरी ठोकुवा साथ भन्न सकिन्छ ? पहिलो, किनभने अमेरिकी रक्षा प्रतिष्ठानका सदस्यहरूले नै यो कुरा भनिरहेका छन् । उदाहरणका लागि, सिआइए तथा राष्ट्रिय सुरक्षा परिषद्मा तीन दशक बिताएका ब्रुस रिडेललाई नै लिनुस् । चार फरक-फरक राष्ट्रपतिलाई सल्लाह दिएका रिडेलले हालै एक अन्तर्वार्तामा भने, 'अमेरिकासँग (इजरायलमाथि) अझै ठूलो प्रभावशक्ति छ । अमेरिकाले हरेक दिनजसो इजरायललाई मिसाइल, ड्रोन, गोला-बारुद प्रदान गरिरहेको छ ।'

इजरायलमाथि अमेरिकाको प्रभाव छ भन्ने दोस्रो कारण हो, इजरायली रक्षा प्रतिष्ठानका सदस्यको त्यस्तो स्वीकारोक्ति । सन् २०२३ अक्टोबरको अन्त्यतिर इजरायली सांसदहरूले रक्षामन्त्री योआभ ग्यालेन्टलाई इजरायली बन्धकलाई रिहा नगरी गाजामा (थोरै पनि) मानवीय सहायता पस्न नदिन चेतावनी दिए । जवाफमा ग्यालेन्टले भनेका थिए, 'अमेरिकीहरूले सहायता पठाउन जोड दिएका छन् र हामी तिनलाई अस्वीकार गर्न सक्ने ठाउँमा छैनौँ । विमान र सैन्य उपकरणका लागि इजरायल अमेरिकामा निर्भर छ । यस्तोमा हामी के नै गर्न सक्छौँ ? सहायता रोक्ने हो भने तिनैलाई भन्नुस् ।'

वास्तवमा अमेरिकाका राष्ट्रपतिले हातहतियार, गोला-बारुद, गुप्तचर सूचना आदि रोकेर सम्भावित नरसंहार रोक्न सक्थे । बाइडेनले नेतान्याहुलाई गाजाका प्यालेस्टाइनीहरूको सामूहिक हत्या गर्नबाट रोक्न सक्ने सामर्थ्य रहेको तेस्रो प्रमाण हो, उनकै विगत । उनले विगतमा यस्तो शक्ति प्रयोग गरेका छन् । सन् २०२१ को मेमा इजरायलले लगातार ११ दिन गाजापट्टीमा बमाबरी गऱ्यो । ६६ बालबालिकासहित १०० भन्दा बढी प्यालेस्टिनी मारिए । सोही अवधिमा, हमास र गाजाका अन्य सशस्त्र समूहले इजरायलमा चार हजारभन्दा बढी रकेट प्रहार गरेर १४ सर्वसाधारणको ज्यान लिए ।

हुन सक्छ, बाइडेन लाखौँ अमेरिकी र विश्वका अन्य धैरैजस्तै अक्टोबर ७ मा इजरायलीमाथि भएको आतंकवादी आक्रमणबाट स्तब्ध भए । तर, उनमा त्यस्तै भावना गाजामा जारी आतंकबाट किन उत्पन्न भइरहेको छैन ? त्यहाँ हरेक घन्टा दुई प्यालेस्टिनी आमा मारिइरहेका छन् । हरेक दिन १० प्यालेस्टाइनी बच्चाहरूको एक वा दुवै हातखुट्टा गुमिरहेको छ । प्रत्येक चारमध्ये एक प्यालेस्टाइनी अहिले भोकमरीको सामना गरिरहेका छन् ।

गाजामा निर्दोष मानिसमाथि अमेरिकामा बनेका बम निरन्तर खसिरहेको समयमा बाइडेन रातमा कसरी सुत्लान् ? गाजामाथिको बमबारीमा आफ्नाको निष्क्रियता र साँठगाँठको औचित्य कसरी पुष्टि गर्लान् ? बाइडेनसँग विगतमा भयावह व्यक्तिगत वियोग सामना गरेको अनुभव छ । उनले २९ वर्षदेखिकी श्रीमती र एक वर्षीया छोरीलाई कार दुर्घटनामा गुमाएका थिए । त्यसको दशकौँपछि फेरि उनले मस्तिष्क क्यान्सरका कारण अर्को सन्तान गुमाए । सयौँ आमा र बालबालिकाको दैनिकको हत्या रोक्न यस ग्रहका आठ अर्ब मानिसमध्ये बाइडेनसँग सबैभन्दा बढी शक्ति छ । उनको एक फोनमार्फत गाजाको नरसंहार रोकिन्छ भने उनले त्यस्तो शक्ति प्रयोग गर्नुपर्छ ।

द गार्जियनबाट

इतिहासमा आज

फेब्रुअरी १७



सन् २०१० : चिलीमा ८.८ म्याग्निच्युडको महाभूकम्प । महाभूकम्पमा पाँच सयजनाको मृत्यु, हजारौँ घाइते ।

सन् १९३२ : न्युट्रोनको आविष्कार । अंग्रेजी भौतिकशास्त्री जेम्स चाडविकलाई न्युट्रोनको आविष्कारका लागि पुरस्कृत गरिएको थियो ।

सन् १९३३ : जर्मनीको संसद् भवनमा आगजनी । नाजीहरूले राजनीतिक विपक्षीविरुद्ध कठोर दमनको औचित्य साबित गर्न आगजनी गरेका थिए । सो घटनालाई नाजी जर्मनीको स्थापनामा निर्णायक मानिन्छ ।

सन् २००२ : भारतको गुजरात राज्यको गोदरा रेल स्टेसननजिक एक रेलमा मुसलमानहरूको एउटा समूहले आगो लगाउँदा ५९ हिन्दू तीर्थयात्रीको मृत्यु । अध्योध्याबाट फर्किएका ती तीर्थयात्रीमा महिला र बालबालिका पनि थिए ।

डब्लुटिओका सदस्य राष्ट्रले गरे लगानी सम्झौतामा हस्ताक्षर

न्युयोर्क/ विश्व व्यापार संगठन (डब्लुटिओ) का १२० भन्दा बढी सदस्य राष्ट्रले पारदर्शितामा सुधार र कर्मचारीतन्त्र अवरोध हटाएर विकासोन्मुख मुलुकमा लगानीलाई सुविधाजनक बनाउने उद्देश्यले एक सम्झौतालाई अन्तिम रूप दिएका छन् । डब्लुटिओले सोमबार उक्त जानकारी दिएको हो ।

डब्लुटिओका ७५ प्रतिशत सदस्यले हस्ताक्षर गरेको विकासका लागि लगानी सहजीकरण (आइएफडी) सम्झौतालाई संस्थाको नियमानुसार औपचारिक रूपमा समावेश गर्नुअघि पूर्ण सहमति आवश्यक हुनेछ । व्यापक समर्थन भए पनि केही सदस्यले अहिले पनि डब्लुटिओमा यसको विरोध गर्न सक्छन् । सबै मुलुकलाई समेट्न नसक्ने ती सम्झौताको सामान्यतया विरोध गर्ने मुलुकमा भारत पनि सामेल छ ।

डब्लुटिओले अबुधाबीमा आफ्नो १३औँ मन्त्रीस्तरीय सम्मेलन सुरु गर्नुभन्दा केही घन्टाअघि उक्त सम्झौतालाई डब्लुटिओको वेबसाइटमा सार्वजनिक गरिएको थियो । पाठअनुसार उक्त सम्झौताले दिगो विकासलाई प्रोत्साहन गर्ने उद्देश्यले 'प्रत्यक्ष वैदेशिक लगानी प्रवाहलाई विशेष रूपमा विकासोन्मुख र अल्पविकसित' मुलुकलाई सुविधाजनक बनाउने लक्ष्य राखेको छ । डब्लुटिओ प्रमुख नगोजी ओकोन्जो-इवेलाले उक्त सम्झौतालाई अग्रणी भनेका छन् । उनका अनुसार सम्झौताले यसका हस्ताक्षरकर्तालाई उनीहरूले विकास वृद्धि गर्न चाहने प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न सहयोग गर्ने वाचा गर्दछ । युरोपेली संघ (इयू) को व्यापार प्रमुख वाल्डिस डोम्ब्रोभ्स्कीले भने, 'यो विकासोन्मुख तथा कमविकसित मुलुकका लागि थप लगानी आकर्षित गर्ने आफ्नो क्षमतालाई बढावा दिने एउटा अवसर हो ।'

प्यालेस्टिनी प्रधानमन्त्री मोहम्मदले दिए राजीनामा

गाजासिटी/ गाजाको बर्दलिँदो वास्तविकतालाई ध्यानमा राख्दै 'नयाँ राजनीतिक उपायहरू' आवश्यक रहेको भन्दै प्यालेस्टिनी सरकारका प्रधानमन्त्री मोहम्मद स्तेयेहले राजीनामा घोषणा गरेका छन् । 'म सरकारको राजीनामा राष्ट्रपति महमुद अब्बासलाई बुझाउँछु,' प्रधानमन्त्री स्तेयेहले भने, 'यो राजीनामा गाजापट्टीविरुद्ध आक्रामकता, पश्चिम किनार तथा जेरुसेलममा तनावसँग सम्बन्धित घटनाक्रमलाई बोध गरेर आएको हो ।'

उनले गत मंगलबार राजीनामा प्रस्ताव गरेको र यथाशीघ्र 'लिखित रूपमा' बुझाउन तयार गरेको बताए । अक्टोबर ७ मा इजरायल र प्यालेस्टिनी इस्लामी आन्दोलन हमासबीच युद्ध सुरु भएपछि राष्ट्रपति अब्बासले बढ्दो आक्रोशको सामना गर्नुपरेको छ । धेरै मानिसले इजरायली आक्रमण र पश्चिम किनारमा बढ्दो हिंसाको कडा निन्दा नगरेकामा प्यालेस्टिनी राष्ट्रपतिको आलोचना गरेका छन् ।

पश्चिम किनारमा सीमित शक्तिको प्रयोग गर्ने प्यालेस्टिनी नेतृत्व अब्बासको प्यालेस्टिनी प्राधिकरण र गाजामा शासन गर्ने हमासबीच सन् २००७ पछि विभाजित भएको छ । अमेरिकालगायत धेरै मुलुकले गाजामा युद्ध समाप्त भएपछि सबै प्यालेस्टिनी क्षेत्रको जिम्मा लिने सुधारिएको प्यालेस्टिनी प्राधिकरणको आह्वान गरिरहेका वेला प्रधानमन्त्रीको राजीनामा आएको हो ।

विश्व संक्षेप

चीनले सन् २०२४ मा सयवटा अन्तरिक्ष यान प्रक्षेपण गर्ने

बेइजिङ/ चीनले यो वर्ष करिब सयवटा अन्तरिक्ष प्रक्षेपण गर्ने भएको छ । यस योजनाबाट अन्तरिक्षका क्षेत्रमा देशको नयाँ रेकर्ड कायम हुनेछ । सोमबार पत्रकार सम्मेलन गरी बेइजिङले यसबारे सार्वजनिक जानकारी गराएको हो । प्रक्षेपणहरूमा चीनको पहिलो व्यावसायिक अन्तरिक्ष यान प्रक्षेपण साइटबाट पहिलो उडान समावेश गरिएको बताइएको छ ।

चीनको पहिलो व्यावसायिक अन्तरिक्ष यान प्रक्षेपणस्थल दक्षिण चीनको टापु प्रान्त हेनानको वेनचाङ सहरमा निर्माण भइरहेको छ । चाइना एरोस्पेस साइन्स एन्ड टेक्नोलोजी कर्पोरेसन, देशको रकेट विकासकर्ता र देशको अन्तरिक्ष उद्योगको अग्रणी शक्ति, चाइना एरोस्पेस विज्ञान र प्रविधिको सन् २०२३ ब्लुबुकबारे पनि पत्रकार सम्मेलनमा जानकारी दिइएको छ ।

अफगानिस्तानबारे सुरक्षा परिषद्को बैठक बस्दै

काबुल/ अफगानिस्तानको विषयमा राष्ट्रसंघको सुरक्षा परिषद्को बैठक सोमबार राति बस्दै छ । राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको दोहा बैठकपछि अफगानिस्तान सम्बन्धमा राष्ट्रसंघीय सुरक्षा परिषद्को यो पहिलो सत्र हो । टोलो न्युजका अनुसार अफगानिस्तानका लागि प्रस्तावित राष्ट्रसंघको दूतका सम्बन्धमा परिषद्को बैठकमा छलफल हुने अपेक्षा गरिएको छ ।

सुरक्षा परिषद्को सत्रका क्रममा परिषद्ले दोहा बैठकको नतिजा र अफगानिस्तानका लागि एक विशेष प्रतिनिधिको नियुक्तिबारे छलफल गर्नेछ । खामा प्रेसका अनुसार दोहा बैठक महासचिव गुटेरेसको आयोजनामा फेब्रुअरी १८ र १९ मा भएको थियो ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय विर्तामोडमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/११/१५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय विर्तामोडबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० फागुन ३० गते बुधबार**का दिन शाखा कार्यालय विर्तामोडमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा १ अन्तर्गत मिति २०७७/०८/३० मा दर्ता नं. २४९९९४/०७७/०७८ मा दर्ता भई करदता सेवा कार्यालय भद्रपुर झापाबाट मिति २०७७/०८/३० मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०९८७७३६८ को प्रमाणपत्र प्राप्त झापा जिल्ला बुद्धशान्ती गा.पा वडा नं.०२, मा रजिष्टर्ड कार्यालय रहेको **जनता फुड एण्ड बेभरेज प्रा.लि.** ।	१. **टिकाराम मिश्र**को नाममा मालपोत कार्यालय झापामा दर्ता कायम रहेको झापा जिल्ला, बुधबारे गा.वि.स वडा नं. ०६ स्थित कि.नं. १०७४२ को क्षेत्रफल ०-१३-७ (वि.क.धु) को घर/जग्गा तथा सो को सम्पूर्ण लिगलगापातहरु समेत । २. **टिकाराम मिश्र**को नाममा मालपोत कार्यालय झापामा दर्ता कायम रहेको झापा जिल्ला, बुधबारे गा.वि.स वडा नं. ०६ स्थित कि.नं. ९०४९ को क्षेत्रफल १-१२-० (वि.क.धु) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत । ३. **जनता फुड एण्ड बेभरेज प्रा.लि.**को नाममा मालपोत कार्यालय झापामा दर्ता कायम रहेको झापा जिल्ला, बुधबारे गा.वि.स वडा नं. ०६ स्थित कि.नं. १०७४१ को क्षेत्रफल ०-७-० (वि.क.धु) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

धनि कुमारी बैक लि. र ऋणी **जनता फुड एण्ड बेभरेज प्रा.लि.** कायम भएको तपसिलको सवारी साधन:

सवारी नं.	चे.नं.	ई.नं.	मोडल	यातायात कार्यालय
प्र १-०१-००१च-८६७०	MAJAXXMRKAMR36394	MR36394	Ford Ecosport Car	मेची अञ्चल यातायात व्यवस्था कार्यलय
प्र १-०१-००१क-१२३७	MBUZT54ACP0276003	SLXT3ECP268497	SML ISUZU Truck	मेची अञ्चल यातायात व्यवस्था कार्यलय

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **खगेन्द्र आचार्य**
ना.प्र.नं.- ०१/६३८
जारी मिति - २०६२/०७/०६, जि.प्र.का. झापा
बाबु - पुष्पलाल आचार्य
बाजे - गणपती आचार्य
स्थायी ठेगाना- झापा जिल्ला बुद्धशान्ती गा. पा. वडा नं.०१
हालको ठेगाना- ऐ.ऐ

२. **टिकाराम मिश्र**
ना.प्र.नं.- ४०४१/३३७
जारी मिति - २०५१/०७/१० जि.प्र.का. झापा
बाबु - नरपती मिश्र
बाजे - कोमलाल मिश्र
स्थायी ठेगाना- झापा जिल्ला बधबारे गा.वि.स. वडा नं.०६
हालको ठेगाना- झापा जिल्ला बुद्धशान्ती गा.पा. वडा नं.०१

३. **बासु नेपाल**
ना.प्र.नं.- ०४-०१-७२-०१९८५
जारी मिति - २०७२/०२/३२ जि.प्र.का. झापा
बाबु - टंकनाथ नेपाल
बाजे - डिल्लीराम नेपाल
स्थायी ठेगाना- झापा जिल्ला बुधबारे गा.वि.स. वडा नं.०९
हालको ठेगाना- झापा जिल्ला बुद्धशान्ती गा.पा. वडा नं.०१

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० फागुन २९ गते** भित्र बैंकको शाखा कार्यालय विर्तामोडमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय विर्तामोडबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० फागुन ३० गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय विर्तामोडमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालेसोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय विर्तामोडमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० फागुन ३० गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय विर्तामोड फोन नं. ०२३-५३४५४०

गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी-१, धादिङ

आ.व. २०८०/०८१ को लागि नदीजन्य पदार्थको उत्खनन तथा बिक्री करका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना !

चौथो पटक प्रकाशित मितिः २०८०/११/१५

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) र यस गजुरी गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा ८ को व्यवस्था बमोजिम मलेखु, बेल्खु र त्रिशुली नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम उत्खनन हुने नदीजन्य पदार्थ गजुरी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्न यसअघि मिति २०८०/०३/२०, २०८०/०४/२३ र २०८०/०७/०३ गतेको नयाँ पत्रिका दैनिकमा बोलपत्र आव्हान गरिएकोमा कुनै फर्म वा कम्पनीले बोलपत्र प्रक्रियामा सहभागी नभएको हुँदा पुनः इच्छुक फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ताका प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपीहरू संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

सि. नं	बोलपत्र नं.	बोलपत्रको नाम	आ.व. २०८०/०८१ का लागि कायम वार्षिक न्यूनतम बोलपत्र रकम (मू. अ. कर बाहेक)	उत्खनन् तथा संकलन गर्न पाउने अधिकतम परिमाण	बोलपत्र दस्तुर	धरौटी रकम
१	राजश्व १/२०८०/०८१	ढुंगा, गिट्टी, बालुवा, रोडा, ग्राभेल, स्लेट, बिछ्याउने ढुंगा भट्टामा प्रयोग हुने माटो उत्खनन तथा बिक्री शुल्क उठाउने कार्य ।	२,०५,२७,६४४.७२ (दुई करोड पाँच लाख सत्ताइस हजार छ सय चवालीस रुपैया बहत्तर पैसा मात्र)	खोला खानी क्रसर, बालुवा धुने उद्योगहरू समेत गरी जम्मा १७,१०,६३७.२८ घन फिट	रू.५०००/- (अक्षेरेपी रू पाँच हजार मात्र)	कबोल अंकको ५ प्रतिशत

यस बोलपत्र सम्बन्धि शर्तहरू एवम् विस्तृत जानकारीका लागि https://gajurimun.gov.np/content/nadijanya4tender मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

पुनर्निर्माणको पर्खाइमा बझाङ

बझाङ/ भूकम्पले थिल्थिलो पारेको बझाङ जिल्ला पुनर्निर्माणको पर्खाइमा छ। १६ असोजमा गएको ६.५ रेक्टर स्केलको भूकम्पले अधिकांश भौतिक संरचनामा क्षति भएको थियो। भूकम्पले सदरमुकामसहित अन्य पालिकाका विद्यालय, सरकारी भवन र निजी घरमा क्षति पुऱ्याएको थियो। जाजरकोटपछि दोस्रो क्षति व्यहोर्नुपरेको बझाङमा सरकार तथा विभिन्न दातृसंस्थाको प्राविधिक र आर्थिक सहयोगमा पीडितको घाउमा मलमपट्टी लगाउने काम भएको छ।

किसानलाई मौरीको घार वितरण

मकवानपुरमा **पोष्टराज अधिकारी**

मकवानपुरको बकैया गाउँपालिकाले मौरीपालक किसानलाई १३३ वटा मौरीका घार वितरण गरेको छ। कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिँदै आएको पालिकाले समग्र बकैयालाई नै मौरीपालनको पकेट क्षेत्रको रूपमा विकास गर्ने उद्देश्यले पहिलो चरणमा १३३ वटा मौरीको घार वितरण गरिएको जनाएको छ।

गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले मौरीपालनको सम्भाव्यता अध्ययनपछि मौरीपालनको सम्भावना रहेका क्षेत्रहरू वडा नम्बर १०, ११ र १२ का किसानलाई १३३ वटा मौरीको घार वितरण गरिएको जानकारी दिए। उनले यसअघि गाउँपालिकाको आयोजनामा वडा नम्बर ११ र १२ का किसानलाई लक्षित एकहप्ते मौरीपालनसम्बन्धी तालिमसमेत दिएको बताए। पालिकाले सेरेना जातको मौरीपालनका लागि ६ लाख ६५ हजार रुपैयाँबराबरको मौरीघार वितरण गरेको हो। मौरीघार किसानलाई वितरण गर्दै बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकारको कृषि ग्राम निर्माणलगायतका कृषि क्षेत्रमा बकैया गाउँपालिकाले गरेको लगानीको प्रशंसा गरे।

उनले कृषि क्षेत्र देश विकासको आधार भएको बताए। कृषि क्षेत्रमा रोजगारीका सम्भावना धेरै भएकाले यसलाई उद्यमशीलताको रूपमा विकास गर्नुपर्ने आवश्यकता रहेको उनले औंल्याए। मन्त्री चित्रकारले सडक, बिजुली, सञ्चार, विद्यालय आदि विकासका पूर्वाधार मात्रै भएको उल्लेख गर्दै दैनिकी चलाउन आर्थिक स्रोतको आवश्यकता पर्ने र त्यो उद्यमशीलता रोजगारीबाट मात्र सम्भव हुने बताए। 'देशको विकासमा भौतिक पूर्वाधार आवश्यक छ तर आयआर्जनका लागि उद्यमशीलता, व्यवसायीकरण पनि आवश्यक छ। त्यसका लागि कृषिलाई उद्योगका रूपमा विकास गर्न सकिन्छ। बकैयाले सुरु गरेको कृषि अभियानलाई सबैले सहयोग पुऱ्याऔं,' मन्त्री चित्रकारले आग्रह गरे।

गाउँपालिकाका अध्यक्ष लामिछानेले किसानको आयआर्जन वृद्धिमा सहयोग गर्दै आत्मनिर्भर बनाउन पालिकाले मौरीघार उपलब्ध गराएको जानकारी दिए। कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठ र कृषि इन्जिनियर बुद्धिनाथ तिमिल्सिनाले मौरी पालनबाट राम्रो आम्दानी लिन सकिने बताउँदै पालिकाले कृषिमा लगानीलाई प्राथमिकतामा राखेर काम गरिरहेको जानकारी दिए।

कृषि मेलामा १५ लाखको कारोबार

बुटवल/ बुटवलमा सञ्चालन गरिएको राष्ट्रिय प्रांगारिक कृषि मेला सोमबार समापन गरिएको छ। बुटवल उद्योग वाणिज्य संघ रुपन्देही र लुम्बिनी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयको आयोजनामा भएको मेलामा १५ हजार दर्शकले अवलोकन गरेको र १५ लाखको कारोबार भएको संघका अध्यक्ष एवं मेला सम्पादन समितिका संयोजक हरिप्रसाद अर्यालले जानकारी गराए। कार्यक्रममा बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले कृषिको व्यावसायिक विकास गर्न प्रवर्द्धनात्मक मेला आयोजना गरेर आयोजकले उद्यमशीलता विकास र रोजगारी सिर्जनामा पनि योगदान हुने काम गरेको बताए। तिनाउ गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठले गाउँका किसानले आफ्नो उत्पादन बिचौलियाको मूल्यमा बिक्री गर्न बाध्य भएको भन्दै यस किसिमका मेलाले स्थानीय उत्पादनलाई प्रोत्साहन गरेको बताए।

धनगढीमा 'स्ट्रिप, रोप लाइट' जडान

धनगढी/ 'स्ट्रिप, रोप लाइट' जडान गरिएपछि धनगढीको ६ लेन सडक झिलिमिली बनेको छ। धनगढी उपमहानगरपालिकाले ६ लेन सडकअन्तर्गत धनगढीको भन्सार रोडदेखि मोहनपुरसम्म स्ट्रिप, रोप लाइट जडान गरेको हो। यसले रातिको समयमा ६ लेन सडक झिलिमिली मात्र बनेको छैन, सुन्दर र आकर्षक पनि देखिएको छ।

३१ लाख रुपैयाँको लागतमा ६ लेन सडकमा दुई सय ५६ वटा पोल र एक सय ४० वटा ट्रिगार्डमा स्ट्रिप, रोप जडान गरिएको उपमहानगरले जनाएको छ। त्यस्तै करिब तीन लाख रुपैयाँको लागतमा नेपाल-भारत सीमानजिक कैलाली भन्सारको गेटमा 'फ्लोड लाइट' जडान गरिएको छ। उपमहानगरपालिकाले धनगढी विमानस्थलदेखि ६ लेन सडक जोड्ने सडकमा स्ट्रिप लाइट जडान गरेको छ। सुदूरपश्चिम प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री प्रकाश देउवाले स्ट्रिप लाइटको उद्घाटन गरे। १० लाख रुपियाँ लागतमा स्ट्रिप लाइट जडान गरिएको हो। नगर प्रमुख गोपाल हमालले सुदूरपश्चिम प्रवेश गर्ने हवाई मार्ग धनगढी विमानस्थल जाने सडक राति अँध्यारो रहेकाले स्ट्रिप लाइट जडान गरिएको बताए। यो सडकमा स्ट्रिप लाइट लगाउन नागरिक उड्ययन प्राधिकरणलाई पटकपटक आग्रह गरे पनि सुनुवाइ नभएपछि उपमहानगरपालिकाले आफ्नै लगानीमा लाइट जडान गरेको हमालले बताए।

ट्राफिकले उठायो सात महिनामा ४५ लाख राजस्व

रामेछाप/ जिल्ला ट्राफिक प्रहरी कार्यालय रामेछापले सात महिनाको अवधिमा ४५ लाख राजस्व संकलन गरेको छ। प्रहरीले चालू आर्थिक वर्ष ०८०/८१ को साउनदेखि माघ महिनासम्मको अवधिमा चार हजार नौ सय ८५ साना तथा ठूला सवारीसाधनलाई कारबाही गरी ४५ लाख ६३ हजार पाँच सय रुपैयाँ राजस्व संकलन गरेको हो।

चालू आर्थिक वर्षको साउन महिनामा ३८५ सवारीसाधनलाई गरिएको कारबाहीबाट तीन लाख ७१ हजार पाँच सय, भदौ महिनामा ५५० वटा सवारी कारबाहीबाट पाँच लाख ६ हजार पाँच सय रुपैयाँ र असोज महिनामा ७५० वटा सवारी कारबाहीबाट सात लाख नौ हजार रुपैयाँ राजस्व संकलन भएको छ।

त्यसैगरी, कात्तिक महिनामा एक हजार ५० सवारी कारबाहीबाट १० लाख १६ हजार पाँच सय रुपैयाँ, मंसिर महिनामा ७०० सवारी कारबाहीबाट ६ लाख ४५ हजार पाँच सय रुपैयाँ, पुस महिनामा ८०० सवारी कारबाहीबाट ६ लाख ८९ हजार पाँच सय रुपैयाँ र माघ महिनामा ७५० सवारी कारबाहीबाट ६ लाख २५ हजार रुपैयाँ राजस्व संकलन भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रामेछापका प्रमुख दीपक चौलागाईले जानकारी दिए।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलामू प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पुर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मूल्य शाखा कार्यालय, सुर्खेतमा प्रा.फ.र.नं २३५६/०६७/०६८ अन्तर्गत मिति २०६५/१२/२८ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०७४ बमोजिम दर्ता भएको सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ०६ स्थित **बालाराम स्टोर्स हार्डवेयर एण्ड सप्लायर्स** **प्रोप्राइटर तथा जमानीकर्ता : राम प्रसाद उपाध्याय** **जमानीकर्ताहरुको विवरण** **१) राम प्रसाद उपाध्याय** स्थायी ठेगाना : सुर्खेत जिल्ला, मुलखोला गा.वि.स. वडा नं. ०३ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : वालाराम उपाध्याय बाजे : डिल्लीराम उपाध्याय **२) विक्रम उपाध्याय** स्थायी ठेगाना : सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ०३ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : राम प्रसाद उपाध्याय बाजे : वालाराम उपाध्याय **३) बाल कुमारी वाग्ले उपाध्याय** स्थायी ठेगाना : सुर्खेत जिल्ला, लाटिकोइली गा.पं. वडा नं. ०३ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : लक्ष्मी प्रसाद आचार्य ससुरा : वालाराम उपाध्याय पति : राम प्रसाद उपाध्याय **४) वसन्ती चालिसे** स्थायी ठेगाना : बर्दिया जिल्ला, गोला गा.वि.स. वडा नं. ०२ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : गोविन्द प्रसाद चालिसे ससुरा : राम प्रसाद उपाध्याय पति : विक्रम उपाध्याय **ऋणीको विवरण** **२) राम प्रसाद उपाध्याय** स्थायी ठेगाना : सुर्खेत जिल्ला, लाटिकोइली गा.पं. वडा नं. ०३ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : वालाराम उपाध्याय बाजे : डिल्लीराम उपाध्याय **जमानीकर्ताहरुको विवरण** **१) विक्रम उपाध्याय** स्थायी ठेगाना : सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ०३ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : राम प्रसाद उपाध्याय बाजे : वालाराम उपाध्याय **२) बाल कुमारी वाग्ले उपाध्याय** स्थायी ठेगाना : सुर्खेत जिल्ला, लाटिकोइली गा.पं. वडा नं. ०३ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : लक्ष्मी प्रसाद आचार्य ससुरा : वालाराम उपाध्याय पति : राम प्रसाद उपाध्याय **३) वसन्ती चालिसे** स्थायी ठेगाना : बर्दिया जिल्ला, गोला गा.वि.स. वडा नं. ०२ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : गोविन्द प्रसाद चालिसे ससुरा : राम प्रसाद उपाध्याय पति : विक्रम उपाध्याय **धितोको विवरण** १) लक्ष्मी प्रसाद आचार्यकी छोरी, वालाराम उपाध्यायकी बुहारी, राम प्रसाद उपाध्यायकी पत्नि, सुर्खेत जिल्ला, लाटिकोइली गा.पं. वडा नं. ०३ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बस्ने बाल कुमारी वाग्ले उपाध्यायको नाममा मालपोत कार्यालय विरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ७/७ क स्थित कित्ता नं. ७८३८ को क्षेत्रफल १९० (व.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत । २) डिल्लीराम उपाध्यायको नाति, वालाराम उवाध्यायको छोरा, सुर्खेत जिल्ला, लाटिकोइली गा.पं. वडा नं. ०३ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बस्ने राम प्रसाद उपाध्यायको नाममा मालपोत कार्यालय विरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ९ स्थित कित्ता नं. ३ को क्षेत्रफल १८४ (व.मि) तथा सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ७/७घ स्थित कित्ता नं. १४४२ को क्षेत्रफल १०२ (व.मि) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत । ३) वालाराम स्टोर्स हार्डवेयर एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **ऋणीको विवरण**
२)	१) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय बाँके, नेपालगञ्जमा प्रा.फ.र.नं. २२२६६/०६९/०७०, स्थानीय व्यापार, अन्तर्गत मिति २०७०/०२/२० मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ स्थित **आर्या इन्टरप्राइजेज** **प्रोप्राईटर तथा जमानीकर्ता: करुणा शाह** स्थायी ठेगाना : सल्यान जिल्ला, मुलखोला गा.वि.स. वडा नं. ९ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११ बाबु : शन्त कुमार शाह ससुरा : पदम बहादुर खान ठकुरी पति : अर्जुन बहादुर खान ठकुरी २) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय बाँके, नेपालगञ्जमा प्रा.फ.र.नं. २९५३४/०७५/०७६, स्थानीय व्यापार, अन्तर्गत मिति २०७५/१०/१० मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११ स्थित **आर्यन जनरल स्टोर्स अर्डर एण्ड सप्लायर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: अर्जुन बहादुर खान ठकुरी** स्थायी ठेगाना : बर्दिया जिल्ला, सोरहवा गा.प. वडा नं. ८ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११ बाबु : पदम बहादुर खान ठकुरी बाजे : रन बहादुर खान ठकुरी **जमानीकर्ताहरुको विवरण** **१) अर्जुन बहादुर खान ठकुरी** स्थायी ठेगाना : बर्दिया जिल्ला, सोरहवा गा.प. वडा नं. ८ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११ बाबु : पदम बहादुर खान ठकुरी बाजे : रन बहादुर खान ठकुरी **२) करुणा शाह** स्थायी ठेगाना : सल्यान जिल्ला, मुलखोला गा.वि.स. वडा नं. ९ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११ बाबु : शन्त कुमार शाह ससुरा : पदम बहादुर खान ठकुरी पति : अर्जुन बहादुर खान ठकुरी **ऋणीको विवरण** **३) करुणा शाह** स्थायी ठेगाना : सल्यान जिल्ला, मुलखोला गा.वि.स. वडा नं. ९ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११ बाबु : शन्त कुमार शाह ससुरा : पदम बहादुर खान ठकुरी पति : अर्जुन बहादुर खान ठकुरी **जमानीकर्ताहरुको विवरण** **१) अर्जुन बहादुर खान ठकुरी** स्थायी ठेगाना : बर्दिया जिल्ला, सोरहवा गा.प. वडा नं. ८ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११ बाबु : पदम बहादुर खान ठकुरी बाजे : रन बहादुर खान ठकुरी **२) आर्यन खाँड** ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११ बाबु : अर्जुन बहादुर खान ठकुरी बाजे : पदम बहादुर खान ठकुरी **धितोको विवरण** १) रन बहादुर खान ठकुरीको नाति, पदम बहादुर खान ठकुरीको छोरा, बर्दिया जिल्ला, सोरहवा गा.प. वडा नं. ८ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११ मा बस्ने अर्जुन बहादुर खान ठकुरीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, चटार गा.वि.स. वडा नं २ क (हाल कोहलपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. ६६३ र ६६४ को क्षेत्रफल क्रमश: ०-१-०-० र ०-२-२.७५-० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत । २) आर्या इन्टरप्राइजेज र आर्यन जनरल स्टोर्स अर्डर एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सुम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पुर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैया, बारामा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/११/१५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैया, बाराबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैकलाई कर्जाको सुरक्षण वापत धितोवन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० फागुन ३० गते बुधबार**का दिन शाखा कार्यालय कलैया, बारामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीको विवरण	धितो सुरक्षणको विवरण
सीता देवी पंडीत ना.प्र.नं.- ३३३०३८/६४ जारी मिति - २०६३/११/२६, जि.प्र.का. बारा बाबु - जयलाल पंडीत बाजे - बंगाली पंडीत स्थायी ठेगाना- बारा जिल्ला, नरहि गा.वि.स वडा नं.५ हालको ठेगाना- बारा जिल्ला, कलैया न.पा वडा नं. ५	१. **सीता देवी पंडीत**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला कलैया न.पा वडा नं. ५ स्थित कित्ता नं. १०९० को क्षे.फ. ०-०-११-४ (वि.क.धु.क) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
व्यक्तिगत जमानीकर्ताको विवरण	
१. **सीता देवी पंडीत** ना.प्र.नं.- ३३३०३८/६४ जारी मिति - २०६३/११/२६, जि.प्र.का. बारा बाबु - जयलाल पंडीत बाजे - बंगाली पंडीत स्थायी ठेगाना- बारा जिल्ला, नरहि गा.वि.स वडा नं.५ हालको ठेगाना- बारा जिल्ला, कलैया न.पा वडा नं. ५ २. **गोबिन्द्र प्रसाद पंडीत** ना.प्र.नं.- १७२९/११४३/२९४२६ जारी मिति - २०६०/०३/३२, जि.प्र.का. बारा बुवा - देव लाल पंडीत कूम्हार बाजे - मोहन पँडीत कूम्हार स्थायी ठेगाना- बारा जिल्ला, नरही गा.वि.स.वडा नं. ५ हालको ठेगाना- बारा जिल्ला, कलैया उप.म.न.पा वडा नं. ५	३. **रामबाबु यादव** ना.प्र.नं.- १७३४/२४७८/२२८७ जारी मिति - २०५१/०९/१५, जि.प्र.का. बारा बाबु - हरिनारायण राउत अहिर बाजे - गणेश राउत अहिर स्थायी ठेगाना- बारा जिल्ला, भोडहा गा.वि.स. वडा नं. ८ हालको ठेगाना- बारा जिल्ला, कलैया उप.म.न.पा वडा नं. २२
२. ऋणीको विवरण	**धितो सुरक्षणको विवरण**
प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, प्रदेश सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा मिति २०७६/०५/२४ मा प्रा.फ.र.नं. ८२५४/०७६/७७ कायम भई दर्ता रहेको बारा जिल्ला, महागढिमाई ना.पा. वडा नं. ९ स्थित रजिष्टर्ड कार्यालय रहेको **दास जेनरल स्टोर ।** **प्रोप्राइटर- रमुनी देवी दाश**	१. **शंकर दास**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला पिप्रावर्ता गा.वि.स./न.पा वडा नं. ५ स्थित कित्ता नं. १८४, २३३, २९० को क्षे.फ. कमश ०-३-०, ०-२-१७, ०-७-० (वि.क.धु) र ऐ.ऐ वडा न. ६ स्थित कित्ता नं. ३५ को क्षे.फ ०-०-१० (वि.क.धु) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
व्यक्तिगत जमानीकर्ताहरुको विवरण	
१. **शंकर दास** ना.प्र.नं.- १३३७ जारी मिति - २०४४/११/१३, जि.प्र.का. बारा बाबु - ढोडा दास बाजे - चौधुर दास स्थायी ठेगाना- बारा जिल्ला, पिप्रावर्ता गा.वि.स.वडा नं.५ हालको ठेगाना- बारा जिल्ला, महागढिमाई ना.पा. वडा नं. ९ २. **रमुनी देवी दाश** ना.प्र.नं.- १४०४/६७७ जारी मिति - २०५९/०८/१९, जि.प्र.का. बारा पति - शंकर दास ससुरा - ढोडा दास स्थायी ठेगाना- बारा जिल्ला, पिप्रावर्ता गा.वि.स. वडा नं.५ हालको ठेगाना- बारा जिल्ला, महागढिमाई ना.पा. वडा नं. ९	३. **सुरेन्दर दास** ना.प्र.नं.- १३३८ जारी मिति - २०४४/११/१३, जि.प्र.का. बारा बाबु - ढोडा दास बाजे - चौधुर दास स्थायी ठेगाना- बारा जिल्ला, पिप्रावर्ता गा.वि.स. वडा नं. ५ हालको ठेगाना- बारा जिल्ला, महागढिमाई ना.पा. वडा नं. ९

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रका

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार १५ फागुन ०८०

■ एचआइडिसिएलको विश्लेषण

साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्न देशभित्रै जुटाउन सकिन्छ ३६ खर्ब

पवन तिमिल्सिना/नयाँ पत्रिका

हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएल)ले २८ हजार पाँच सय मेगावाटको बिजुली उत्पादन गर्ने सरकारी योजना पूरा गर्न चाहिने लगानीमध्ये ३६ खर्ब आन्तरिक स्रोतबाटै जुटाउन सकिने बताएको छ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले एचआइडिसिएलसँगको सहकार्यमा सोमबार आयोजना गरेको नलेज सिरिज कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अर्जुन गौतमले यस्तो जानकारी दिएका हुन्। हाल आगामी १२ वर्षमा साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहितको मार्गचित्र स्वीकृतका लागि मन्त्रिपरिषद्मा छ। त्यो लक्ष्य पूरा गर्न पूर्वाधारसहित ४८ खर्ब ७५ अर्ब आवश्यक पर्ने एचआइडिसिएलको भनाइ छ। उनका अनुसार साढे २८ हजारमा विद्युत् उत्पादनका लागि १७ हजार पाँच सय मेगावाट आयोजनाको वित्तीय व्यवस्थापन गर्नुपर्छ। त्यसमा प्रतिमेगावाट २५ करोडका दरले ४३ खर्ब ७५ अर्ब लगानी चाहिन्छ। यसैगरी, प्रसारण पूर्वाधारमा पाँच खर्ब लगानी आवश्यक छ। त्यसमा स्वदेशमै ३६ खर्ब लगानी जुटाउन सकिने सिइओ गौतमले बताए।

त्यसमा उनले बैंकिङ क्षेत्रबाट ०३५ सम्ममा थप १२ खर्ब लगानी जुटाउन सकिने बताए। अहिले बैंक तथा वित्तीय संस्थाहरूबाट ऊर्जामा तीन खर्ब २२ अर्ब (कुल लगानीको ६.२४ प्रतिशत) ऋण लगानी छ। ०८४ सम्म भने बैंकहरूले ऊर्जामा कुल लगानीको १० प्रतिशतको अनुपातमा लगानी गर्नुपर्ने व्यवस्था छ। बैंकहरूले त्योअनुसार लगानी गर्दा १२ खर्ब जुट्ने उनको दाबी छ।

यस्तै, सरकारबाट १२ वर्षमा १२ खर्ब लगानी गर्न सक्ने पनि उनको भनाइ छ। प्रतिवर्ष एक खर्बको दरमा सरकारले सोबराबरको लगानी गर्न सक्ने उनले बताए। नेपाल विद्युत् प्राधिकरण, नेपाल टेलिकम, सरकारी कोषबाट लगानी जुटाउन सकिने उनको भनाइ छ।

यसैगरी, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, बिमा कम्पनी जस्ता संस्थाहरूबाट सात खर्ब लगानी जुटाउन सकिन्छ। उनीहरूले आफ्नो कुल लगानीको २० प्रतिशतको अनुपातमा ऊर्जामा लगानी गर्दा यतिका रकम जुट्ने उनको दाबी छ।

'अहिले कर्मचारी सञ्चय कोषले ४२ अर्ब, नागरिक लगानी कोषले १० अर्ब र जीवन बिमा कम्पनीहरूले सात अर्ब ऊर्जामा लगानी गरेका छन्। तर, यस्ता संस्थाले १५ खर्ब ३४ अर्ब स्रोत परिचालन गरिरहेका छन्,' उनले भने, 'नौ खर्ब २३ अर्ब बैंकमा मुद्दतीमा जम्मा गरिसकेछन्। उनीहरूले दीर्घकालीन रूपमै लगानी गर्न सक्छन्। तर, अल्पकालीन लगानी गरिरहेका छन्। अब उनीहरूबाट ऊर्जामा लगानी जुटाउनुपर्छ।'

यसैगरी, ऋण उपकरणबाट १२ वर्षमा तीन खर्ब लगानी जुटाउन सकिने पनि उनले बताए। वार्षिक २५ अर्बको दरमा सोबराबरको लगानी जुटाउन सकिने उनले बताए।

साथै, निजी ऊर्जा उत्पादन तथा सर्वसाधारणबाट दुई खर्ब लगानी जुटाउन सकिने कम्पनीको प्रारम्भिक अनुमान छ। कम्पनीले आफैं नेतृत्व तथा सहजीकरण गर्ने सर्तमा आन्तरिक स्रोतका सिइओ अर्जुन गौतम भन्छन्-



जलविद्युत्मा आज लगानी गरेर भोलि नाफा कमाउन सकिँदैन। लामो समय कुर्नुपर्ने हुन्छ। त्यसैले यस्ता क्षेत्रमा सरकारी स्वामित्व (पूर्ण वा अर्ध), नियामकीय सुविधा तथा प्रोत्साहन, लगानीको स्रोत बन्ड र ऋण राम्रो हुन्छ। परियोजनामा ऋण लगानी गर्ने (सेयर लगानी कम), ग्रिन इकोनोमीलाई प्रोमोट गर्ने, ग्रिन क्लाइमेट फन्डमा आबद्ध हुने र सरकारी तथा सार्वजनिक-निजी साझेदारी परियोजनामा लगानी गरेको अभ्यास छ।

■ कहाँबाट जुटाउन सकिन्छ ३६ खर्ब लगानी ?

लगानी जुटाउन सकिने क्षेत्र	सम्भावित स्रोत	अनुमानको आधार
बैंकिङ	१२ खर्ब	कुल लगानीमा १० प्रतिशत ऊर्जामा लगानी गरेमा
सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष र बिमा कम्पनीहरू	७ खर्ब	कुल लगानीमा २० प्रतिशत ऊर्जामा लगानी गरेमा
ऋण उपकरण	३ खर्ब	वार्षिक २५ अर्ब
निजी क्षेत्र र सर्वसाधारण	२ खर्ब	अनुमान
सार्वजनिक कोष (सरकार)	१२ खर्ब	वार्षिक १ खर्ब परिचालन गरेमा

स्रोत : एचआइडिसिएल

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

रूपमा यस्तो अवधारणा बनाइरहेको छ।

सिइओ गौतमले सरकारी लक्ष्य पूरा गर्न ६ वर्षमा स्रोत सुनिश्चित भइसक्नुपर्ने पनि बताए। 'लगानी सुनिश्चित गर्न नै १२ वर्षसम्म कुर्नुहुँदैन। ६ वर्षमै स्रोत सुनिश्चित गरिसक्नुपर्छ,' उनले भने। उनले लगानी जुटाउने मामिलामा सरकारलाई नै प्रमुख स्रोत मान्नुपर्ने बताए। राजस्व, आन्तरिक वा विदेशी ऋणबाट सरकारले लगानी जुटाउनुपर्ने उनले बताए।

जलविद्युत् जोखिम र चुनौतीपूर्ण क्षेत्र भएकाले सरकार नै यसमा अग्रसर हुनुपर्ने उनको भनाइ छ। 'भारतमा पावर फाइनान्स कर्पोरेसन लिमिटेड, बंगलादेशमा इडिसिओएल, आरइसी, भारतको आइआइएफसिएल, अफ्रिकी डिबिएसए र बंगलादेशको आइआइडिएफसी छन्। त्यसमा आइआइडिएफसी भने निजी हो, जसको कार्यसम्पादन राम्रो छैन,' उनले भने, 'यस क्षेत्रमा आज लगानी गरेर भोलि नाफा कमाउन सकिँदैन। लामो समय कुर्नुपर्ने हुन्छ।

त्यसैले यस्ता क्षेत्रमा सरकारी स्वामित्व (पूर्ण वा अर्ध), नियामकीय सुविधा तथा प्रोत्साहन, लगानीको स्रोत बन्ड र ऋण राम्रो हुन्छ। परियोजनामा ऋण लगानी गर्ने (सेयर लगानी कम), ग्रिन इकोनोमीलाई प्रोमोट गर्ने, ग्रिन क्लाइमेट फन्डमा आबद्ध हुने र सरकारी तथा सार्वजनिक-निजी साझेदारी परियोजनामा लगानी गरेको अभ्यास छ।'

दोस्रोमा भने बैंक तथा वित्तीय संस्था रहेको उनले बताए। यसैगरी, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, बिमा कम्पनी, नेपाल पूर्वाधार बैंक (निफ्रा)जस्ता संस्थाबाट लगानी जुटाउन सकिने उनले बताए। लगानी जुटाउन बिमा कम्पनी, बैंकहरूबाट विशेष ऊर्जा बन्ड पनि जारी गर्न सकिने उनले बताए।

परम्परागत लगानी मोडालिटीमा स्टोरेज परियोजनालाई लगानी जुटाउन नसकिने पनि उनले बताए। दीर्घकालीन कोष भएका सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, बिमा कम्पनीबाट यस्ता पूर्वाधारमा लगानी जुटाउनुपर्ने उनले बताए। साथै, भिजिएफ, ब्लेन्डेड फाइनान्स, एनआरएन र बैंक तथा वित्तीय संस्थामार्फत जारी हुने बन्ड हाब्रिड अन्युलिटी मोडल, एपिसिएफ, डिफर्ड पेमेन्ट सिस्टमको प्रयोग गर्न सकिने उनले बताए। त्यस्तै, लगानी कोषले एजेन्सीमार्फत पनि लगानी गर्न सक्ने उनले बताए। सोलार परियोजनामा ग्रिन क्लाइमेट फन्डबाट ऋणसमेत ल्याउन सकिने उनले बताए।

यस्तै, गौतम कम्पनीमार्फत सकेसम्म स्रोत परिचालन गर्न सक्ने दाबी गरे। 'हाइड्रोपावर भनेको राज्यको साझा राष्ट्रिय एजेन्डा बन्नुपर्छ। प्रतिबद्धता पनि आउनुपर्छ,' उनले भने, 'त्यो अवस्थामा स्रोत पर्याप्त नभए पनि सकेसम्म स्रोत परिचालन गर्न सक्छौं भन्ने सन्देश दिन खोजिएको हो।'

खरिद नियमावली १३औँपटक संशोधन

म्याद सकिएका सबै ठेक्कालाई समय थप

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले म्याद सकिएका ठेक्काहरूको म्याद पुनः थप गरिदिने भएको छ। सार्वजनिक खरिद नियमावलीको १३औँ संशोधन गरेर सरकारले म्याद सकिएर बसेका ठेक्काहरूको म्याद थप्न बाटो खुला गरेको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को प्रस्तावमा आइतबारको मन्त्रिपरिषद्ले संशोधित खरिद नियमावली स्वीकृत गरेको छ। निर्माण क्षेत्रमा देखिएको अवस्थालाई लक्षित गर्दै सार्वजनिक खरिद अनुगमनको कार्यालयले म्याद सकिएका ठेक्कालाई मौका दिन सुझाव दिएको थियो। त्यसपछि प्रधानमन्त्री कार्यालयले पनि म्याद थप्दा बढ्ने आर्थिक दायित्वलाई दृष्टिगत गर्दै अर्थ मन्त्रालयसँग सहमति मागेर मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरिएको थियो। स्रोतका अनुसार आर्थिक दायित्व नबढ्ने गरी पुरानै ठेक्का सम्झौता रकममा म्याद थप गरिनेछ।

नेपाल निर्माण व्यवसायी मसहांघको प्रारम्भिक तथ्यांकअनुसार गत असारसम्म चार खर्बबराबरको १८ सय ठेक्काको म्याद सकिएको छ। म्याद सकिएपछि उक्त ठेक्काअन्तर्गतका परियोजनाको काम हुन सकेको छैन। सरकारले सबै ठेक्काको म्याद थप गरिदिने भएपछि काम सुरु हुनेसमेत देखिएको छ।

संशोधित नियमावलीअनुसार म्याद सकिएर बसेका निर्माण कम्पनीहरूले सम्बन्धित कार्यालयमा आवेदन दिनुपर्नेछ। यसअघि काम गर्न नसक्नुको कारण, म्याद थप्नुपर्ने कारण र चाहिने समयसहित निर्माण कम्पनीले आवेदन दिनुपर्नेछ। त्यसपछि सम्बन्धित निकाय तथा कार्यालयले औचित्यका आधारमा आश्यकताअनुसार म्याद थप गर्न सक्ने प्रधानमन्त्री कार्यालयका एक उच्च अधिकारीले बताए। 'अहिले म्याद थपका लागि सीमा तोकिएको छैन। आवश्यकताका आधारमा म्याद थप गर्न मिल्ने गरी नियमावली संशोधन भएको छ,' उनले बताए।

यसअघि सरकारले ०७९ असार २१ गते बाधा अड्काऊ नीतिमार्फत सबै ठेक्काको म्याद ०८० असार मसान्तसम्म थप गर्ने निर्णय गरेको थियो। तर, त्यस अवधिमा निर्माण कम्पनीहरूले काम सम्पन्न गर्ने सकेनन्। अहिले उनीहरूको ठेक्का तोड्नुपर्ने वेलामा सरकारले भने म्याद थप्ने निर्णय गरेको हो।

तर, ठेकेदारले काम नगर्नुको पछाडि जेन्युन कारण भएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका एक उच्च अधिकारले बताए। 'विशेष गरी सरकारले भुक्तानी नदिने, क्रसर बन्द हुनेलगायत कारण पनि निर्माण व्यवसायीहरूले काम गर्न सकेनन्। त्यसमा उनीहरूको दोष थिएन। सरकारको पनि कमजोरी भयो,' उनले भने, 'तसर्थ, यसमा म्याद थप आवश्यक थियो।'

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले सरकारको यो निर्णय स्वागत योग्य भएको बताए। म्याद थप्नका लागि बनाइएको मोडलसमेत वैज्ञानिक भएको उनले बताए।

अब सरकारले काम गर्ने वातावरण पनि बनाउनुपर्ने उनको भनाइ छ। 'पहिलो कुरा त, सरकारले आवश्यक बजेट व्यवस्थापन गर्ने र समयमै भुक्तानी दिनुपर्छ। साथै, जग्गा प्राप्तिलगायत विषयमा सरकारले सहयोग गर्नुपर्छ। सरकारले निर्देशन पालना नगर्ने अधिकारीलाई कारबाहीसमेत गर्ने नीति ल्याउनुपर्छ। समग्रमा काम गर्न सरकारको तर्फदेखि सक्दो समन्वयन हुनुपर्छ,' उनले भने, 'त्यो भयो भने थपिएको म्यादमा काम सम्पन्न गर्छौं। सरकारले यतिका सुविधा दिँदादिँदै पनि काम गर्न सकर्नौं भने ठेक्का तोड्दा हुन्छ।'



नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह भन्छन्-

सरकारको यो निर्णय स्वागतयोग्य छ। म्याद थप्न बनाइएको मोडलसमेत वैज्ञानिक छ। अब सरकारले काम गर्ने वातावरण पनि बनाउनुपर्छ। सरकारले आवश्यक बजेट व्यवस्थापन गर्ने र समयमै भुक्तानी दिनुपर्छ। साथै, जग्गा प्राप्तिलगायत विषयमा सरकारले सहयोग गर्नुपर्छ। सरकारले निर्देशन पालना नगर्ने अधिकारीलाई कारबाहीसमेत गर्ने नीति ल्याउनुपर्छ। समग्रमा काम गर्न सरकारको तर्फदेखि सक्दो समन्वयन हुनुपर्छ। यतिका सुविधा दिँदा पनि काम गर्न सकेनौं भने ठेक्का तोड्दा हुन्छ।

■ पाँच वर्षमा आठपटक म्याद थप

सरकारले पछिल्लो पाँच वर्षमा होलसेलमा आठपटक ठेक्काको म्याद थप गरेको छ। यसअघि ३० वैशाख ०७६ मा सरकारले सबै ठेक्काहरूको म्याद थप गर्ने निर्णय गरेको थियो। त्यसपछि २३ जेठ ०७६, १६ साउन ०७६ र १४ पुस ०७६ मा म्याद थपकै लागि नियमावली संशोधन गरिएको थियो। १५ वैशाख ०७७, ३ चैत ०७८, २१ असार ०७९ मा पनि होलसेलमा म्याद थप गरिएको थियो।

यसरी पटक-पटक म्याद थप्दा पनि निर्माण व्यवसायीहरूले काम सम्पन्न गर्न सकेनन्। त्यो अवस्थामा सरकारसँग ठेक्का तोड्ने पर्याप्त आधार थियो। तर, सरकारले पुनः म्याद थपिदिने निर्णय गरेको छ। यसबीचमा कोराना महामारी, रुस-युक्रेन युद्ध, निर्माण सामग्रीमा भएको अभाव, अस्थायी क्रसर बन्द र भुक्तानीमा भएको ढिलाइले काम गर्न नसकेको व्यवसायीको भनाइ छ। सोही कारण म्याद थप्न आवश्यक पनि रहेको सरकारी अधिकारीहरू बताउँछन्। यसपालि होलसेलमा भने म्याद थप नगरिने प्रधानमन्त्री कार्यालयको भनाइ छ। ठेक्काअनुसार फरक-फरक निर्णय हुन सक्ने स्रोतले बताए।

■ ४० अर्ब भुक्तानी हुने बाटो खुल्यो

म्याद थप्ने निर्णय भएसँगै निर्माण व्यवसायीहरूको झन्डै ४० अर्ब भुक्तानी हुने बाटो पनि खुलेको छ। म्याद सकिएका कारण सम्बन्धित निर्माण कम्पनीहरूले सरकारलाई बिल पेस गर्न पाएका छैनन्। तर, अब म्याद थपिने भएसँगै ४० अर्ब रुपैयाँ हाराहारीमा भुक्तानी आउने बाटो खुलेको महासंघका अध्यक्ष रवि सिंहले बताए। यसबाहेक निर्माण व्यवसायीले बिल स्वीकृत भएकै १० अर्ब भुक्तानी पाउन पनि बाँकी रहेको उनको दाबी छ।

बैंक तथा वित्तीय संस्था फेल हुने अवस्थामा छैनन् : गभर्नर अधिकारी

नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले देशको कुनै पनि बैंक तथा वित्तीय संस्था फेल हुने अवस्थामा नरहेको बताएका छन्। पछिल्लो समय बैंकहरू डुब्न लागेको भन्ने हल्ला फैलिएको सन्दर्भमा उनले केन्द्रीय बैंकबाट अनुमतिप्राप्त बैंक तथा वित्तीय संस्थाहरू डुब्ने अवस्थामा नरहेको स्पष्ट पारेका हुन्।

नेपाल बैंकर्स संघ (एनबिए)ले सोमबार आयोजना गरेको कार्यक्रममा बोल्दै गभर्नर अधिकारीले नेपालको बैंकिङ क्षेत्र आत्तिहाल्नुपर्ने अवस्थामा नरहेको बताएका हुन्। 'कतिपय बैंक फेल हुन थाल्यो, डुब्न थाल्यो भनेर अफवाह माहोल बनाइएको छ, तर त्यस्तो अवस्था छैन,' उनले भने, 'बैंकहरू डुब्ने अवस्थामा छैनन्, त्यस्तो अवस्था आउन हामी दिँदैनौं, राष्ट्र बैंकले रोक्न सक्छ।' यसअघि बैंक तथा वित्तीय संस्था कमजोर हुँदा पनि केन्द्रीय बैंकले जोगाएर बलियो बनाएको भन्दै उनले सर्वसाधारणलाई ढुक्क हुन आग्रह गरे।

अहिले बैंकमा भन्दा पनि सामाजिक परिवेश र माहोलमा समस्या रहेको उनले बताए। उनले आफू गभर्नर भएर आउँदा र अहिलेको तुलनामा बैंकको पोर्टफोलियो बढे पनि नाफा नबढेको बताए। 'म गभर्नर हुँदा बैंकिङ क्षेत्रको पोर्टफोलियो ३२ खर्ब हाराहारीको थियो,



'तथ्यांक नहेरी र बैंकिङ नबुझी बैंकलाई मिटरब्याजी भनियो, देशको आर्थिक अवस्था सबल रहे पनि अनुभव हुन सकेन'

त्यसवेला बैंकले ७० अर्ब नाफा कमाउँथे,' उनले भने, 'अहिले बैंकको पोर्टफोलियो ५० खर्ब भयो। तर, नाफा ७० अर्ब नपुग्ने अवस्था छ। तथ्यांक नहेरी बैंकलाई गाली गरियो।'

■ बैंक डुब्दा चुलोसम्मै प्रभाव पर्छ

गभर्नरले नेपालमा अहिले बैंक तथा वित्तीय संस्था डुब्ने अवस्थामा नरहेको भए पनि डुबेको अवस्थामा भने त्यसको असर सर्वसाधारणको चुलोसम्मै पर्ने बताए। 'कुनै पनि बैंक तथा वित्तीय संस्था डुब्दा देशको अर्थतन्त्र र सर्वसाधारणको चुलोसमेत प्रभावित हुन्छ,' उनले भने। विकसित मुलुकमा बैंक डुब्दा छिट्टै रिकभरी हुने प्रणाली रहेको उनले बताए। नेपालमा भने बैंक नडुब्ने गरी प्रणाली बनाइएको उनको दाबी थियो।

गभर्नर अधिकारीले बैंक तथा वित्तीय संस्थालाई चेतावनीसमेत दिएका छन्। उनले एउटा संस्था बिग्रँदा अरू खुसी भएको भन्दै त्यस्तो प्रवृत्तिले सबैलाई असर गर्ने बताए। 'एउटा संस्था बिग्रँदा खुसी हुने प्रवृत्ति देखियो,' बैंकरलाई उनले भने, 'अरूलाई खाएको बाघले आफूलाई पनि खान्छ, यसमा सचेत हुनुहोला।' अहिले कुनै एक बैंकको पछि लागेर फेलिएर बनाउन खोजेको देखिएको भन्दै उनले भने, 'यो अराजकता हो। एउटा बैंक तथा वित्तीय संस्था बिग्रँदा त्यसको असर ठूलो हुन्छ।'

■ अर्थतन्त्र सबल छ, अनुभव भएन

गभर्नर अधिकारीले अहिले देशको आर्थिक अवस्था सबल रहे पनि अनुभवचाहिँ हुन नसकेको बताए। '१४ महिनाको आयात धान्ने विदेशी मुद्रा सञ्चित छ। बिओपी नाफामा छ। सरकारले खर्च बढाउन सक्ने स्पेस छ, बैंक तथा वित्तीय संस्थाले लगानी गर्न सक्ने ठाउँ छ,' उनले भने, 'तर, माहोल अर्कै छ। भएको वास्तविकता र अनुभव फरक देखिएको छ।' खासगरी निर्माण क्षेत्र सुस्त हुँदा र सहकारीमा समस्या आउँदा त्यसको प्रभाव बैंकिङ क्षेत्रमा पनि देखिएको उनले बताए। 'अहिलेको समस्या रि-पेमेन्ट (कर्जा भुक्तानी)को हो, यसमा चालू पुँजी कर्जा मार्गदर्शन, सहकारीको समस्या तथा निर्माण क्षेत्रको सुस्तता पनि कारण हो,' उनले भने, 'अहिले केही दुःख भए पनि कतिपय नीतिगत व्यवस्थाको राम्रो परिणाम पछि देखिन्छ।'

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एनआईबिएल सहभागिता फण्ड

(नेपाल धितोपत्र बोर्डबाट २०७६/०१/०९ मा योजना संचालन अनुमति प्राप्त)

२०८० माघ मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	२०८० माघ मसान्त रकम (रु.)	२०८० पौष मसान्त रकम (रु.)
	धितोपत्रमा लगानी		
१	सूचीकृत शेयर	१,६४३,३९९,४०४	१,६७३,९८३,७०९
२	बैंक मुद्दती निक्षेप	४०९,०००,०००	४२५,०००,०००
३	ऋणपत्र /बन्ड	१६३,९२६,४१८	१६३,९२६,४१८
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/ बोनस शेयर /अन्य सूचीकृत नभएको	३१८,३१५,४०८	१८१,९२४,९९१
	जम्मा	**२,५३४,६४१,२३०**	**२,४४४,८३५,११८**
	चालु सम्पत्ति		
१	बैंक मौज्दात	६१७,०७८,२१८	४९०,७९८,७०१
२	अन्य सम्पत्ति	१३,२२५,९८५	१११,१३८,२०१
	जम्मा	**६३०,३०४,२०३**	**६०१,९३६,९०२**
	चालु दायित्व		
१	अन्य दायित्व	८९,९३१,९५७	१३,६९६,७५१
	जम्मा	**८४,९३१,९५७**	**१३,६९६,७५१**
	खुद सम्पत्ति (ग्रस)	**३,७५५,७९३,४७६**	**३,७३३,७५५,२६५**
	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	३,५४२,५८४	९,४१७,१८४
	कोष सुपरिवेक्षक शुल्क	२९३,१७९	७७९,३५३
	खुद सम्पत्ति	**३,७७१,१७७,७१३**	**३,७३२,८७८,७३०**
	जम्मा इकाई	२९९,१६८,०९५	२९१,४३४,३१४
	प्रति इकाई खुद मूल्य	**१०.२७**	**१०.३७**

आय व्यय विवरण

क्र.सं.	विवरण	२०८० माघ मसान्त रकम (रु.)	२०८० पौष मसान्त रकम (रु.)
१	प्राप्त भइसकेको आम्दानी	८३,७८०,३९८	६६,५६५,५५८
२	प्राप्त भइनसकेको आम्दानी	(३३,३०८,४४६)	११,९८०,७०५
	जम्मा आम्दानी	**५०,४७२,२५२**	**७८,५४६,२६३**
१	प्रकाशन, सूचिकरण तथा अन्य खर्च	५,३७३,०५५	१,४९१,२५७
२	योजना लेखापरीक्षण शुल्क	६५,३२३	५६,३४५
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	१७,३५६,९२४	१७,३५६,९२४
४	कोष सुपरिवेक्षक शुल्क	१,४३६,४३५	१,४३६,४३५
	जम्मा खर्च	**२४,२३१,७३७**	**२०,३४०,५६१**
	कुल आय/(व्यय)	**२६,२४०,५१५**	**५८,२०५,३०२**

नोटः
- सामुहिक लगानी कोष नियमावली, २०६७ तथा सामुहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्वन गरेको मूल्यांकन नीति वमोजिम योजनाको लगानी मुल्यांकन गरिएकोछ।
- योजनाको २०८० माघ मसान्तसम्मको सूचिकृत तथा सूचीकृत नभएका शेयर, डिबेन्चर तथा मुद्दती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु.२,६४४,९५८,७४६ रहेको छ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

सि.नं.	विवरण	संख्या	मूल्यांकन रकम
	वाणिज्य बैंक समूह		
१	प्रभु बैंक लिमिटेड	१३०,०५०	२०,१४४,७४५
२	कुमारी बैंक लिमिटेड	६२,८८४	९,३६९,७१६
३	सिद्धार्थ बैंक लिमिटेड	६२,६६७	१४,५७०,०७८
४	ग्लोबल आईएमई बैंक लिमिटेड	७६,५७६	१४,८८६,३७४
५	नबिल बैंक लिमिटेड	६६,४३६	३१,६८९,९७२
६	प्राईम कमर्सियल बैंक लिमिटेड	१४०,२४२	२८,३९९,००५
७	माछापुच्छ्रे बैंक लिमिटेड	११५,०१६	२१,११६,९३८
८	एनआईसी एसिया बैंक लिमिटेड	१०६,४६९	४७,९२१,६९७
९	नेपाल बैंक लिमिटेड	८३,४६४	१९,१४६,६४२
१०	एनएमबि बैंक लिमिटेड	१०४,४९९	१९,९५९,३०९
११	एभरेष्ट बैंक लिमिटेड	१५,७९४	८,२९१,८५०
१२	हिमालयन बैंक लिमिटेड	४४,८९२	८,९७३,९११
१३	स्ट्यान्डर्ड चार्टर्ड बैंक लिमिटेड	७४,९४५	४०,०२०,६३०
१४	लक्ष्मी सनराईज बैंक लिमिटेड	६४,६२९	१०,७६०,७२९
१५	कुमारी बैंक लिमिटेड (संस्थापक सेयर)	५०,०००	५,३००,०००
	विकास बैंक समूह		
१	मुक्तिनाथ विकास बैंक लिमिटेड	१०३,५३९	३८,५१६,५०८
२	गरिमा विकास बैंक लिमिटेड	६८,१३८	२६,१६४,९९२
३	महालक्ष्मी विकास बैंक लिमिटेड	६१,६२९	२१,०७७,११८
४	ज्योति विकास बैंक लिमिटेड	७८,९३४	२४,४५३,७५३
५	शाइन रेसुङ्गा डेभलप्मेन्ट बैंक लिमिटेड	४१,२०७	१६,०७०,७३०
६	कामना सेवा विकास बैंक लिमिटेड	११२,६१५	४०,७६६,६३०
७	लुम्बिनी विकास बैंक लिमिटेड	१२८,३०७	५१,४५१,१०७
	फाइनान्स समूह		
१	आइ.सि.एफ.सि फाइनान्स लिमिटेड	५७,१८५	२७,९०६,२८०
२	गुडबिल फाइनान्स लिमिटेड	६२,२८७	२७,७१७,७१५
३	मन्जुश्री फाइनान्स लिमिटेड	७२,५०६	३७,५२१,८५५
४	रिलायन्स फाइनान्स लिमिटेड	१३,०००	४,८३६,०००
५	सेन्ट्रल फाइनान्स कम्पनी लिमिटेड	३२,४३६	११,२२२,८५६
६	पोखरा फाइनान्स लिमिटेड	४,०००	१,४८८,०००
	जलविद्युत समूह		
१	चिलिमे हाईड्रोपावर कम्पनी लिमिटेड	२४८	१२२,६३६
२	सान्जेन जलविद्युत् कम्पनी लिमिटेड	१४,५८४	४,३८९,७८४
३	रसुवागढि हाईड्रोपावर कम्पनी लिमिटेड	३१,६१८	९,६९७,२४१
४	अरुण काबेली पावर लिमिटेड	७०,०५३	१३,८००,४४१
५	माउन्टेन इनर्जी नेपाल लिमिटेड	६५,१३६	४१,४२६,४९६
६	साहस उर्जा लिमिटेड	६५,०८५	३८,०८७,७४२
७	रिडि पावर कम्पनी लिमिटेड	२५,०३५	५,५३२,७३५
८	मिड सोलु हाईड्रोपावर लिमिटेड	८३५	५८५,३३५
९	माथिल्लो मैलुन खोला लिमिटेड	१,६७३	७३५,९५३
१०	भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड	२,३२३	१,३१४,८१८
११	चिरखुवा हाईड्रोपावर कम्पनी लिमिटेड	८२९	४७४,६८५
	जीवन बीमा समूह		
१	लाइफ इन्स्योरेन्स कर्पोरेसन लिमिटेड	२४,९१९	३४,६३७,४१०
२	नेशनल लाईफ इन्स्योरेन्स कं लिमिटेड	४३,३१०	२५,५५२,९००
३	एशियन लाईफ इन्स्योरेन्स कं लिमिटेड	४५,७६५	३१,६६९,३८०
४	सूर्यज्योति लाइफ इन्स्योरेन्स लिमिटेड	५०,८०१	२६,९२४,५३०
५	हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेड	३२,२०८	१३,१०५,४३५
६	आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	८,९९०	४,९६२,४८०
७	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड	४२,२५२	१९,७१४,७८३
८	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१३,१३१	६,१०५,९१५
	निर्जिवन बीमा समूह		
१	नेको इन्स्योरेन्स कम्पनी लिमिटेड	८५,३०९	७०,४९०,८२७
२	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	५,०२१	४,७०४,६७७
३	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	५७,३१९	३४,०४७,४८६
४	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी लिमिटेड	४६,५२१	३४,४२५,५४०
५	आईजिआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	३६,३६४	२०,६१८,३८८
६	प्रभु इन्स्योरेन्स लिमिटेड	७,००१	५,७७५,८२५
७	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	२८,३७४	२२,६१४,०७८
	लघुवित्त समूह		
१	फर्वाड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	२०,१८२	२१,८९७,४७०
२	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	६४,७२३	५५,५७१,१६८
३	डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड	४६,७४८	३६,४१६,६९२
४	साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेड	२,६२०	२,२६३,६८०
५	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	११,५९०	७,६४९,४००
६	एनआईसी एसिया लघुवित्त वित्तीय संस्था लिमिटेड	२६,९४४	१५,७०८,३५२
७	समाज लघुवित्त वित्तीय संस्था लिमिटेड	७७	८६,००९
८	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	६६,७१७	४१,६९८,१२५
९	विजय लघुवित्त वित्तीय संस्था लिमिटेड	८,९३९	५,७३८,८३८
१०	मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड	१६,६८६	९,३४२,४९१
११	ग्रामिण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	२८,१४१	१६,२०९,२१६
१२	नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड	३१,२१५

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/११/१५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय जितपुरबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतिस**) **दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

तपसिल

ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
ऋणी: प्रणाम फर्निचर एण्ड हार्डवेयर सेन्टर प्रा.फ.र.नं. :२६०५.०६९.०७०, दर्ता मिति.: २०६९-१२-३० ठेगाना: पिपरा सिमरा-२, बारा प्यान नं. : ६०१०२६००५ **प्रोपाईटर/जमानीकर्ताको नाम: नविना श्रेष्ठ** बाबुको नाम : तिलक बहादुर ढकाल पतिको नाम: राधेश्याम श्रेष्ठ ससुराको नाम: पुर्ण बहादुर श्रेष्ठ ठेगाना: पिप्रा सिमरा-२, बारा हाल: जितपुर सिमरा-१, बारा ना.प्र.नं.: ३३२०८१/२४१६०, जारी मितिः २०६५/०३/११ जारी गर्ने कार्यालय : जि.प्र.का., बारा **कर्जा शिर्षक : भेहीकल कर्जा** **कर्जा लिएको शाखा : जितपुर शाखा**	**क) नाम : राधेश्याम श्रेष्ठ** बाबुको नाम : पुर्ण बहादुर श्रेष्ठ बाजेको नाम: धन बहादुर श्रेष्ठ ठेगाना: जितपुरसिमरा-१, बारा ना.प्र.नं. : १७/२०२२, जारी मिति : २०५३/१०/१७ जारी गर्ने कार्यालय : जि.प्र.का., बारा **सुरक्षणमा रहेको धितोको विवरण:** श्री सांग्रीला डेभलपमेन्ट बैंकको नाममा दर्ता कायम रहेको निम्न अनुसारको सवारी साधन-१ थान । **सावारी साधन नं.: बाग्मती प्रदेश ०१ ०२६ च ५८६३** कम्पनीको नाम: FCA India Automobile मोडेल: Jeep New Compass Sport 1.4 mair बनेको साल: 2021 सि.सि/हर्ष पावर: 1368 च्यासीस नं.: MCAAJPAH4NFA69887*8M इन्जिन नं.: 2873029 सवारीको रंग: Bright White सवारीको किसिम: निजी

सबैको लघुवित्त वित्तीय संस्था लि.
Sabaiko Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय :
बन्दिपुर-१, डुम्रे, तनहुँ,
फोन: ०६५-५८०४०७
इमेल: info@sabaikolaghubitta.com

सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभावहरु,

मिति २०८० माघ २२ गते बसेको सञ्चालक समितिको १४३ औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान:

मिति : २०८० फागुन १९ गते शनिबार (तदनुसार ०२ मार्च, २०२४)
समय : बिहान ११:०० बजे देखि
स्थान : मर्स्याङ्दी रिभर भ्यू रिसोर्ट, बन्दिपुर-५, तनहुँ ।

नोट: सातौं वार्षिक साधारण सभा सम्बन्धी विस्तृत जानकारी मिति २०८० माघ २४ गते बुधवारको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । साथै यस संस्थाको वेभसाइट www.sabaikolaghubitta.com मा समेत राखिएको व्यहोरा अनुरोध छ ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/११/१५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० फागुन ३० गते बुधबार**का दिन शाखा कार्यालय मलंगवा, सर्लाहीमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण	लिलाम हुने सम्पतिको विवरण
नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा मिति २०७८/१०/१२ मा दर्ता नं. २८२२७६/०७८/०७९ कायम भई महोतरी जिल्ला, भँगाहा न.पा. वडा नं.०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **कारीक बाबा कृषि फर्म ।** **प्रोप्राईटर - संजय कुमार साह**	१. **राम किशोर साह**को नाममा मालपोत कार्यालय, जलेश्वर महोतरीमा दर्ता कायम रहेको महोतरी जिल्ला, मेघनाथगोरहन्ना गा.वि.स. वडा नं. ४क स्थित कित्ता नं. ३९५ र ४०० को क्षे.फ. क्रमशः ०-२-० र ०-२-० (वि.क.धु) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत । २. **संझा देवी**को नाममा मालपोत कार्यालय, वर्दिवास महोतरीमा दर्ता कायम रहेको महोतरी जिल्ला, विजलपुरा गा.वि.स. वडा नं. १ग स्थित कित्ता नं. १२३ र १०० को क्षे.फ. क्रमश ०-१८-० र १-२-८ (वि.क.धु) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **संजय कुमार साह**
ना.प्र.नं.- १८-०१-७२-००६८३,
जारी मिति - २०७२/०२/०३, जि.प्र.का. महोत्तरी
बाबु - राम किशोर साह
बाजे - पुरण साह तेली
स्थायी ठेगाना- महोत्तरी जिल्ला, मेघनाथगोरहन्ना गा.वि.स. वडा नं.०५
हालको ठेगाना- महोत्तरी जिल्ला, भँगाहा न.पा. वडा नं. ०७

२. **अजय कुमार साह**
ना.प्र.नं.- १८-०१-७२-००६८३,
जारी मिति - २०७२/०२/०३, जि.प्र.का. महोत्तरी
बाबु - राम किशोर साह
बाजे - पुरण साह तेली
स्थायी ठेगाना- महोत्तरी जिल्ला, मेघनाथगोरहन्ना गा.वि.स. वडा नं.०५
हालको ठेगाना- महोत्तरी जिल्ला, भँगाहा न.पा. वडा नं. ०७

३. **राम किशोर साह**
ना.प्र.नं.-३३८१३२७४,
जारी मिति -२०४४/११/१२, जि.प्र.का. महोत्तरी
बाबु - पुरण साह तेली
बाजे - रही साह
स्थायी ठेगाना- महोत्तरी जिल्ला, मेघनाथगोरहन्ना गा.वि.स. वडा नं.०५
हालको ठेगाना- महोत्तरी जिल्ला, भँगाहा न.पा. वडा नं. ०७

४. **संझा देवी**
ना.प्र.नं.- ३३८१२६५६,
जारी मिति -२०५५/०२/३१, जि.प्र.का. महोत्तरी
पति - राम किशोर साह
ससुरा- पुरण साह तेली
स्थायी ठेगाना- महोत्तरी जिल्ला, मेघनाथगोरहन्ना गा.वि.स. वडा नं.०५
हालको ठेगाना- महोत्तरी जिल्ला, भँगाहा न.पा. वडा नं. ०७

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० फागुन २९ गते** भित्र बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय मलंगवा, सर्लाहीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० फागुन ३० गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० फागुन ३० गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय मलंगवा, सर्लाही फोन नं.०४६-५२१२०६/२०७

नबिल बैंक लिमिटेड, सिरहा शाखा, सिरहाको, धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८०/११/१५)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना **मिति २०८०/०८/०७ को आर्थीक दैनिक पत्रिकामा प्रकाशित गरिएको**मा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी साबाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **सिरहा शाखा, सिरहा**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

ऋणी फर्म, ऋणी फर्मका प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभागमा, मिति २०७२/१२/२१ मा प्रा.फ.र.नं. ५०५६/०७२/०७३ अन्तर्गत दर्ता भएको **श्री जमुना मल खाध पसल ।**
ठेगाना: सिरहा जिल्ला लहान नगरपालिका वडा नं. १, लहान, सिरहा ।

ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण :

विन्देश्वर यादवकी छोरी, जय नारायण यादवकी बुहारी, परमेश्वर यादवकी श्रीमती, सिरहा जिल्ला नरहा बल्कवा गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल सिरहा जिल्ला नरहा बल्कवा गा.वि.स. वडा नं. ५ बस्ने नागरिकता नं. ०८६९३१६८-६१५१६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सिरहा, मितिः वि.सं. २०६१/०८/२९ भएकी **श्रीमती जमुना देवी यादव ।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

ठकन यादवको नाति, जय नारायण यादवको छोरा, सिरहा जिल्ला नरहा बल्कवा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल सिरहा जिल्ला नरहा बल्कवा गा.वि.स. वडा नं. ५ बस्ने नागरिकता नं. ९००, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सिरहा, मितिः वि.सं. २०५४/११/०८ भएको **श्री परमेश्वर यादव ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :

सिरहा जिल्ला नरहा बल्कवा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल सिरहा जिल्ला नरहा बल्कवा गा.वि.स. वडा नं. ५ बस्ने, **श्री परमेश्वर यादव**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला नरहा गा.वि.स. वडा नं. १ सिट नं. १ मा अवस्थित कि.नं. ३३०९, ३३१३ र ३३०३ क्षेत्रफल क्रमश ५२१.९८, ४५७.१४ र ७६.१९ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** वा **सिरहा शाखा, सिरहा**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/११/२९ गते १:०० बजे भित्र यस बैंकको **सिरहा शाखा, सिरहा**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/११/३० गते १:०० बजे बैंकको **सिरहा शाखा, सिरहा**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ४:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै ब्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **सिरहा शाखा, सिरहा**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

पोखरी बजारमा रावा बैंकको नयाँ शाखा



संखुवासभा/ संखुवासभा चैनपुर नगरपालिका-३ स्थित पोखरी बजारमा राष्ट्रिय वाणिज्य बैंकको नयाँ शाखा स्थापना भएको छ । आइतबार एक कार्यक्रमबीच कार्यक्रमका प्रमुख अतिथि सर्वोच्च अदालतका न्यायाधीश हरिप्रसाद फुँयालले शाखा कार्यालयको उद्घाटन गरे । कार्यक्रमको उद्घाटन गर्दै ग्रामीण क्षेत्रमा वित्तीय साक्षरता बढाउनुपर्नेमा जोड दिए ।

पोखरी बजारमा ६ वर्षदेखि सो बैंकको काउन्टर शाखा थियो । सोही काउन्टर शाखालाई स्तरोन्नति गर्दै शाखा कार्यालय बनाइएको बैंकले जनाएको छ ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले २८७औं शाखाका रूपमा पोखरी बजारमा रावा बैंक शाखा कार्यालयका रूपमा स्थापना गरिएको बताए । सरकारको स्वामित्वमा भएको बैंक भएको हुनाले जनताको पनि बैंक भएको प्रमुख श्रेष्ठको भनाइ थियो ।

'आगामी असारसम्म तीन सय २० शाखा पुऱ्याउने लक्ष्यका साथ अघि बढिरहेका छौं,' उनले भने, 'सरकारको नीति र कार्यक्रम प्राथमिकतामा राखेर काम गर्ने, नाफा कमाउनु पनि एउटा मुनाफाको उद्देश्य हो, तर उद्देश्य नाफा कमाउनु मात्रै पनि होइन । जनताको विश्वास जित्नु पनि हो ।'

कार्यक्रममा रावा बैंक कोशी प्रदेश प्रादेशिक प्रबन्धक दीपकराज न्यौपाने, नेपाली कांग्रेस पार्टीसचिव कुमारबाबु अधिकारी, चैनपुर नगरपालिका प्रमुख कृष्णकुमार तामाङ, उपप्रमुख एलिना श्रेष्ठ, समाजसेवी ज्ञानबहादुर कार्की पूर्वनगरप्रमुख भरतकुमार खत्री, समाजसेवी उमेशकुमार डाँगी, नेपाल चम्बर अफ कमर्स चैनपुरका दीपेन्द्रमान शाक्यलगायत विभिन्न राजनीतिक दलका पार्टी प्रतिनिधि, जनप्रतिनिधिलगायतले कार्यक्रम सफलताको शुभकामना मन्तव्य राखेका थिए ।

बिवाइडीको 'नेपाली अब युरो कपमा' योजना



काठमाडौं/ बिवाइडीले 'नेपाली अब युरो कपमा' योजना ल्याएको छ । नेपालका लागि बिवाइडी अटो इन्डस्ट्रीको आधिकारिक वितरक सिमेक्स इन्क प्रालिले युनियन अफ युरोपियन फुटबल एसोसिएसन (युइएफए युरो-२०२४) को अवसर पारी यो योजना ल्याएको हो । युइएफएको आधिकारिक इ-मोबिलिटी पार्टनर रहेको बिवाइडीले फुटबलप्रेमी ग्राहकलाई जर्मनमा प्रत्यक्ष युइएफएको प्रत्यक्ष खेल हेर्ने मौका दिने बताइएको छ ।

आगामी जुन १४ देखि एक महिनासम्म जर्मनीमा चल्ने खेलमा युइएफए र बिवाइडीबीचको यो सम्झौता महत्त्वपूर्ण भएको कम्पनीले जनाएको छ । यो योजनाअन्तर्गत ११ जना भाग्यशाली विजेताले युइएफए फुटबलको प्रत्यक्ष मनोरञ्जन लिन सक्ने पनि बताइएको छ । यो योजनामार्फत बिवाइडीका ग्राहकले प्रतिष्ठित फुटबल महोत्सवको प्रत्यक्ष अनुभव गर्न अविस्मरणीय अनुभव प्रदान गर्ने लक्ष्य राखेको बिवाइडीको भनाइ छ ।

ज्योति विकास बैंकले दियो सिराहाको विद्यालयलाई डेस्क-बेन्च



काठमाडौं/ ज्योति विकास बैंकले विद्यालयलाई डेस्क-बेन्च प्रदान गरेको छ । सिराहाको गोलबजार, धर्मपुरस्थित श्री आधारभूत विद्यालयलाई २५ थान डेस्क-बेन्च प्रदान गरेको हो । बैंकले विद्यालयमा अध्यनरत विद्यार्थीको सिकाइ वातावरण अभिवृद्धि तथा समग्र शैक्षिक अनुभवमा सुधार ल्याउने उद्देश्यका साथ उक्त सहयोग उपलब्ध गराएको बताएको छ ।

बैंकका गोलबजार शाखा प्रबन्धक भुवन धमलाले गोलबजार नगरपालिकाका मेयर श्यामकुमार श्रेष्ठ, गोलबजार वडा नं १० का वडाध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उपेन्द्र मुखियाको उपस्थितिमा विद्यालयका प्रधानाध्यापक मधुराम महतोलाई उक्त डेस्क-बेन्च हस्तान्तरण गरे ।

मेयर श्रेष्ठले शिक्षामा गुणस्तरीय पूर्वाधारको महत्त्वमा जोड दिँदै सकारात्मक र समृद्ध शैक्षिक वातावरण निर्माणमा बैंकको सहयोग अत्यन्त सराहनीय भएको बताए । साथै, विद्यालयका अध्यक्ष तथा प्रधानाध्यापकले डेस्क-बेन्चहरूको व्यवस्था भएसँगै कतिपय विद्यार्थीलाई भुइँमा बसी अध्ययन गर्नुपर्

बदलियो बजेट...

पृष्ठ १ बाट क्रमशः

बढ्न नदिन निर्धारित समयमा नै सम्पन्न गर्न जोड दिइने उल्लेख छ। हिउँदयाममा हुने ऊर्जा आपूर्तिको कमी पूरा गर्न ठूला तथा जलाशययुक्त आयोजनाहरूको निर्माण प्रारम्भ गरिने भनिएको छ।

विद्युत् सेवाको पहुँच नपुगेको क्षेत्रमा विद्युत् सेवा उपलब्ध गराउन सौर्य ऊर्जा र अन्य नवीकरणीय ऊर्जाको विकासमा जोड दिइने भनिएको छ। अन्तरदेशीय विद्युत् प्रसारणलाइनको निर्माण गरी विद्युत् निर्यातका लागि आवश्यक पूर्वाधार तयार गरिने प्राथमिकतामा उल्लेख छ।

चालू आर्थिक वर्षमा सरकारले जलविद्युत् विकासको कार्यक्रममा आन्तरिक खपतलाई बढावा दिने र पेट्रोलियम पदार्थमाथिको निर्भरता हटाउने भनिएको थियो। तर, यसपालि भने जलविद्युत् क्षेत्रको विस्तार र निर्यातमै बढी केन्द्रित देखिन्छ। त्यति मात्र होइन, ग्रिन हाइड्रोजनको विकास र लगानीको सम्भाव्यता अध्ययन अघि बढाइने भनिएको छ।

नयाँ आयोजना नथप्ने संकेत

सोमबार सार्वजनिक सिद्धान्त र प्राथमिकताअनुसार अर्थमन्त्री डा. महतले आगामी आर्थिक वर्षमा नयाँ आयोजना नथप्ने संकेत दिएका छन्। उनले भएकै आयोजनालाई प्राथमिकीकरण गरेर सम्पन्न गर्नेतर्फ केन्द्रित रहने बताए। 'आर्थिक क्रियाकलापको संरचना र प्रविधिमा आएको परिवर्तनका कारण राजस्व संकलनमा चुनौती थपिएको छ। सार्वजनिक खर्चलाई विवेकशील र मितव्ययी ढंगले राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्न थप सुधारको आवश्यकता छ। विगतमा लिइएको सार्वजनिक ऋणको दायित्व भुक्तानी गर्न बर्सेनि ठूलो रकम छुट्याउनुपर्ने भएको छ। आगामी आर्थिक वर्ष थप एक खर्ब रुपैयाँभन्दा बढी रकम सार्वजनिक ऋणको भुक्तानीमा विनियोजन गर्नुपर्ने अवस्था छ,' उनले भने।

यस्तै, सामाजिक सुरक्षालगायतका क्षेत्रमा दायित्व क्रमशः बढ्दै गएकाले स्रोतमा दबाब बढिरहेको उनको भनाइ छ। रुकुम र जाजरकोटमा आएको भूकम्पपश्चात् खास गरेर अस्थायी आवास तथा पुनर्निर्माणमा ठूलो स्रोतको आवश्यकता रहेको उनले बताए।

स्रोत सहमति दिइएको आयोजना तथा कार्यक्रममा देखिएको न्यून विनियोजनका कारण गत वर्षहरूमा ठेक्काबाट सिर्जित दायित्व भुक्तानी गर्नु चुनौतीपूर्ण बनेको उनको भनाइ छ। 'सरकारको खर्चतर्फ सिर्जित दायित्व भुक्तानी तथा स्रोत सुनिश्चित भएका आयोजनामा आवश्यक बजेट प्रस्ताव नगर्ने प्रवृत्ति, आयोजना तथा कार्यक्रममा देखिएको दोहोरोपना, निर्धारित समयमा आयोजना सम्पन्न नहुने अवस्था, आयोजना कार्यान्वयनमा देखिएका व्यवस्थापकीय कमजोरी र वैदेशिक सहायताका आयोजना व्यवस्थापनमा अपनत्वको कमी हुँदा कार्यान्वयन पक्ष अझै कमजोर देखिएको छ,' अर्थमन्त्री डा. महतले भने। संकलित राजस्वले अनिवार्य दायित्व धान्न कठिन भइरहेको अवस्थामा थप आयोजना तथा कार्यक्रम, संरचना एवं दरबन्दीका लागि बजेट मागले गर्दा खर्च व्यवस्थापन अझै चुनौतीपूर्ण रहेको उनले बताए।

पूर्वसचिव मैनालीले पुरानै आयोजनालाई निरन्तरता दिने विषयमा जोड दिनु अहिलेको अवस्थामा उचित भएको बताए। उनले अहिले सरकारको आम्दानी खस्किएको अवस्थामा नयाँ आयोजना नथप्ने विषय जायज भएको टिप्पणी गरे। 'हाम्रो स्रोतले धान्नै नसक्ने गरी विगतमा बजेट 'इयरमार्क' गरिएको छ। खासगरी बहुवर्षीय आयोजनाको दायित्वले गर्दा अहिले नयाँ कार्यक्रम प्राथमिकतामा राख्न जटिलता छ,' उनले भने।

यस्ता छन् बजेटका सिद्धान्त

सरकारले बजेटको सिद्धान्तमा ऊर्जा, कृषि, पर्यटन तथा सूचना प्रविधिलगायतका आर्थिक वृद्धिमा उच्च योगदान दिन सक्ने क्षेत्रका लागि आवश्यक सार्वजनिक पूर्वाधार निर्माण गर्ने उल्लेख गरेको छ। यसका लागि सरकारी स्रोतको परिचालन गर्ने पनि भनिएको छ। त्यस्तै, निजी क्षेत्रको लगानीलाई सहज वातावरण बनाउने तथा सार्वजनिक खर्चको प्रभावकारिता वृद्धि गर्नेतर्फ बजेट उन्मुख हुने सिद्धान्तमा उल्लेख छ।

आन्तरिक मागमा वृद्धि गर्ने गरी सार्वजनिक खर्च परिचालन गरिने सरकारको प्रतिबद्धता छ। सीमान्तकृत वर्ग र पछाडि परेको क्षेत्रका लागि लक्षित कार्यक्रम सञ्चालन गरी उत्पादन र रोजगारीमा पहुँच पुऱ्याइने सिद्धान्तमा उल्लेख छ।

सार्वजनिक खर्चलाई औचित्यपूर्ण बनाउने गरी थप प्राथमिकीकरण गर्ने भनिएको छ। पूर्वतयारी भएका आयोजनाको मात्र निर्माण कार्य अघि बढाउने र प्राथमिकताप्राप्त आयोजनामा स्रोतको अभाव हुन नदिने उल्लेख छ। सार्वजनिक खर्चलाई गुणात्मक रूपमा बढाउँदै निजी लगानी उत्प्रेरित हुने गरी परिचालन गरिने भनिएको छ। त्यस्तै, वैदेशिक अनुदान तथा सहुलियतपूर्ण ऋणलाई राष्ट्रिय प्राथमिकता र प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गर्ने उल्लेख छ। निजी लगानी संकुचित नहुने गरी सार्वजनिक ऋण परिचालन गरिने भनिएको छ।

सामाजिक क्षेत्रमा लगानी र साधनको पुनर्वितरणका कार्यक्रममा स्रोतको उपलब्धताका आधारमा आवश्यक रकम विनियोजन गरिने सिद्धान्तमा उल्लेख छ। राज्यबाट प्रदान गरिने सबै प्रकारका अनुदान र सुविधामा दोहोरोपना हटाई क्रमशः लक्षित वर्ग केन्द्रित हुने व्यवस्था मिलाउने भनिएको छ। उत्पादन, उत्पादकत्व र आर्थिक वृद्धिमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका स्थापित गर्ने उल्लेख छ। ०८१ वैशाखमा हुने लगानी सम्मेलनमार्फत स्वदेशी तथा विदेशी लगानीकर्तालाई लगानी बढाउन अनुकूल वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, कानुनी तथा संस्थागत सुधार गर्नेसमेत भनिएको छ।

संघ, प्रदेश र स्थानीय तहको खर्च संरचनामा मितव्ययिता, सुशासन र पारदर्शिताको माध्यमबाट खर्चको प्रभावकारिता सुनिश्चित गरिने बजेटको सिद्धान्तमा उल्लेख छ। सरकारले प्रदान गर्ने सबै प्रकारका अनुदान, आयोजना तथा कार्यक्रममा हुने दोहोरोपना हटाउन प्रदेश र स्थानीय तहसँग आवश्यक समन्वय गरिने भनिएको छ।

जलवायु परिवर्तनका सवालहरूलाई क्षेत्रगत नीति र कार्यक्रममा आन्तरिकीकरण गर्ने उल्लेख छ। सिद्धान्तअनुसार सरकारले हरित अर्थतन्त्रको विकास र प्रवर्द्धनका लागि नीतिगत, कानुनी र संस्थागत प्रबन्ध गर्नेछ। जलवायु परिवर्तनबाट नेपालमाथि परेको प्रतिकूल प्रभाव न्यूनीकरण गर्न क्षतिपूर्ति दिने विषयलाई अधिकारको रूपमा स्थापित गर्न अन्तर्राष्ट्रिय मञ्चमा प्रभावकारी ढंगले प्रस्तुत गर्ने सिद्धान्तमा भनिएको छ।

प्राथमिकताहरू

बजेटको प्राथमिकतामा ग्रिन हाइड्रोजनको विकास र लगानीको सम्भाव्यता अध्ययन गर्ने उल्लेख छ। त्यस्तै, कृषि उपजमा आत्मनिर्भरता हासिल गर्न अन्न, फलफूल, तरकारी, दुध, अन्डा र मासुको उत्पादन, भण्डारण, प्रशोधन एवं वितरण प्रणालीमा सुधार गर्ने भनिएको छ।

पोखरा र भैरहवा विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन देखिएका अड्चनहरूलाई हटाउने बताइएको छ। निजगढ विमानस्थलको लगानी ढाँचा टुंगो लगाई निर्माण प्रक्रिया अगाडि बढाइनेसमेत भनिएको छ।

देशमा उद्योग स्थापना र सञ्चालनमा वित्तीय पहुँच सहज बनाउने पनि घोषणा गरिएको छ। निर्माणाधीन अवस्थामा रहेका आयोजनाको संख्या नै अधिक रहेकाले यस्ता अधुरा आयोजनाको निर्माणमा स्रोत सुनिश्चित गरेर मात्र नयाँ आयोजना सुरु गरिने भनिएको छ।

सरकारले क्रिकेटलाई बजेटमै प्राथमिकतामा राखेर लगानी बढाउने घोषणा गरेको छ। 'नेपाली युवाको क्रिकेटलगायतका खेलमा देखिएको बढ्दो अभिरुचिलाई मध्यनजर राखी प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न सरकारले थप लगानी गर्नेछ,' प्राथमिकतामा भनिएको छ।

त्यस्तै, अहिले सरकारी र लघुवित्त वित्तीय संस्थाको समस्या समाधान गर्नका लागि आवश्यक व्यवस्था गर्ने बजेटको प्राथमिकतामा राखिएको छ। विदेशस्थित नेपाली नियोगहरूलाई वैदेशिक लगानी वृद्धि, पर्यटन तथा व्यापार प्रवर्द्धनमा परिचालन गर्ने उल्लेख छ।

दुग्ध...

पृष्ठ १ बाट क्रमशः

छ। 'किसानहरूले महिनौंसम्म दुधको भुक्तानी नपाउनुको कारण के हो ? यसलाई गम्भीरतापूर्वक लिनुस्,' प्रधानमन्त्रीको निर्देशन थियो, 'निजी क्षेत्रबाट किसानहरूलाई भुक्तानी दिनुपर्ने रकमका लागि तत्काल सहजीकरण गर्नुस्।'

दुध बिक्रीको करिब ६ अर्ब रुपैयाँ बक्यौता उठाउन देशभरका किसानले सोमबारबाट आन्दोलन सुरु गरेका छन्। केन्द्रीय दुग्ध सहकारी संघको अगुवाइमा किसानले सोमबार सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएर बक्यौता असुलीका लागि दबाब दिएका थिए। केन्द्रीय दुग्ध सहकारी संघका अध्यक्ष अमर कुँवरले सोमबार मात्र ४० जिल्ला प्रशासन कार्यालयलाई ज्ञापनपत्र बुझाएको बताए। उनले भने, 'भोलि अन्य जिल्लामा पनि बुझाउँछौं, त्यसपछि सडकमा आउने तयारीमा छौं।'

केन्द्रीय दुग्ध सहकारी संघका महासचिव रामप्रसाद आचार्यले दुई हप्ताअघि नै प्रधानमन्त्रीलाई भुक्तानीको समस्याबारे ज्ञापनपत्र बुझाउँदा पनि कृषिमन्त्रीलाई तत्काल निर्देशन दिएकामा अहिलेसम्म कार्यान्वयनमा नगएको बताए। 'हामीले ज्ञापनपत्र बुझाउँदा पनि प्रधानमन्त्रीले कृषिमन्त्रीलाई हाम्रै अगाडि फोन गरेर निर्देशन दिनुभएको थियो, तर अब हाम्रो आन्दोलन रोकिन्न,' उनले भने।

संसद्कै...

पृष्ठ १ बाट क्रमशः

सुरक्षाकर्मीहरू खटिँदै आएका छन्। सिसिक्यामेराको समेत निगरानीमा रहने सो क्षेत्रमा उनीहरूको योजना कसैले चाल पाएनन्।

पूर्वएआइजी राजेन्द्रसिंह भण्डारी संसद् भवनपरिसरभित्र यसरी योजनाबद्ध रूपमा सहजै मान्छेहरू प्रवेश गर्नु गम्भीर भएको बताउँछन्। 'संसद् भवनजस्तो संवेदनशील ठाउँमा यो लापरबाही सामान्य होइन,' उनले भने, 'यो प्रोएक्टिभ पुलिसिङको अभाव हो, प्रविधि र सूचना संयन्त्रमा आधारित भएर सुरक्षा चुनौतीको पूर्वानुमान हुन नसक्दा यस्तो भएको हो। यसले सुरक्षा व्यवस्था उदांगो भएको छ।'

यस्तो संवेदनशील ठाउँमा सुरक्षाको तीन तह बनाएर काम गर्नुपर्ने उनको भनाइ छ। साथै, प्रविधिमाथि निगरानी महत्त्वपूर्ण हुने भण्डारी बताउँछन्। 'अमेरिकाको ह्वाइटहाउसअगाडि पनि प्रहरी बस्दैन, तर कसैको गतिविधि शंकास्पद लाग्नेबित्तिकै उनीहरू चनाखो भइहाल्छन्,' उनी भन्छन्, 'तर, हाम्रोमा डिउटीमा बस्ने प्रहरीहरूसमेत सतर्क र चनाखो देखिएनन्।'

प्रहरी प्रधान कार्यालयले संसद्परिसरको सुरक्षामा खटिने प्रहरी निरीक्षक नेतृत्वका सबै ३२ प्रहरीलाई हटाएको छ। त्यहाँ नेपाल प्रहरी विशेष कार्यदलबाट प्रहरी खटिएका हुन्। कार्यदलमा सुरक्षासम्बन्धी विशेष तालिम गरेका प्रहरी रहन्छन्।

घटनाको अध्ययन गर्न छानबिन समिति गठन

घटनालगत्तै सभामुख देवराज घिमिरे र राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनाले सुरक्षाको विषयमा सरकारको ध्यानाकर्षण गराए। सभामुख घिमिरेले संसद् परिसरमा लघुवित्त ऋणीहरू प्रवेश गरेको विषयमा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ र प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरबाट जानकारी लिँदै सुरक्षा व्यवस्थापनबारे आफू गम्भीर र चिन्तित भएको बताए। जवाफमा गृहमन्त्री श्रेष्ठले सुरक्षा अधिकारीहरूको आकस्मिक बैठक राखेर घटनाको समीक्षा गरी छानबिन प्रक्रिया अगाडि बढाएको जानकारी गराए। प्रहरी महानिरीक्षक कुँवरले पनि घटनालगत्तै तीनसदस्यीय छानबिन समिति गठन गरेको जानकारी दिएको सभामुखका प्रेस सल्लाहकार शेखर अधिकारीले बताए।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी भीम ढकालले घटनाबारे बुझ्न एसएसपी दिनेशराज मैनालीको नेतृत्वमा एसपी नवराज अधिकारी र डिएसपी दिनेश घिमिरे रहेको तीनसदस्यीय छानबिन समिति गठन गरिएको बताए। 'के कसो भएको भन्ने बुझ्नका लागि एउटा समिति गठन गरिएको छ। समितिले बुझेर प्रतिवेदन तयार पारेपछि थप कदम चाल्छौं,' प्रवक्ता ढकालले भने। उनका अनुसार संसद् भवन सुरक्षार्थ खटिएको इन्स्पेक्टरसहितको टोली परिवर्तन गरिएको छ।

सुरक्षा व्यवस्थाप्रति गृहमन्त्री नै असन्तुष्ट

सोमबार संसद्परिसरमा भएको घटनामा गम्भीर चासो



व्यक्त गर्दै उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुरक्षा प्रबन्धप्रति असन्तुष्टि जनाएका छन्। संसद् परिसरमा गम्भीर सुरक्षा लापरबाही भएको भन्दै उनले सुरक्षा प्रमुख तथा प्रमुख जिल्ला अधिकारीसँग यस विषयमा सोधपुछ गरेका छन्।

मन्त्रालयमा गृहसचिव दिनेश भट्टराई, प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुतराज थापा, काठमाडौं उपत्यका प्रहरी प्रमुख एआइजी दीपक थापा, काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतलगायतलाई मन्त्रालयमा उनले स्पष्टीकरण लिएका छन्। सुरक्षाको पूर्वानुमान हुन नसक्दा सो घटना भएको भन्दै तत्काल सुधार गर्न उनले प्रहरी नेतृत्वलाई सचेत गराएका छन्। साथै, यस विषयमा केही दिनभित्रै निर्णय हुने गृह मन्त्रालयका एक उच्च अधिकारीले बताए।

एक उच्च प्रहरी अधिकारी फिल्डमा मनोबल खस्किएका कारण पनि यस्तो घटना भएको बताउँछन्। 'बालकुमारीमा प्रहरीले बल प्रयोग गर्दा कारबाही गरियो,' ती अधिकारी भन्छन्, 'यहाँ पनि आन्दोलनकारीलाई रोक्न बल प्रयोग गर्दा कारबाहीमा परिने मनोवैज्ञानिक डरका कारण प्रहरी रक्षात्मक बन्न पुगेकोजस्तो देखिन्छ।'

विगतमा भएका थिए बम विस्फोटदेखि दर्शकदीर्घाबाट राजालाई गुनासो सुनाउनेसम्मका घटना

आफ्ना माग सम्बोधन गराउन संसद् भवनमा यसअघि पनि थुप्रै घटना भएका छन्। तर, यसरी सुरक्षा घेरा तोडेर अनधिकृत रूपमा प्रवेश गरेको पहिलोपटक भएको संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले बताए।

'जनताले आफ्ना जनप्रतिनिधिसँग प्रणालीभित्र रहेर व्यवस्थित रूपमा भेट्ने, कुरा राख्न पाउने हक नै हो। तर, जानकारी नदिई सुरक्षाको घेरा तोडेर प्रवेश गरेको यो पहिलोपटक हो,' उनले भने। उनका अनुसार प्रतिनिधिसभाको पहिलो कार्यकालमा बैठक चलिरहेका वेला अस्थायी शिक्षकको माग सम्बोधन गर्न भन्दै दर्शकदीर्घाबाट नाराबाजी भएको थियो। तुरुन्तै मर्यादापालकले नियन्त्रणमा लिएर बाहिर पठाएका थिए।

संविधानसभाको समयमा दर्शकभन्दा सांसदहरूबाटै कुर्सी फोड्नेदेखि माइकले हिर्काउनेसम्म उच्छृंखल गतिविधि संसद्भित्र भएका थिए। संसद् सचिवालयका पूर्वमहासचिव सूर्यकिरण गुरुङका अनुसार सिंहदरबारभित्रको पुरानो ग्यालरी संसद् भवनमा राजा वीरेन्द्रको पालामा दर्शकदीर्घाबाट एकजना कराएका थिए। 'सम्बोधन सकिएपछि राजा वीरेन्द्र फर्किने वेला लक्ष्मण खड्का भन्ने व्यक्ति सरकार बागमती फोहोर भयो भनेर कराए,' उनले भने, 'त्यसपछि उनलाई मर्यादापालकले नियन्त्रणमा लिएर बाहिर निकाले, प्रवेश नपाउने सूचीमा उनको नाम राखियो।'

गुरुङले जनप्रतिनिधिलाई भेट्न नपाउने भन्ने नहुने, तर हुलहुज्जत गर्नु संसदीय मर्यादाभित्र नपर्ने बताए। 'यसरी सुरक्षा ब्यारिएर तोडेर आएको यो पहिलो घटना हो, नियोजित ढंगले गरेको देखिन्छ। अहिलेको घटना सुरक्षामा ठूलो कमजोरी हो। यसमा संसद् का पदाधिकारी, सचिवालय र सुरक्षा निकाय सतर्क हुनुपर्छ,' उनले भने।

पूर्वमहासचिव गुरुङको पालामा एकपटक कार्यालय सहयोगी बैठक चलिरहेका वेला सभामुखको कुर्सीको छेउमा पुगेर बोल्न खोजेका थिए। 'सभामुखको कुर्सीको छेउ पुगेर केही बोल्न खोजे, भित्रैको कर्मचारी हो भनेर हामीले रोकेनौं, ख्याल गरेनौं, तर बोल्ने खोजेपछि तत्कालै सभामुखको पछाडि रहेका मर्यादापालकले नियन्त्रणमा लिएर निकाले,' उनले भने, 'पछि केरकार गर्दा अवस्था ठीक लागेन। मेडिकल जाँचमा पठाउँदा मानसिक अवस्था ठीक छैन भनेपछि बिदा गर्यौं।'

गुरुङले पञ्चायतको समयमा संसद् भवनको मुख्य प्रवेशद्वारमा बम विस्फोट भएको र एकजना कर्मचारीको मृत्यु भएको घटना पनि सुनाए। 'संसदीय इतिहासमा यो दुःखद घटना थियो,' उनले भने।

प्रतिवेदन...

पृष्ठ १ बाट क्रमशः

आयोगले भौतिक योजना तथा यातायातमन्त्री प्रकाश ज्वालालाई पनि नैतिक जिम्मेवार देखाएपछि उनको राजीनामा माग भइरहेको छ। सोही सन्दर्भमा मन्त्रिपरिषद्ले समितिका सुझाव अध्ययन गरी कार्यान्वयनका लागि दुई मन्त्रीलाई जिम्मेवारी दिएको हो। प्रतिवेदन कार्यान्वयनका लागि संसद्मा विपक्षीले दबाब बनाइरहेका वेला सरकारले प्रतिवेदन अध्ययनका लागि मन्त्रीहरूलाई जिम्मेवारी दिएको हो।

गत १३ पुसमा ललितपुरको बालकुमारीस्थित इपिएस कोरिया शाखा कार्यालयमा परीक्षा फारम भर्ने विषयलाई लिएर भएको प्रदर्शनमा अछामका वीरेन्द्र शाह र दैलेखका सुजन रावतको मृत्यु भएको थियो। सोही दिन मन्त्री ज्वालालाई आन्दोलनकारीले गाडीबाट निकालेर उनको गाडीमा आगो लगाएका थिए। आन्दोलन भइरहेको सडकमा मन्त्री गएको भन्दै उनको आलोचना भइरहेको छ। पूर्वन्यायाधीश पौडेल नेतृत्वको आयोगले प्रहरीले हचुवाका भरमा गाली चलाएको प्रतिवेदन दिएको छ।

त्यस्तै, सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगको म्याद १५ दिन थप गरेको छ। फागुन मसान्तसम्म आयोगको म्याद थप गरिएको हो। आयोगले प्रतिवेदन लेखनका लागि थप समय माग गरेको हो। गत १५ असोजमा आयोग गठन भएको थियो।

सर्लाही बरहथवामा गत महिना प्रहरी गोलीबाट मृत्यु भएका युवक जयशंकर शाहको परिवारलाई १० लाख राहत उपलब्ध गराउने निर्णय पनि भएको छ। सरकारले भरतपुर महानगरकी मेयर रेनु दाहाललाई इन्टरनेसनल मेयर अवार्ड प्रदान गर्न स्वीकृति दिएको छ। जाजरकोट भूकम्पमा क्षति पुगेका पालिकाहरूलाई विपत् संकटग्रस्त क्षेत्र घोषणा गर्ने तथा सार्वजनिक खरिद नियमावली पनि संशोधनको निर्णय भएको छ।

अस्ताए...

पृष्ठ १ बाट क्रमशः

मन लिएर फर्किनुपर्थ्यो।'

आचार्यले ०४२ मा अधिकारीको 'जीवन भनुँ त घात छ...' गीत गाएका थिए। अधिकारीको बुझाइमा भक्तराज आचार्य अनुभूतिको तहमा उत्रिएर गाउने गायक हुन्। 'गायनमा व्याकरणीय शुद्धताको हिसाबले उहाँजस्तो गायक/गायिका बत्ती बालेर खोज्नुपर्छ। गीत गाउँदा व्याकरणको हिसाबले शुद्ध गाउनुपर्छ भन्ने चेत उहाँसँग सधैं रह्यो। उहाँको आफ्नै पन थियो, त्यसैले उहाँका गीत अमर छन्,' उनले भने।

०३० को दशकको दशकको सुरुवातसँगै आचार्यको सांगीतिक जीवनले मोड लिएको थियो। ०३० मा काठमाडौंमा भएको 'अधिराज्यव्यापी राष्ट्रिय गीत प्रतियोगिता'मा उनले गाएको 'होसियार यसबखत समयको मुखलाई चिन' प्रथम भएको थियो। त्यसपछि उनले स्वर्ण पदक पाएका थिए। प्रतियोगितामा प्रथम भएपछि रेडियो नेपालमा जागिरे पनि भए। अलग स्वर र शैलीको परिचय बनाएका भक्तराजले ०३० देखि ०४६ सम्म साढे चार सय गीत रेकर्ड गरिसकेका थिए। दुई दर्जनबाहेक सबै गीत उनले आफ्नै रचनामा तयार पारेका थिए।

नेपाली संगीत क्षेत्रमा विशिष्ट पहिचान बनाएका भक्तराज आचार्यको समग्र जीवनमा आधारित भएर फिल्म 'आचार्य' बनिसकेको छ। फिल्ममा उनको आरोह-अवरोह, सफलता र दुःखहरू समेटिएको छ। प्रशान्त रसाइलीले निर्देशन गरेको फिल्ममा आचार्यका जेठा छोरा सत्यराजले उनको भूमिका अभिनय गरेका छन्। फिल्ममा अचार्यको भोगाइ र पीडाहरूलाई चित्रण गरिएको छ। आचार्यका जेठा छोरा सत्यराज र कान्छा स्वरूप दुवै गायनमै सक्रिय छन्।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, पोखरा

बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/११/१५

प्रस्तुत विषयमा, यस आयोजना कार्यालय अन्तर्गत चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रममा रहेको सडक निर्माण/स्तरोन्नति कार्यको सूचना नं. LIDPO/PKR/IFB/WORKS/08/080-81 अन्तर्गत विभिन्न योजनाहरुको बोलपत्र आव्हान गरिएको र सो सम्बन्धी सूचना https://bolpatra.gov.np/egp/ मा मिति २०८०/११/१५ गते प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ।

सिद्धार्थ बैंक लिमिटेडको गैह्र बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति २०८०/११/१५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तल उल्लेखित गैह्र बैंकिङ्ग सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्र मार्फत बिक्री गरिने हुँदा सो सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/संस्थाबाट निम्नलिखित शर्तहरुको अधिनमा रही आफूले के कति मूल्य तिरि लिने हो सोही मूल्य खोली यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र पेश गर्नुहुन आव्हान गरिएको छ।

तपसिल

यस बैंकको नाममा दर्ता कायम रहेको गैह्र बैंकिङ्ग सम्पत्तिको विवरण

क्र.सं.	जिल्ला	न.पा/गा.वि.स	वडा नं.	कित्ता नं.	क्षेत्रफल (व.मि.)
१	झापा	अनारमनी	३	७७४	२२४.३०
२	झापा	अनारमनी	७	३१९	३३८.६३
३	झापा	अनारमनी	७	३२४	३३८.६३

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मिति २०८०/११/२९ गते १६:०० बजेभित्र यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/११/३० गते १६:०० बजे यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैक बिदा भएमा बिदाको लगत्तै बैक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैक बिदा भएमा बिदाको लगत्तै बैक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति (खरिद गरि लिन चाहेको आंशिक/सम्पूर्ण सम्पत्तिको विवरण उल्लेख गर्नुपर्ने) के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस बैंकको जुनसुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदातालै बैकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति/संस्था/कम्पनी स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्ति/संस्था/कम्पनीलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौं वा झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ४ स्थित बिर्तामोड शाखामा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
विशेष सम्पत्ति (कर्जा असुली) इकाई
हात्तीसार, काठमाडौं, फोन नं. ०१-५९७०७१९
शाखा कार्यालय : बिर्तामोड, झापा
फोन नं. ०२३-५९०१२७
Website: www.siddharthabank.com

भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. १९८६/०२/२३

स्वर्गारोहण
वि.सं. २०८०/०९/२९

स्व. रामेश्वरी श्रेष्ठ

हाम्रा ममतामयी माता **रामेश्वरी श्रेष्ठको** असामयिक स्वर्गारोहण भएको आज ४५औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुखद् घडिमा हामीलाई समवेदना तथा सहयोग गरि पाल्नुहुने सम्पूर्ण आफन्तजन, ईष्टमित्र, नातेदार, छरछिमेक तथा शुभेच्छुक महानुभावहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

छोरा/बुहारी
डा. राम ध्वज श्रेष्ठ/केइको श्रेष्ठ

नातीनी : आइरी श्रेष्ठ

छोरी/ज्वाई
ई. तारकेश्वरी प्रधान/ई. रविन्द्र मान प्रधान
मिनाकेश्वरी श्रेष्ठ
लव भक्त माथेमा
शोभा रानी जोशी/उपेन्द्र राज जोशी
मधु रानी श्रेष्ठ/शौलेन्द्र बहादुर श्रेष्

६ क्रिकेटरले मासिक एक लाख पाउने

क्यानले ग्रेड 'ए' मा परेका पुरुष खेलाडीको मासिक पारिश्रमिक ४० हजार बढाउँदै एक लाख पुऱ्याएको छ, तर 'ए' ग्रेडकै महिला खेलाडीलाई मासिक ५० हजार मात्रै तोकेको छ। विभेद गरिएको भन्दै क्यानको आलोचना हुँदै छ।

नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले नेपाली क्रिकेटरको नयाँ वर्गीकरण सार्वजनिक गरेको छ। क्यानको १२ र १४ फागुनमा बसेको बोर्ड बैठकले खेलाडीहरूको नयाँ वर्गीकरण गरेको हो। जसअनुसार पुरुषतर्फ ३० जना क्रिकेटरलाई चार श्रेणीमा वर्गीकरण गरिएको छ। यसैगरी, महिलातर्फ १९ खेलाडीलाई पनि वर्गिकरण गरिएको क्यानले जनाएको छ। पुरुषतर्फका ६ खेलाडीले 'ए' ग्रेडमा परेका छन्। उनीहरूले मासिक एक लाख रुपैयाँ पाउने भएका छन्। क्यानले खेलाडीहरूसँगको केन्द्रिय सम्झौताअन्तर्गत पुरुष र महिलामा ए, बी, सी, डी र इमर्जिङ गरी पाँच श्रेणीमा वर्गीकरण गरेको हो।

यसपटकको वर्गीकरणअनुसार 'ए' ग्रेडकाले एक लाख, बी खेलाडीले ७० हजार, सीमा परेका खेलाडीले ५५ हजार, डीमा रहेकाले ३५ हजार र इमर्जिङ वर्गीकरणमा परेका खेलाडीले २५ हजार रुपैयाँ मासिक पाउने क्यानले जनाएको छ। पछिल्लोपटकको तुलनामा 'ए' ग्रेडमा दोहोरो प्रतिशतले मासिक पारिश्रमिक बढाएको छ। क्यानको ११ जेठ, २०७९ को बोर्ड बैठकले त्यसवेला राष्ट्रिय क्रिकेट टोलीका (पुरुष) सेन्ट्रल कन्ट्रयाक्टमा रहेका सम्पूर्ण खेलाडीहरूको मासिक पारिश्रमिक १० हजार रूपैयाले वृद्धि गरिएको छ। पछिल्लोपटकको ग्रेड अनुसार 'ए' खेलाडीले ६० हजार, 'बी' ग्रेडका खेलाडीले ५० हजार र 'सी' ग्रेडका खेलाडीले ४० हजार पाएका थिए।

पुरुषतर्फको 'ए' श्रेणीमा एकदिवसीय र टी-२० का कप्तान रोहितकुमार पौडेल, सोमपाल कामी, करण केसी, दिपेन्द्रसिंह ऐरी, आसिफ शेख र कुशल भुर्तेल रहेका छन्। यसैगरी 'बी' श्रेणीमा कुशल मल्ल, गुलसन झा, भीम सार्की, ललितनारायण राजवंशी, आरिफ शेख, अविनाश बोहरा छन्। 'सी' श्रेणीमा नेपाली राष्ट्रिय टोली 'ए'का कप्तान तथा विकेटकिपर विनोद भण्डारी, अर्जुन साउद, सन्दिप जोरा र प्रतिश जिसीले अव ५५ हजार रूपैयाँ पाउने भएका छन्।

'डी'मा रहेका पवन सराफ, सागर ढकाल, अनिल साह, विवेककुमार यादव, आकाश चन्द, बसिर अहमद, सूर्य तामाङले ३५ हजार प्राप्त गर्ने छन्। क्यानले इमर्जिङ क्याटोगरीमा रहेका युवा खेलाडीहरूलाई पनि समावेश गरेका छन्। जसअनुसार दिपेश कंडेल, रूपेश सिंह, रिजन ढकाल, विपिन खत्री, देव खनाल, अर्जुन घर्ती, हेमन्त धामी रहेका छन्। उनीहरूले क्यानबाट मासिक २५ हजार रूपैयाँ पाउनेछन्।

महिलाको वृद्धि समान भएन

क्यानले महिलातर्फ पनि तलब वृद्धि गरेको छ। तर, पुरुषबराबर महिलातर्फको मासिक तलव वृद्धि भएको छैन। क्यानले 'ए' ग्रेडमा रहेकालाई ५० हजार, 'बी' ग्रेडकालाई ३५ हजार, 'सी' ग्रेडकालाई ३० हजार, 'डी' ग्रेडकालाई



फाइल तस्बिर

२५ हजार र इमर्जिङ क्याटोगरीमा रहेका खेलाडीलाई २० हजार रूपैयाँ मासिक उपलब्ध गराउने निर्णय गरेको छ। 'ए' मा कप्तान इन्दु बर्मा, रुबिना क्षेत्री र सीता रानामगर छन्। 'बी' ग्रेडमा कविता कुँवर मात्रै रहेको क्यानले जनाएको छ। 'सी' ग्रेडमा पुजा महतो, अश्मिना कर्माचार्य छन्। 'डी'मा अप्सरी बेगम, कविता जोशी, संगिता राई, काजोल श्रेष्ठ र विन्दु रावल छन्। यसैगरी इमर्जिङ क्याटेगोरीमा सोनी पाख्रिन, खुसी डंगोल, ज्योत्सनिका मरासिनी, कञ्चन श्रेष्ठ, रुवि पोदार, सृष्टि जैसी, सम्झनाकुमारी खड्का र साना प्रवीन छन्। पछिल्लोपटकको सम्झौता अनुसार क्यानले महिलातर्फको 'ए' ग्रेडका खेलाडीलाई मासिक १२ हजार, बी ग्रेडका खेलाडीलाई १८ हजार र सी ग्रेडका खेलाडीलाई १५ हजार रूपैयाँ प्रदान गरिएको थियो।

चार समितिका संयोजक चयन

क्यानले क्रिकेट गतिविधिलाई चुस्त बनाउन चार समितिको संयोजक मनोनयन गर्ने निर्णय गरेको छ। क्यानको पछिल्लो बोर्ड बैठकले दिवाकर घलेलाई प्रतियोगिता समितिको संयोजकको जिम्मेवारी दिएको छ। क्यानका केन्द्रीय सदस्य घले तीन दशकदेखि क्रिकेटमा सक्रिय छन्। यसैगरी, क्यानले केन्द्रीय सदस्य विक्रम विष्टलाई प्राविधिक समितिको संयोजक बनाएको छ। कैलालीका विष्ट लामो समयदेखि क्रिकेट गतिविधिमा सक्रिय छन्।

पूर्वखेलाडी तथा क्यान केन्द्रीय सदस्य धिरेन्द्र साउदले विकास समितिको संयोजकको जिम्मेवारी पाएका छन्। धीरेन्द्रले सुवास शाहीसँग मिलेर १२ धनगढी क्रिकेट एकेडेमी स्थापना गरेका थिए। महिला क्रिकेट विकास समितिको संयोजकमा दाङका प्रदीप मजगैया बनेका छन्। यसैगरी, क्यानले नेपाली राष्ट्रिय टोलीका पूर्वकप्तान ज्ञानेन्द्र मल्ल र पूर्वखेलाडी कलाम अलीलाई नेपालको 'ए' टोलीको प्रशिक्षकमा नियुक्त गरेको छ। महेशप्रसाद रिजाललाई राष्ट्रिय महिला क्रिकेट टोलीको प्रशिक्षकमा नियुक्त गरेको क्यानले जनाएको छ।

पुरुषतर्फ ग्रेड	
ग्रेड ए (मासिक तलब : एक लाख)	रोहित पौडेल, सोमपाल कामी, दीपेन्द्रसिंह ऐरी, आसिफ शेख, कुशल भुर्तेल
ग्रेड बी (मासिक तलब : ७० हजार)	कुशल मल्ल, गुलसन झा, भीम सार्की, ललितनारायण राजवंशी, अभिनाश बोहोरा
ग्रेड सी (मासिक तलब : ५५ हजार)	विनोद भण्डारी, अर्जुन साउद, सन्दीप जोरा, प्रतीश जिसी
ग्रेड डी (मासिक तलब : ३५ हजार)	पवन सर्राफ, सागर ढकाल, अनिल शाह, विवेककुमार यादव, आकाश चन्द, बसिर अहमद, सूर्य तामाङ
इमर्जिङ क्याटेगोरी (मासिक तलब : २५ हजार)	दीपेश कँडेल, रूपेश सिंह, रिजन ढकाल, विपिन खत्री, देव खनाल, अर्जुन घर्ती, हेमन्त धामी
महिलातर्फ ग्रेडः	
ग्रेड ए (मासिक तलब : ५० हजार)	इन्दु बर्मा, रुबिना क्षेत्री, सीता रानामगर
ग्रेड बी (मासिक तलबः ३५ हजार)	कविता कुँवर
ग्रेड सी (मासिक तलबः ३०)	पूजा महतो, अश्मिना कर्माचार्य
ग्रेड डी (मासिक तलबः २५ हजार)	अप्सरी बेगम, कविता जोशी, संगीता राई, काजोल श्रेष्ठ, विन्दु रावल
इमर्जिङ (मासिक तलब : २० हजार)	सोनी पाख्रिन, खुसी डंगोल, ज्योत्स्नाका मरासिनी, कञ्चन श्रेष्ठ, रुबि पोदार, सृष्टि जैसी, सम्झना खड्का, सना प्रवीन

खेल संक्षेप

एनभिए राष्ट्रिय भलिबल चैतमा

काठमाडौं/ नेपाल भलिबल संघको आयोजनामा आठौं आरबिबी र एनभिए राष्ट्रिय पुरुष तथा महिला भलिबल प्रतियोगिता ३ चैतमा हुने भएको छ। पुरुषमा १२ तथा महिलामा ९ टिमको सहभागिता रहने सोमबार आयोजित पत्रकार सम्मेलनमा नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दले जानकारी गराए। टिम दर्ताको अन्तिम मिति २५ फागुनसम्म रहेको आयोजकले जनाएको छ। विजेताले पाँच लाख, उपविजेताले दुई लाख ५० हजार र तेस्रो हुनेले एक लाख २५ हजार रुपैयाँ पाउनेछन्। सर्वोत्कृष्ट पुरुष र महिला खेलाडीलाई जनही ४० हजार रुपैयाँ हात पार्नेछन्। विधागत ६ उत्कृष्ट खेलाडीलाई जनही १५ हजार रुपैयाँ पाउनेछन्। प्रतियोगिताबाट एनभिए लिगका लागि पुरुषमा आठ र महिलामा ६ टिमको छनोट गरिने अध्यक्ष चन्दले जानकारी दिए।

राहुल एक्लैको १४ गोल

काठमाडौं/ आयोजक पिस प्वाइन्ट 'ए' छैटौं पिस प्वाइन्ट कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगितामा सोमबार सेमिफाइनलमा प्रवेश गरेको छ। सानो गौचरण मैदानमा पिस प्वाइन्टले प्रस्फुटनलाई २४-१ को विशालअन्तरले पराजित गऱ्यो। पिस प्वाइन्टको जितमा 'म्यान अफ दी म्याच' राहुल लामाले एक्लैले १४ गोल गरे। मनकामना र एकलब्य पनि आ-आफ्नो खेल जित्दै अन्तिम चारमा पुगेका छन्। मनकामनाले एनसिसीएसलाई ९-० को फराकिलो अन्तरले हरायो। एकलव्यले साम्भवीमाथि ४-० को जित दर्ता गऱ्यो। सेमिफाइनलमा एकलव्यको भेट गेटवे एकेडेमीसँग हुनेछ।

गण्डकी अन्तिम चारमा

कास्की/ अमरसिंह मावि, प्रतिभा मावि, गण्डकी बोर्डिङ स्कुल र मदरल्यान्ड मावि पोखरामा चलिरहेको एक्सपर्ट पोखरा कप विद्यालयस्तरीय क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्। मंगलबार हुने पहिलो सेमिफानइलमा मदरल्यान्डले प्रतिभाको सामना गर्नेछ। दोस्रो सेमिफाइलन गण्डकी र अमरसिंहबीच हुने आयोजकले जनाएको छ।

सोमबार भएको पहिलो खेलमा प्रतिभाले कुमुदिनी होम्सलाई ९ विकेटले हराएको थियो। दोस्रो खेलमा अमरसिंहले नेपाल भारतमैत्री विद्यालयलाई ६८ रनले निराश पार्दै अन्तिम चारमा स्थान पक्का गरेको थियो।

स्वस्तिश्री गुरुकुलको जित

काठमाडौं/ आयोजक स्वस्तिश्री गुरुकुलले तेस्रो एसजी अन्तरविद्यालय फुटसल प्रतियोगितामा सजित निकालेको छ। स्वस्तिश्रीले ग्लोक्सी पब्लिकलाई ५-० ले पराजित गऱ्यो। प्रतियोगिताको राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तान हरिब खड्काले कार्यक्रमको उद्घाटन गरे। १६ फागुनसम्म सञ्चालन हुने प्रतियोगितामा उपत्यकाभरका १५ विद्यालयका २८ टोलीले भाग लिनेछन्। सहभागीहरूले यू-१२, यू-१४ र यू-१६ गरी उमेरसमूहमा प्रतिस्पर्धा गरिरहेका छन्।

राष्ट्रिय पुरुष दौड हुने

मकवानपुर/ हेटौंडामा पहिलोपटक खुला राष्ट्रिय पुरुष हेटौंडा दौड प्रतियोगिता हुने भएको छ। प्रतियोगिता हेटौंडा उपमहानगरपालिकाअन्तर्गत नगर खेलकुद विकास समितिले गर्न लागेको हो। १८ फागुनमा हुने प्रतियोगिता यसअघिका वर्षमा जिल्ला प्रतियोगिताको रूपमा रहेको थियो। यसपटक धेरै खेलाडीको सहभागिता गराउने उद्देश्यले राष्ट्रियस्तरमा आयोजना गर्न लागिएको आयोजक समितिका अध्यक्ष रवीन्द्र घिमिरेले जानकारी दिए। पहिलोले ६० हजार, उपविजेताले ५० हजार र तेस्रो स्थानमा रहने खेलाडीले ४० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्।

काष्ठमण्डप र नामीलाई उपाधि



काठमाडौं/ आयोजक काष्ठमण्डप र नामीले सातौं काष्ठमण्डप अन्तर ए लेभल श्री बाई श्री बास्केटबल प्रतियोगिताको उपाधि सोमबार जितेका छन्। काष्ठमण्डप पुरुष तथा नामी महिलामा च्याम्पियन बनेका हुन्। मण्डिखाटारस्थित घरेलु कोर्टमा भएको पुरुषतर्फको फाइनलमा काष्ठमण्डपले ओरियन्टलाई १३-९ ले पराजित गऱ्यो। काष्ठमण्डपका अन्सुल गोपालीले ११ स्कोर र चिराग हमालले २ स्कोर गरेका थिए। महिलातर्फको उपाधि भिडन्तमा नामीले बुढानीलकण्ठलाई २२-१ ले सहजै हरायो। नामीका गुरुत्सो लामाले ११ स्कोर र छिरिङ शेर्पाले ८ स्कोर गरेका थिए।

प्रतियोगिताको पुरुषमा काष्ठमण्डपका अन्सुल तथा महिलामा नामीकी गुरुत्सो 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। विजेतालाई नेपाल बास्केटबल संघका महासचिव नरेन्द्र थापा र काष्ठमण्डपकी संस्थापक निर्देशक एवं प्रिन्सिपल डा. शिवा थापाले पुरस्कृत गरे।

मुख्यमन्त्री राष्ट्रिय भलिबलको सम्पूर्ण तयारी पूरा

संखुवासभामा **नवीन गुरुङ**

संखुवासभाको सदरमुकाम खाँदबारीमा मुख्यमन्त्री कप राष्ट्रिय पुरुष भलिबल प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको छ। खाँदबारीस्थित रंगशालामा आयोजना हुने प्रतियोगिताको सम्पूर्ण तयारी भएको जिल्ला भलिबल संघ संखुवासभाका अध्यक्ष मेदिनी घिमिरेले जानकारी दिएका छन्। प्रतियोतिगाअघि झाँकी ज्यालीसहित प्रस्तुति हुनेछ। जसमा विभिन्न जातजातिको झाँकी र नृत्यसमेत प्रदर्शन गरिने उनले बताए।

राष्ट्रियस्तरको पुरुष भलिबल प्रतियोगिताले आन्तरिक तथा बाह्य पर्यटकको आगमनले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास अध्यक्ष घिमिरेलाई छ। दैनिक करिब तीनदेखि पाँच हजारसम्म दर्शक अटाउने अस्थायी प्यारापिट निर्माण गरिएको उनले बताए। प्रतियोगितामा आर्मी, एपिएफ र पुलिसँगै सात प्रदेशका टोलीले भाग लिनेछन्। प्रतियोगिता सञ्चालन गर्न करिब ४६ लाख रुपैयाँ खर्च हुने अनुमान छ। जसमा कोशी प्रदेशबाट २० लाख र बाँकी २६ लाख रुपैयाँ संकलन हुने क्रममा रहेको घिमिरेको भनाइ छ। प्रतियोगितामा खर्चको अभाव नहुने उनले बताए। प्रतियोगितका विजेताले तीन लाख रुपैयाँ र उपविजेताले एक लाख ५० हजार रुपैयाँ पाप्त गर्नेछन्। यसैगरी, तेस्रो स्थानमा रहने टोलीले ५० हजार रुपैयाँ र चौथो हुनेले ३० हजार रुपैयाँ पाउनेछन्। उत्कृष्ट पाँच विधामा रहेकाले जनही ५० हजार प्राप्त गर्नेछन्। सर्वोत्कृष्ट खेलाडीले २५ हजार रुपैयाँ पाउनेछन्।



भलिबल खेल सञ्चालन गर्न तयारी अवस्थामा रहेको खाँदबारी रंगशाला

घरेलु मैदानमा भारतलाई लगातार १७औं टेस्ट सिरिज

राँची/ भारतले घरेलु भूमिमा लगातार १७ टेस्ट सिरिज जितेको छ। भारतले सोमबार पाहुना टोली इंग्ल्यान्डलाई चौथो टेस्टमा पाँच विकेटले हराउँदै सिरिजमाथि ३-१ को अग्रता लिएको छ। भारतले एक टेस्ट बाँकी रहँदै टेस्टमाथि कब्जा जमाएको हो। भारतले पछिल्लो १२ वर्षमा घरेलु मैदानमा १७ टेस्ट जित्ने रेकर्डसमेत राखेको छ। अस्ट्रेलियाले घरेलु भूमिमा १२ टेस्ट सिरिज जितको रेकर्ड राखेको छ। भारतले सन् २०१२ मा घरेलु मैदानमा इंग्ल्यान्डसँगै २-१ ले टेस्ट सिरिज गुमाएको थियो।

सन् २०१२ पछि इंग्ल्यान्डको यो तेस्रो भारत भ्रमण हो जसमा इंग्ल्यान्डले तीनपटककै अवसरमा टेस्ट सिरिज गुमाएको छ। सन् २०१६/०१७ मा भारतले इंग्ल्यान्डमाथि ३-० को जित निकालेको थियो। सन् २०२०/०२१ को सिरिजमा भारतले इंग्ल्यान्डलाई ३-१ को अन्तरले हरायो। अहिले भारत र इंग्ल्यान्डबीच पाँच टेस्टको शृंखला भइरहेको छ। जसमा भारतले ३-१ को अग्रता लिएको हो।

भारतले घरेलु मैदानमा लगातार १७ टेस्ट सिरिज जित्दा अस्ट्रेलियालाई तीनपटक हराएको छ। वेस्ट इन्डिज, दक्षिण अफ्रिका, न्युजिल्यान्ड, बंगलादेश र श्रीलंकाविरुद्ध समान दुई टेस्ट सिरिज भारतले जितेको छ। घरेलु मैदानमा अफगानिस्ताविरुद्धको एक मात्र टेस्ट भारतले आफ्नो पक्षमा राखेको छ।



भारत र इंग्ल्यान्डबीच अहिलेसम्म १ सय ३५ टेस्ट भएका छन्। जसमा भारतले ३४ खेलमा जित निकालेको छ। इंग्ल्यान्डले भारतलाई ५१ टेस्टमा हराएको अवस्था छ। यी दुई राष्ट्रबीच ५० टेस्ट ड्र भएको थियो। इंग्ल्यान्डपछि भारतले अस्ट्रेलियालाई ३२ टेस्टमा पराजित गरेको छ।

१९२ रनको लक्ष्य

इंग्ल्यान्डले चौथो टेस्टमा भारतलाई १९२ रनको झिनो लक्ष्य दिएको थियो। भारतले ६१ ओभरमा पाँच विकेटको क्षतिमा १९२ रन बनाएको थियो। भारतको जितमा कप्तान रोहित शर्माले ५५ रन र सुभमन गिलले ५२ रनको योगदान दिएका थिए। रोहितले ८१ बलमा पाँच चौका र एक छक्का प्रहार गरे। गिलले १२४ बलमा दुई छक्का प्रहार गरे। भारतका लागि रविचन्द्रन आश्विनले दोस्रो इनिङ्समा ५१ रन चर्चे पाँच विकेट लिए। उनले पहिलो निङ्समा इंग्ल्यान्डविरुद्ध एक मात्र विकेट ात पारे। चौथो टेस्टमा भारतका ध्रव जुरेल म्यान अफ दी म्याच भए। उनले पहिलो इनिङ्समा ९० रन र दोस्रो इनिङ्समा ३९ रन जोडे।

विवादमा एन्फा साधारणसभा

कार्यसमितिका १३ सदस्य, बी डिभिजनका पदाधिकारीसँगै जिल्ला संघका प्रतिनिधिहरूले साधारणसभा बहिष्कार गरे

रमेश सुवेदी/नयाँ पत्रिका

वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्कासहित कार्यसमिति १३ सदस्य तथा सहिद स्मारक 'बी' डिभिजन लिगसहित अधिकांश सदस्यले बहिष्कार गरेको नियमित साधारणसभामा अखिल नेपाल फुटबल संघ (एन्फा)ले ६ निर्णय गरेको छ। शंखमूलमा सोमबार भएको साधारण सभामा कार्यसमितिको निर्णयविना दुई एजेन्डा थपेको भन्दै कार्यसमितिका बहुमत १३ सदस्यले असन्तुष्टि जनाएका थिए। उनीहरूले थप गरेको एजेन्डा हटाउन आग्रह गरेका थिए। तर, संस्थापन पक्ष पूर्ववत् निर्णयबाट पछाडि नहट्दा बन्द सत्र नै दुई घन्टासम्म पनि सुरु भएन। त्यसछि एन्फा अध्यक्ष पंकव नेम्वाङले वरिष्ठ उपाध्यक्षसहित १३ सदस्यको अनुपस्थितिमै रोलक्रमअनुसार साधारणसभा अगाडि बढाए। असन्तुष्ट पक्षले लेखापरीक्षण प्रतिवेदन पास गर्ने, आर्थिक नियमावली र कार्यविधि पास गर्ने एजेन्डालाई विरोध गरेका थिए।

२१ सदस्यीय रहेको एन्फा कार्यसमितिका उपाध्यक्ष दावा लामा बैठकमा सहभागी भएनन्। उनी लागुऔषध कारोबारमा दोषी ठहरिएपछि फरार छन्। एन्फाका पूर्वअध्यक्ष कर्माछिरिङ शेर्पाले संस्थापन पक्षले आफूखुसी निर्णय नगर्न र समस्याको समाधान खोज्न आग्रह गरेका छन्। कार्यसमितिबाट निर्णय नै नभएको एजेन्डामा समावेश गरेपछि उनी पनि रोलक्रममा सहभागी नभईकनै बाहिरिएका थिए। 'कार्यसमिति बैठक चार-पाँच दिन चल्दा जम्मा चार निर्णय भए, तर साधारणसभामा ६ एजेन्डा समावेश गरेको छ, बहुमत सदस्यले साधारणसभा बहिष्कार गरेका छन्,' शेर्पाले भने, 'अहिले कागज मिलाउने कि फुटबल मिलाउने भन्ने पक्ष हो। उहाँहरूसँग कुनै जवाफ छैन।'

सधारणसभामा बी डिभिजन लिगका प्रतिनिधिसमेत सहभागी भएका थिएनन्। शेर्पाले साधारणसभा छाडेपछि बी डिभिजन क्लब र जिल्ला सदस्यले



हल छाडेका थिए। शेर्पाले वर्तमान एन्फामा ठूलो भ्रष्टाचार भइरहेको आरोप लगाएका छन्। 'आर्थिक घोटाला ब्यापक भएको छ। शून्य समयमा छलफल गर्नै भन्दा जबर्जस्ती रोलक्रम भयो। साधारणसभा वर्षमा एकपटक गर्ने हो,' आरोप लगाउँदै उनले भने, 'फुटबल गर्न कन्ट्रोरोल फन्डिङको कुरा गरेर टारिन्छ। तर, प्रत्येक महिना साधारणसभा गर्न खर्च तयार छ। करोडौं खर्च भ्रष्टाचार भएको छ।'


उनले शीर्ष डिभिजनको र जिल्ला लिगसमेत एन्फाले गर्न नसकेको आरोप लगाए। एन्फा प्रवक्ता सुरेश शाहले ७७ मध्ये ७४ सदस्य साधारणसभामा सहभागी भएको दाबी गरेका छन्। एन्फाको भोटिङ राइट एक सय पाँचजना मात्र हो। प्रवक्ता शाहले कार्यसमितिबाट निर्णय भएको एजेन्डा नै साधारणसभामा प्रस्तुत गरेको दाबी गरे। 'पदाधिकारी साथीहरू किन आउनुभएन थाहा छैन। तर, उहाँहरू आएर बजेट समीक्षा गर्नुपर्थ्यो,' उनले भने, 'नयाँ योजना अनुमोदन गर्ने एजेन्डा थियो। यो कार्यसमितिबाट प्रक्रिया नै छलफल भएर आइसकेको हो।' कार्यसमिति सदस्य अनिल मल्लले साधारणसभा विधानवपरीत रहेको र आगामी कार्यसमितिमा यही विषय उठ्ने बताए। यसअघि राष्ट्रिय खेलकुद परिषद् (राखेप) सदस्यसचिव टंकलाल घिसिङले साधारणसभाको उद्घाटन गरेका थिए। उनले फुटबल विकासको विषयमा एन्फामा बहस हुनुपर्ने बताए।

क्यालेन्डरमा ए डिभिजन नै समेटिएन

एन्फाले वर्षभरिको क्यालेन्डर सार्वजनिक गरेपछि ए डिभिजन लिग नै समेटिएको छैन। यस अर्थमा यस वर्ष 'ए' डिभिजन लिग एन्फाले नगर्ने भएको छ। गत वर्ष सहिद स्मारक ए डिभिजन लिग आयोजना भए पनि बी र सी डिभिजन लिग हुन सकेन। एन्फाले रेलिगेसनमा परेको एपिएफ र श्री स्टारबीच चर्केको विवाद मिलाउन सकेको छैन। एन्फाले लिग ०८१ सालको पुसमा हुने घोषणा गरेको छ। एन्फाले सार्वजनिक गरेको कार्यक्रममा घरेलु प्रतियोगिताभन्दा पनि एएफसी र फिफा तथा साफले आयोजना गर्ने प्रतियोगिता समावेश छन्। यसैबीच, एनफाले ०८१ को बजेटका आधारमा ६७ करोड ६६ लाख ६० रुपैयाँ पुऱ्याएको छ।

■ एन्फामा ठूलो भ्रष्टाचार भएको छ

कर्मा छिरिङ शेर्पा, पूर्वअध्यक्ष एन्फा



कार्यसमितिको बैठक चार-पाँच दिनसम्म लम्बिँदा केवल चार निर्णय भएका छन्। तर, साधारणसभामा ६ एजेन्डा ल्याइएको छ। कार्यसमितिका बहुमत सदस्यले साधारणसभा बहिष्कार गरेका छन्। साधारणसभा सर्वोच्च संस्था हो तर, कुनै जवाफ छैन। आर्थिक घोटाला व्यापक भएको छ। शून्य समयमा छलफल गर्नौं भन्दा जबर्जस्ती रोलक्रम भयो। साधारणसभा वर्षमा एकपटक गर्ने हो। तर, प्रत्येक साधारणसभा आयोजना गर्न खर्च तयार छ। फुटबल परिवार नै मिलेको छैन भने फुटबल कसरी चल्छ।

■ एजेन्डा कार्यसमितिबाट पास भएको हो

सुरेश शाह, प्रवक्ता, एन्फा



उहाँहरू साधारणसभामा किन आउनुभएन भने थाहा छैन। बजेट समीक्षा गर्ने र नयाँ योजना अनुमोदन गर्ने एजेन्डा थियो। यो कार्यसमितिबाट प्रक्रिया नै छलफल भएर आइसकेको हो। त्यो विषय नै नआउने हो भने साधारणसभाको औचित्य नै रहेन। बजेट नै नआउने कार्यक्रम नै पास नभए अगाडि कसरी बढ्ने ? प्रक्रियागत नै आएको हो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com